प्रकाशनबारे जानकारी :

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६५ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथामिकतामा राखिने छ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिने छ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिने छ । पारिश्रमिकका लागि लेखकहरूको बैंक खाता नम्बर र स्थायी लेखा नं. अनिर्वाय यस प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखाको इमेल ठेगानामा पठाउन हुँन सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख - जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइट : www. nepalpolice.gov.np र nepol.cd मा राखिदै आएको हुँदा सम्पूर्ण महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिएको छ ।

- प्रहरी द्वैमासिक

सम्पर्क

प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं

फोन नं. : ०१ ४४१०६६३, ४४११२१०, एक्सटेन्सन : १३४

ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com

वेबसाइट : www.nepalpolice.gov.np

ISSN 2661-6123

प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ वर्ष ६५, अंक ४ कार्तिक-मंसिर २०८०

जाजरकोट र रूकुम पश्चिममा भूकम्प पीडितहरूको उद्धार गर्दै नेपाल प्रहरी ।

आफूभन्दा राष्ट्र माथि

नेपाल प्रहरी तपाईंहरूको साथी ।

- नेपाल प्रहरी ।

प्रहरी

मे.अ.द.न. ६४/१५८

द्वैमासिक प्रकाशन वर्ष : ६५ अंक : ४ २०८० कात्तिक-मंसिर

प्रमुख सल्लाहकार
प्र.ना.म.नि कुवेर कडायत

सल्लाहकार
प्र.व.उ. दान बहादुर कार्की

प्रधान सम्पादक
प्र.ना.उ.चन्चला श्रेष्ठ

सम्पादक
प्र.व.ना.नि.सरस्वती बुढाथोकी

आवरण
प्र.नि. कल्पना अधिकारी

कम्प्युटर
प्र.व.ना.नि. संगीता कार्की

सहयोगी

प्र.ज. अभिन गुरूङ

प्रकाशक

नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।

सम्पादकीय . .

नेपाल प्रहरीमा पुनर्मिलन संस्कृति

प्रहरी संगठनका लागि राष्ट्र र आम नागरिक सबैभन्दा माथि हुन्छन् । राज्यको शान्ति सुरक्षा कायम गर्ने र अपराध नियन्त्रण तथा अनुसन्धान गर्ने अग्रणी संगठन नेपाल प्रहरीले समाजमा पुऱ्याएको योगदान, अहोरात्र प्रदान गरेको सुरक्षा, मातृभूमिको लागि अर्पण गरेको बलिदान निश्चय नै अतुलनीय छ । यसको प्रमुख हिस्सेदार अग्रज पूर्व प्रहरी कर्मचारीहरू पनि हुन् । उनीहरूले आफ्नो सेवाकालमा गरेको उत्कृष्ट काम, चुनौतीको सामना, राष्ट्रसेवा र कर्तव्यबोधको महत्त्वले पनि यसलाई पुष्टि गर्दछ ।

नेपाल प्रहरीको संस्थागत विकासको श्रेय निःसन्देह पूर्व प्रहरी कर्मचारीलाई जान्छ, जसले हरेक कालखण्डमा परिवर्तन, विपत्ति र विषम परिस्थिति जस्ता ठूला-ठूला चुनौतीको सामना गरे । ज्यानको बाजी लगाएर चुनौतीको सामना गरी संगठनको साख गिर्न दिएनन् । सेवाकालका कठिन घडीमा निर्भिक व्यावसायिक प्रदर्शन गर्दै समर्पणभाव र अदम्य साहस देखाए । सत्य सेवा सुरक्षणम्को मूल मन्त्रलाई सदैव आत्मसाथ गरे । देश र नागरिकको साथै विदेशमासमेत खटिएर सेवा सुरक्षामा प्रतिबद्ध रहँदै आफ्नो जीवनको सबैभन्दा उर्जावान् समय संगठनकै खाँतिर व्यतित गरे । संगठनको गरिमा बचाउन गौरवपूर्ण काम गरे । राष्ट्र सेवामा लाग्न मार्गनिर्देश गरिरहे । भूमिका फरक होला तर यो क्रम अवकाश प्राप्त पछि पनि कायम रहने गरेको छ । राष्ट्रका यस्ता गहनालाई राष्ट्र र प्रहरी संगठन दुवैले बिर्सनु हुँदैन ।

अवकाश प्राप्त प्रहरी कर्मचारीहरूको यही विशिष्ट परिचय र योगदानलाई प्रहरी संगठनले सदैव स्मरण गर्ने गर्दछ । यसैको प्रतीकको रूपमा प्रत्येक वर्ष प्रहरी दिवसका अवसरमा पुनर्मिलन कार्यक्रम आयोजना गर्ने गरिएको छ । प्रहरी ऐन, २०१२ जारी भई नेपाल प्रहरीले वैधानिकता प्राप्त गरेको वि.सं. २०१२ असोज मसान्तको दिनलाई आधार मानेर वि.सं. २०५२ सालदेखि प्रहरी दिवस मनाउन शुरूवात गरिएपछि पुनर्मिलन कार्यक्रम पनि हुँदै आएको छ । यस वर्ष पनि सदाझैं प्रहरी दिवसका अवसरमा आयोजित पुनर्मिलन कार्यक्रम उदाहरणीय रह्यो । प्रहरी महानिरीक्षकज्यूलगायत वहालवाला वरिष्ठ प्रहरी अधिकृतहरू र पूर्व वरिष्ठ प्रहरी अधिकृतहरू प्रत्यक्ष भेटघाट गरी शुभकामना आदान प्रदान गरियो । पुराना पुस्ताका अग्रजहरू र नयाँ पुस्ताका प्रहरी अधिकृतबीच प्रहरी संगठनलाई अझ बलियो र सशक्त बनाउन आ-आफ्नो ठाउँबाट रचनात्मक सहयोग गर्ने प्रतिबद्धता व्यक्त भए । आपसी सम्बन्धलाई अझ प्रगाढ र ताजा बनाउन पनि पुनर्मिलन आवश्यक छ भन्ने धारणा राख्नुभयो । पूर्व प्रहरीद्वारा आ-आफ्नो कार्यकालमा भएका अथक प्रयासहरूको सम्मान गर्ने र यस्ता प्रयासलाई आगामी पुस्ताले निडरताकासाथ निरन्तरता दिई अगाडि बढ्ने विचार सहितको प्रतिबद्धता जनाइयो ।

यस प्रकारको भेटघाट पुनर्मिलन मात्रै होइन इतिहास हस्तान्तरण पनि हो । माया साटासाट गर्ने अवसर पनि हो । त्यसैले यस कार्यक्रमलाई विद्यमान भन्दा बढी महत्त्व र समय दिएर आफ्ना कुरा राख्न उद्घाटन सत्र, अपेक्षा तथा सहयोग आदान प्रदानबारे आपसी छलफल, सम्मान र मनोरञ्जनात्मक कार्यक्रम सहितको यादगर तथा उपलब्धिमूलक पुनर्मिलन हुनुपर्ने पूर्व प्रहरी कर्मचारीहरूले अपेक्षा राखेको पाइन्छ ।

समग्रमा भन्दा अग्रजहरूकै कामको मूल्याङ्कनको आधारमा प्रहरी शब्द नागरिक सेवा, सुरक्षा र भरोसाको पर्याय बनेको छ । उहाँहरूको सीप र योगदान सदैव काम लाग्ने कुरा हुन् र त्यो उत्तरदायित्व अवकाशपछि पनि रहिरहन्छ । गौरवमय इतिहास र अस्तित्व कायम राख्न त्यो क्षमता, अनुभव, हौसला र उर्जा सदैव आवश्यक पर्छ । त्यसैले संगठनको श्रीवृद्धिका लागि बहालवाला र अवकाशप्राप्त प्रहरी कर्मचारीहरूबीच आपसी सहयोग, समन्वय र सहकार्य कायम राख्न एकताबद्ध भएर लाग्ने प्रतिबद्धता गरिएबाट पुनर्मिलन कार्यक्रम औचित्यपूर्ण कार्यक्रममा विकशित भएको देखिन्छ । कार्यक्रम औपचारिकता पूरा गर्नका लागि मात्र नभई प्रहरी संगठनलाई थप बलियो, सशक्त र नागरिकमैत्री बनाउनका लागि अर्जुनदृष्टि हुनुपर्छ र पुनर्मिलन संस्कृतिको रूपमा विकशित हुनुपर्छ भन्ने हाम्रो धारणा छ ।

विषयसूची

व्यावसायिक सामग्री

♦ बहुविवाह सम्बन्धी अपराध ✍सह-न्यायाधिवक्ता सोमकान्ता भण्डारी १
♦ ट्राफिक व्यवस्थापनमा देखिएका समस्या...✍ प्र नि जनार्दन घिमिरे ५०
♦ लैङ्गिक हिंसा विरुद्धको अभियानमा नेपाल.....✍ प्र व ना नि सरस्वती बुढाथोकी ८७

साहित्य / विविध

♦ परमात्मा-प्राप्तिको उपाय ✍ पूर्व प्र ना म नि ई महेशसिंह कठायत ५
♦ झगडा ✍ स्वीन्द्र तिमसेना ८
♦ चित्र चुलाचुलीको ! ✍ युवराज नयाँघरे ९
♦ गुन्यूचोलो ✍ मधुसुदन प्रसाद घिमिरे १७
♦ घाइते प्रहरी ✍ पूर्व प्र व उ विक्रम गुरुङ १८
♦ नेपालमा वन विनाशका कारण-समस्या.....✍ गम्भीर बहादुर हाडा २१
♦ कर्णालीका तिरे तिर पचाल झरना अल्ला छिर ! ✍ प्र ना उ जयश्वर रिमाल ३०
♦ माछा ढडिने समान ✍ यशु श्रेष्ठ ३५
♦ सन्तुलित जीवन सफलताको आधार ✍ अधिवक्ता प्रेमराज सिलवाल ३७
♦ मुस्ताङको सौन्दर्यः छेमा ताल ✍ प्र ना उ भोजराज पाण्डेय ४१
♦ विकृति ✍ ममता मृदुल ४४
♦ "बसाइँसराइ र विदेशिने कुरा नै समाजको.....✍ प्रल्हाद दाहाल ४५
♦ गहना ✍ घन बहादुर थापा ४८
♦ सिस्नोको उपयोगिता ✍ देवकी के. सीं ५४
♦ पतेरो ✍ बिन्दु अधिकारी ढकाल ५६
♦ क्यान्सर रोगको प्रादुर्भाव र नेपाल ✍ त्रिचन्द्र प्रतिक्षा ६१
♦ अस्पष्ट प्रेम ✍ डा गितु गैरे ६४
♦ प्रतिकार ✍ गंगा खड्का ६७
♦ रङ्गीन फोटो आविष्कार गर्ने वैज्ञानिक ✍ राजेशमान के. सी ६८
♦ छल ✍ गङ्गा कर्मचार्य पौडेल ७०

♦ पुरुष प्रधान समाजमा बद्दो महिला.....	✍ सुदर्शन अधिकारी	७७
♦ घुम्दै फिर्दै लोमान्थाङ	✍ लीलाराज दाहाल	८२
♦ भाइटीकाको सम्झना	✍ प्र स नि अम्बिका के. सी	९१
♦ लोमन्थाङ वि सं २१३१	✍ डा दामोदर पुडासैनी 'किशोर'	९३
♦ ॐ कै चर्चा	✍ अच्युत प्रसाद पौडेल 'चिन्तन'	१०१
♦ समृद्धिको आशा	✍ प्रियंका सिलवाल	१०५
♦ आजकलको विवाह	✍ उर्मिला पन्त पाण्डेय	१०९

गीत / कविता/ गजल

♦ खोली बगर	✍ ललिता 'दोषी'	४
♦ गजल	✍ शशिश्री आचार्य	१६
♦ मेरो देश मेरो गौरव	✍ यम रेग्मी	२०
♦ प्रहरीका परिवारको सन्देश!	✍ प्रेमा भुषाल	२९
♦ गजल	✍ प्र स ह टीकाराम ढुलाल	३४
♦ गजल	✍ मस्त पुन मगर	४७
♦ आकाङ्क्षा	✍ मुक्तिनाथ पोखरेल	४९
♦ झुसिल्किराहरू!!	✍ लक्ष्मी पोखरेल	५५
♦ गीत	✍ एच के. थितालु	६०
♦ मृत्यु उत्सवः नियती...	✍ सानुराजा श्रेष्ठ 'अन्जान'	८१
♦ मरेर जाने जिन्दगी	✍ दिपकराज विश्वकर्मा	९०
♦ मान्छेको महिमा	✍ डा बम बहादुर थापा 'जितालि'	१०८

स्थायी स्तम्भ

♦ इतिहासको पानाबाट		११०
♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारी	संकलन : प्र व ना नि संगिता कार्की	१११
♦ रसबस	संकलन : प्र स नि शरणजंग भण्डारी	१११
♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू	संकलन : प्र नि सुरेश कुमार हायु	११२

प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

बहुविवाह सम्बन्धी अपराध

✍ सह-न्यायाधिवक्ता
सोमकान्ता भण्डारी [०]

१. पृष्ठभूमि

सामान्य अर्थमा विवाह भनेको उमेर पुगेका दुई व्यक्ति बीचको सहमतिमा हुने औपचारिक र बाध्यात्मक साझेदारी हो । कुनै पुरूष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिन्छ ।[१] विवाह पश्चात् पुरूष र महिला बीच सहमतिमा हुने यौन सम्बन्धलाई समाजले अनुमति दिन्छ । त्यो सम्बन्धबाट जन्मेका सन्तानलाई वैधता दिन्छ । विवाहलाई विश्वव्यापी रूपमा सम्मानित र मूल्यवान सामाजिक संस्थाको रूपमा स्वीकार गरिएको पाइन्छ । आफूले रोजेको व्यक्तिसँग वैवाहिक सम्बन्ध कायम गरी जीवन जिउने अधिकार मानव अधिकारको विषयवस्तु हो । तर एक भन्दा बढी व्यक्तिसँग एकैपटक वैवाहिक सम्बन्ध कायम गर्दा अर्को व्यक्तिको हक अधिकारमा असर पर्ने हुँदा बहुविवाहलाई व्यक्ति विरूद्धको क्रियाकलाप मानी कानूनी दायरामा ल्याई सजाय गर्ने प्रचलन बढ्दै गएको छ । बहुविवाह व्यक्ति विरूद्धको अपराध हो । प्राचीन समयमा बहुविवाहलाई अपराधको रूपमा नलिए पनि पछिल्ला समयमा सबै मुलुकले यसलाई एक अपराधको रूपमा ग्रहण गरी सजायको व्यवस्था गरेको पाइन्छ । महिला र पुरूष बीच हुने वैवाहिक सम्बन्ध नै विवाह हो । यस्तो सम्बन्ध धेरै जनासँग हुनु नै बहुविवाह हो । एकै समयमा कुनै व्यक्तिको एक भन्दा बढी पति वा पत्नी हुनु नै बहुविवाह हो । पति वा पत्नीले आफ्नो पति वा पत्नी जीवित छँदै विवाह गरी अर्को पति वा पत्नी राखेमा बहुविवाह गरेको मानिन्छ । विवाह गर्न पाउनु आफैमा व्यक्तिको स्वतन्त्रताको विषय हो ।

---

[०] एल्एल्.एम. (फौजदारी कानून), सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौँ।

१. मुलुकी देवानी संहिता, २०७४ को दफा ६७ ।

२. बहुविवाहको अर्थ

सामान्यतयाः पुरूष र महिला बीचमा यौन सम्पर्क स्थापित भई लोग्ने स्वास्नी सरह बस्नु नै नेपाल कानून अनुसार विवाह हो ।[२] विवाह योग्य पुरूष र महिलाको सँगै बसी जीवनयापन गर्ने दुई बीचको सम्झौता हो ।[३] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ र अन्य लिखतहरूले पनि विवाहलाई इच्छापूर्वक गर्न पाउने अधिकारको रूपमा व्यवस्था गरेको छ ।[४] त्यस्तै सबै प्रकारको जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५,[५] महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९[६] ले विवाह गर्ने तथा स्वतन्त्र रूपले बरबधु छान्न पाउने अधिकारलाई सुनिश्चित गरेको छ ।

३. मुलुकी अपराध संहिता, २०७४ मा बहुविवाह सम्बन्धी कानूनी व्यवस्था

फौजदारी कानूनलाई आधुनिकीकरण र व्यवस्थित बनाउन संहिताबद्ध रूपमा लामो प्रयास स्वरूप मुलुकी अपराध संहिता, २०७४ मा विवाह सम्बन्धी कसूर उल्लेख गर्दै दफा १७५ मा देहायको कानूनी व्यवस्था गरिएको छ ।

बहुविवाह गर्न नहुने :

(१) विवाहित पुरूषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्नु हुँदैन ।

(२) कुनै पुरूष विवाहित हो भन्ने जानीजानी त्यस्तो पुरूषसँग कुनै महिलाले विवाह गर्नु हुँदैन ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पति पत्नीले कानून बमोजिम अंशवण्डा गरी भिन्न भएमा पुरूष वा महिलाले पुनः विवाह गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद र दश हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिबाना हुनेछ ।

(५) उपदफा (१) बमोजिमको विवाह

---

२. फौजदारी कानूनको समीक्षात्मक विवेचना, प्रा. माधवप्रसाद आचार्य समेत, प्रथम संस्करण, २०६३ भाद्र, पृष्ठ ५८९

३. फौजदारी कसूर सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक अपराध संहिता, २०६७, दफावार व्याख्यात्मक टिप्पणी, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, २०७०, पृ. २४५ ।

४. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६, धारा २३ ।

५. सबै प्रकारको जातीय भेदभाव उन्मुलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५, धारा ५ ।

६. महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९, धारा १६ ।

स्वतः बदर हुनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन लागू हुनुअघि तत्काल प्रचलित कानून बमोजिम भएको विवाहको हकमा यस दफामा लेखिएको कुनै कुराले असर पारेको मानिने छैन ।

बहुविवाह गरेको कसूरमा सो वारदात गरेको कुरा थाहा पाएको मितिले तीन महिना भित्र उजुरी गर्नु पर्ने कानूनी व्यवस्था दफा १७६ मा गरिएको छ । यस संहिताले गरिएको व्यवस्था अनुसार कुनै पनि विवाहित पुरूषले निजको वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गरेमा बहुविवाहको कसूर मानेको छ । विवाहित पुरूषले आफ्नो वैवाहिक सम्बन्ध विवाह कायम रहेसम्म अर्को विवाह गर्न नपाइने व्यवस्था गरेको छ । तर महिलाले बुहविवाह गरे पनि सबै अवस्थामा निजले आपराधिक दायित्व बहन गर्नुपर्ने बाध्यात्मक व्यवस्था छैन । यदि निजले विवाह गरेको पुरूष विवाहित हो भन्ने जानीजानी (With Knowledge) विवाह गरेमा मात्र कसूर कायम गरी निजलाई सजाय गरिने उल्लेख छ । तर त्यस्तो जानकारी नभएको अवस्थामा बहुविवाह गरे पनि महिलालाई सजाय हुने छैन । यहाँ पुरूष कसुरदार ठहरिन निजको पहिलो विवाह कायम रहेको हुनुपर्ने र निजले अर्को विवाह गरेको तत्त्व आवश्यक पर्छ भने महिला कसूरदार हुन निजले विवाह गर्दा पुरूष विवाहित हो र निजको विवाह कायम छ भन्ने जान्दाजान्दै त्यस्तो पुरूषसँग विवाह गरेको अवस्था आवश्यक पर्दछ । तर पति पत्नी बीच अंशवण्डा भएको अवस्थामा पुरूषले अर्को विवाह गर्न पाउँदछ ।

यस संहितामा गरिएको व्यवस्था अनुसार बहुविवाह गर्नका लागि निश्चित शर्त तोकिएको छ । जसमा पति पत्नीले कानून बमोजिम अंश बण्डा गरी भिन्न भएमा भन्ने उल्लेख छ । यस व्यवस्था अनुसार बहुविवाहको कार्य निरपेक्ष रूपमा फौजदारी कसूर हुने नभई कानून विपरीत गरिएको अवस्थामा मात्र कसूर हुने व्यवस्था गरिएको पाइन्छ । तर यदि कानून विपरीत बहुविवाह गरेमा त्यस्तो विवाह नै बदर हुने कानूनी व्यवस्था गरेको छ । यसले विवाह पश्चात् श्रीमतीका रूपमा आउने महिला र निजबाट जन्मिएका सन्तानको कानूनी हैसियत, सम्पत्तिमा हिस्सेदार र सम्बन्धमा समेत असर पार्ने देखिन्छ । हाम्रो समाजको अवस्थामा यस कानूनको प्रयोगले पक्कै नै जटिलता निम्ताउनेछ ।

४.निष्कर्ष

विवाह आवश्यक विषय हो । आफूले रोजेको व्यक्तिसँग विवाह गर्न

पाउने अवस्था व्यक्तिको स्वतन्त्रतासँग जोडिएको छ । साथै मानव अधिकारसँग समेत सम्बन्धित छ । तर रोजेको व्यक्तिसँग विवाह गर्न पाउने अधिकारलाई जति पनि र जोसुकैसँग पनि विवाह गर्न पाउने भन्ने बुझ्न हुँदैन । प्राचीन समयमा बहुविवाहलाई कसूरको रूपमा नलिए पनि हाल विश्वका धेरै मुलुकहरूले निषेधित अवस्थाको बहुविवाहलाई कसूर कायम गरी सजाय गर्ने कानूनी व्यवस्था गरेको पाइन्छ । नेपालमा बहुविवाहलाई अधिकारको रूपमा लिई एक भन्दा बढी विवाह गर्ने प्रचलन रहेकोमा पछिल्ला समयमा कानूनले कसूर कायम गरेसँगै यसप्रतिको दृष्टिकोणमा परिवर्तन आएको छ । पछिल्ला समयमा बहुविवाह सम्बन्धी कसूरको तथ्याङ्क वृद्धि हुँदै गएको देखिन्छ । यसबाट यस प्रकृतिको कसूर बढेको आँकलन गर्न सकिन्छ । साथै पछिल्लो समयमा यसप्रति बढेको जागरूकता र बहुविवाहलाई हेर्ने दृष्टिकोणले यस सम्बन्धी अपराधलाई कानूनी दायरामा ल्याउने मात्रा बढेको हुन सक्ने अनुमान गर्न सकिन्छ । मुलुकी अपराध संहिताले कानून विपरीत बहुविवाह गरेमा त्यस्तो विवाह स्वतः बदर हुने कानूनी व्यवस्था गरेको छ । यस्तो कानूनी व्यवस्थाले बहुविवाह सम्बन्धी कसूर नियन्त्रणमा आउने नभई बहुविवाह प्रकृतिको कार्य गर्ने तर सो गरेको अस्विकार गर्ने अवस्था सिर्जना हुने देखिन्छ । ♦♦♦

गीत

खोली बगर

✍ **ललिता 'दोषी'**

खोली बगर जस्तै भयो
आज मेरो जिन्दगानी
थिए मिठा-मिठा सपना
रूझिरहन्यो सिरानी
खोली बगर जस्तै भयो...
सजाएथें मनभरि
मुटुभरि तिमीलाई
नपत्याए सोध प्रिया
आकाशको त्यो जूनलाई
खोली बगर जस्तै भयो....
छायाजस्तै हुन्थ्यौ तिमी
सधैं नै वरिपरि
विश्वास नै छैन मलाई
गयौ तिमी झरी
खोली बगर जस्तै भयो....
पल्टिरहोस् खुसीमा नै
जिन्दगीका हर पाना
नपोखिउन् मेरा जस्तै
तिम्रा ती चाहना ।
खोली बगर जस्तै भयो.....

परमात्मा प्राप्तिको उपाय

✍ पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

जुन कर्म गर्दा नाशवान पदार्थको प्राप्ति हुन्छ, त्यही कर्म निष्काम भावपूर्वक एकमात्र परमात्मा तत्त्वको प्राप्तिको उद्देश्य राखेर लोकको हितार्थ गर्नाले नित्यसिद्ध परमात्मा तत्त्वको अनुभूतिमा हेतु बन सक्दछ। गीताको ३-२० श्लोकमा भनिएको छ, 'कर्महरूद्वारा नै जनकादि कर्मयोगीहरूलाई परमात्म प्राप्तिरूप सिद्धि मिलेको थियो ।' साथै गीताको ६-३ श्लोकमा भनिएको छ, 'योगमा आसक्त हुनको लागि कर्म गर्न आवश्यक छ।' यी सबै तथ्यहरूबाट यो अर्थ निकल्दछ कि परमात्मा तत्त्वको प्राप्ति कर्मबाट हुन्छ । यो पार्वती, मनुशतरूपा आदिलाई पनि तपरूप कर्मबाट भगवत्प्राप्ति भएको थियो । यो कुरा पनि आउने गर्दछ कि जप, ध्यान, सत्संग, स्वाध्याय, अवण, मनन् आदि साधनहरूबाट तत्त्वको साक्षात्कार भइ हाल्दछ। यसको विपरीत यस्तो कुरा पनि आउदछ, तप आदि कर्महरूबाट भागवत्प्राप्ति हुँदैन (गीता -११-५३) । परमात्मा कुनै कर्मको फल होइन आदि इत्यादि । यी दुवै कुराहरूमा सामंजस्य कसरी हुन्छ ?

यसको समाधान वास्तवमा परमात्माको प्राप्ति कुनै कर्मबाट हुँदैन । त्यो कुनै कर्मको फल होइन। परमात्मा प्रत्येक देश, काल वस्तु, व्यक्ति, घटना परिस्थिति आदिमा सदा-सर्वदा विद्यमान् हुनुहुन्छ । उहाँ सदा-सर्वदा सबैलाई प्राप्त हुनुहुन्छ र सबै प्राणीहरू सदासर्वदा उहाँमा नै स्थित छन् । परमात्मासँग कोही पनि मानिस कहिले अलग थिएनन् हुन पनि सक्दैनन्, अलग छँदा पनि छैनन् र हुन् पनि सक्दैनन् । परन्तु जड प्रकृतिको कार्य शरीर, इन्द्रियहरू मन बुद्धि, पदार्थ आदिबाट अहंता-ममतापूर्वक आफ्नो सम्बन्ध मानिरहनाले मनुष्य परमात्मासँग विमुख भइहाल्छ र जो वास्तवमा आफ्नो हो, उहाँ परमात्माको आफ्नो नमानेर जो आफ्नो हुँदै होइन, त्यस नाशवान पदार्थलाई आफ्नो मान्न थाल्दछ । अतः जड पदार्थहरूको साथमा जीव हुने जो रागयुक्त सम्बन्ध छ, त्यसलाई मेटाउनमा नै सम्पूर्ण साधनहरूको

सार्थकता हो । जड्तासँग सर्वथा सम्बन्ध-विच्छेद हुने बित्तिकै नित्य प्राप्त परमात्माको अनुभव भइहाल्दछ। अतः तप आदि साधना गर्दा गर्दा जब जड्तासँग सम्बन्ध-विच्छेद भइहाल्दछ, तब सुगमतासँग परमात्मा प्राप्ति भइहाल्दछ। त्यही सम्बन्ध-विच्छेद तब ज्यादै सुगमतासँग भइहाल्दछ, जब निष्काम भावबाट केवल लोकहितको लागि कर्म गरिन्छ।

परमात्मा कुनै साधनबाट किन्न अर्थात् खरिद गर्न सकिदैन। किनकि प्रकृतिको सम्पूर्ण पदार्थ एक साथ मिलाएर पनि परमात्मासँग कति पनि समानता हुन सक्दैन। अर्को कुरा, मूल्य दिएर जो वस्तु मिल्दछ, त्यो त्यस मूल्य भन्दा कमजोर (कम मूल्यवाला) नै हुन्छ। यदि कर्महरूद्वारा परमात्मा मिल्यो भने त्यो कर्महरूबाट कमजोर नै सिद्ध हुन्छ । यहाँ एउटा मार्मिक कुरा उल्लेख गर्न जरूरी हुन्छ। प्रायः साधक जुन शरीर, इन्द्रियहरू, मन, बुद्धि आदिबाट साधना गर्दछन् । उनीहरूको सम्बन्ध, महत्त्व र आश्रय राख्दै साधना गर्दछन् जबतक यी शरीरादिबाट अलिकति पनि सम्बन्ध हुन्छ, तबतक जडतासँग सम्बन्ध बनिरहन्छ । जडतासँग सम्बन्ध राखेसम्म परमात्मा तत्त्वको अनुभव हुँदैन परमात्मा तत्त्वको प्राप्ति जडताद्वारा हुन सक्दैन, प्रत्यक्ष जडताको त्यागबाट हुन्छ ।

जुन जातिको संसार छ त्यसै जातिको यो शरीर, इन्द्रियहरू, मन, बुद्धि आदि छन्। अतः उनीहरूलाई संसारको नै मानेर संसारकै सेवामा लगाई दिनु (जो कर्मयोग हो)। परन्तु यी शरीरादिसँग कति पनि सम्बन्ध नमान्नु, यिनीहरूलाई महत्त्व नदिनु यिनको आश्रय नराख्नु किनकि असत्सँग सम्बन्ध राखेर असत्को सर्वथा निवृत्ति हुन सक्दैन । असत्सँग सम्बन्ध बिच्छेद गर्नको लागि निष्कामभावबाट गरिएका सब कर्म (साधना) सहायक हुन्छन् । असत्सँग सर्वथा सम्बन्ध बिच्छेद हुने बित्तिकै परमात्मासँग जुन विमुखता भइरहेको थियो, त्यो मेटिन्छ र नित्य प्राप्त परमात्मा तत्त्वको अनुभूति भइहाल्दछ।

"शान्तिमाप्नोति नैष्टिकिम्" यो कुरा अनुभव सिद्ध हो कि सांसारिक पदार्थहरूको कामना र ममताको त्यागबाट शान्ति मिल्दछ । सुषुप्तिमा जब संसारको विस्मृति भइहाल्दछ तब उसमा पनि शान्तिको अनुभव हुन्छ । यदी जाग्रत्मा पनि संसारको सम्बन्ध-विच्छेद (कामना-ममताको त्याग) भयो भने यसको विषयमा भन्नु नै के छ र ? यस्तै निद आउनु, कुनै काम पूरा हुनु, छोरीको विवाह हुनु आदि कुराहरूबाट पनि शान्ति मिल्दछ । यसको तात्पर्य हो कि सांसारिक कामना, ममता र आशक्तिको त्याग गर्ने बित्तिकै शान्ति प्राप्त हुन्छ । तर यस शान्तिको उपभोग गर्नाले अर्थात् यसमा सुख लिनाले र

यसैलाई लक्ष्य मान्नाले साधक यस शान्तिको फलस्वरूप मिल्नेवाला "नैष्ठिकी शान्ति" अर्थात् परमशान्तिबाट वञ्चित रहन्छ । किनकि यो शान्ति ध्येय होइन बरू परमशान्तिको कारण हो "योगरूदस्य तस्यैव शमः कारणमुच्यते" (गीता-६-३)

संसारको सम्बन्ध-विच्छेदबाट हुनेवाला शान्ति सत्त्वगुणबाट सम्बन्ध राख्नेवाला सात्त्विक शान्ति हो । जबसम्म साधक यस शान्तिको भोग गर्दछ र यस शान्तिबाट "मलाई शान्ति छ" यस प्रकार आफ्नो सम्बन्ध मान्दछ, तबसम्म परिच्छिन्नता रहन्छ । (गीता-१४-६) र जबसम्म परिच्छिन्नता रहन्छ तबसम्म अखण्ड एकरस हुनेवाला वास्तविक शान्तिको अनुकूल हुँदैन। "अयुक्तः कामकारेण फले सक्तो निबधयते" जो कर्मयोगी हुँदैन प्रत्युत कर्मी हो, यस्तो सकाम पुरूषको लागि यहाँ "अयुक्त" पद आएको हो। सकाम पुरूष नयाँ-नयाँ कामनाहरूको कारण फलमा आशक्त भएर जन्म-मरणरूप बन्धनमा पर्दछ। कमनामात्रबाट कुनै पनि पदार्थ मिल्दैन, यदि मिले पनि सधैं रहँदैन। यस्तो कुरा प्रत्यक्ष हुँदाहुँदै पनि पदार्थमा कामना राख्नु प्रमाद नै हो। महाकवि तुलसी दासजी महाराजले भन्नुभएको छ, 'अंतहुँ तोहि तजैंगे पामर तु न तजै भवतीते' । यसको अर्थ यो होइन कि पदार्थहरूलाई स्वरूपबाट छोडिदिनु भनेर । यदी स्वरूपबाट छोडेपछि नै मुक्ति हुने भए मर्नेवाला (शरीर छोड्नेवाला) सबै मुक्त भइहाल्दथे। पदार्थ त आफै नै स्वरूपबाट छुट्दै गइरहेका छन्। अतः वास्तवमा ती पदार्थहरूमा जो कामना, ममता आशक्ति छ, त्यसलाई छोड्नु पर्दछ। किनकि पदार्थबाट कामना-ममता-आशक्तिपूर्वक मानेको सम्बन्ध नै जन्म-मरणरूप बन्धनको कारण हो। कर्मयोगको आचरणबाट (कर्महरूको प्रवाह केवल परहितको लागि हुनाले) यहाँ मानेको सम्बन्ध सुगमताबाट छुट्दछ।

उपसंहार

वास्तवमा मुक्तिको लागि अथवा परमात्मा प्राप्तिको लागि साधना गर्न पनि फलाशक्ति हो। मानिसको आदत परेको छ, ऊ प्रत्येक कार्य फलको कामनाबाट गर्दछ। यसकारण भनिन्छ कि, मुक्तिको लागि, परमात्मा प्राप्तिको लागि साधना गर्नुपर्छ । वास्तवमा साधना असाधनालाई मेटाउनको लागि हो । मुक्ति स्वतः सिद्ध छ । परमात्मा नित्य प्राप्त हुनुहुन्छ । परमात्मा प्राप्ति कुनै क्रियाको फल होइन । अतः केही गर्नाले परमात्मा प्राप्ति हुन्छ, यस्तो ईच्छा राख्नु पनि फलेच्छा हो ।

साधकले यो देख्नु भएन कि म यहाँ साधना गर्दछु, तब मलाई यसको फल मिल्दछ। फलको ईच्छा गर्नु नै फलाशक्ति हो, जसबाट वर्तमानमा साधना

ठिक हुँदैन। अतः फललाई नदेखेर आफ्नो (इच्छा नगरेर) आफ्नो साधनालाई देख्नु पर्दछ । साधना तत्पर भएर गर्नुपर्दछ । त्यसपछि सिद्धि आफै आउदछ । यदि साधक फलको तर्फ इच्छा राख्दछ भने सिद्धि हुँदैन । हामी निर्विकल्प, निष्काम भयो भने ठूलो सुख मिल्दछ । यस प्रकार फलमा सुख लिने जो इच्छा रहन्छ यो नै फलेच्छा हो, जस्तै साधकलाई निर्विकल्प, निष्काम हुन दिँदैन । ♦

लघुकथा

झगडा

✍ **रवीन्द्र तिमसेना**

रोबेर्टाले 'स्कुल जान्नँ' भन्दै होमवर्क गर्न र ड्रेस लगाउन मानिनन् । निकै बेरदेखि जोडले रूँदै गरेकी उनले स्कुल जानका लागि आमाले ठिक्क पारेको झोला पनि पर हुत्याइदिइन् । "प्ले-ग्रुपमा पढ्दा पनि यस्तो झगडा गरेकी थिइन, नर्सरीमा गएपछि त झन् के भई के भई," यति भन्दै उनकी आमाले आजित हुँदै लामो सुस्केरा हालिन् । "ड्याडीसँग जाने कि मम्मीसँग जाने छोरी स्कुल ?," आमाको काखबाट तान्दै बाबुले आफ्नो काखमा राखेर सोधे । गालामा चिथोर्दै रोबेर्टा बाबुको काखबाट पनि फुत्किन खोजिन् । "सन्डेमा स्कुलमा स्न्याक्स पास्ता हुन्छ कि राइसपुडिन ?," आमाले ध्यान मोड्न सोधिन् । रोबेर्टाले भने झन् ठुलो स्वर गर्दै बाबुको काखबाट तन्किएर आमाको कपाल लुछिन् ।

रोबेर्टाको चिच्याहट बढ्दै गएको सुनेर पल्लो कोठाकी आमा आएर चेपारो पार्दै सोधिन्, "हाम्री ज्ञानी नानी किन रोएकी ?" उनलाई पनि हातले हान्ने सङ्केत गरिन् रोबेर्टाले । "यस्ती ज्ञानी नानीलाई रूवाउने बाबुआमा कस्ता होलान्, हाम्री नानीले कस्तो मिठो गीत गाउँछिन्, ल गाऊ गाऊ नानी," छिमेकी आमाले भनेको कुरा रोबेर्टाले नबुझेपछि उनका बाबुले फकाउँदै भने, "ल आमालाई एउटा राइम्स गाएर सुनाइदेऊ रे !" रोबेर्टाको रून्चे अनुहारमा एक्कासि मुस्कान छायो र स्कुलमा शिक्षिकाले सिकाएको हाउभाउ र भावभङ्गीसहित गाउन लागिन्-"स्कुल जाने बानी लाम्लो, जान्न भन्नु नलाम्लो लिसाउने कलाउने लुने बानी नलाम्लो"

रोबेर्टाले भाका हालेर हरफलाई दोहोऱ्याउँदै गाउँदा सबै जना मूर्च्छा हुने गरी हाँसे । रोबेर्टा भने अलमलमा परिन् ।

निबन्ध

चित्र चुलाचुलीको !

✍ युवराज नयाँघरे

'हाउ, धान पो काट्नु थियो मेरो त दाजु !'

भाइ कान्छाले यसै भने ।

उनका कुरा ठिकै थिए । तर यै समयको मेलो मिलाएर म चुलाचुलीको फेदी आइपुगेथें । दमकको तातो घामसँगै धान खुर्रिन थालेको थियो । हप्ता दिन भित्रै नकाटे बाला झर्ने तम्तयारीमा थिए-धानका ।

'भोलिलाई चैं मैले एक दिन मागें । जाम्-जाम् भाइ । मास्तिर पुगेर आउँदा पाक्न बाँकी धान पनि पाकिसक्छ ।'

खनखन गर्न छोडिनँ ।

त्यसपछि अर्को दिनको बिहानै हामी दाजुभाइ लागेथ्यौं भटभटेमा ।

शंकर चापागाई किन धनकुटे कान्छा भए मैले सोधिनँ । धनकुटामा जन्मेकै आधारमा तिनले यो नाम राखेका हुन कि ? त्यो पनि खसखस पोखिनँ । उनी मेरा लागि कान्छा भाइकै नाउँमा आत्मिक र प्रिय छन् । स्नेही र आफन्ती छन् ।

२२ कार्तिक २०७८ ।

भाइ र म भाडबारीबाट पूर्वतिर लाग्दा पहेँलपुर धानले स्वागत गरिहाल्यो । गरा समेत छोपिएका धानबारीको उज्यालोमा एक छिन आँखा धोएँ, मुख धोएँ, मन धोएँ । धुकधुकीका पत्रपत्रमा अल्झेका कसिंगर पखालेर सुकिल्याएँ ।

रतुवा पुल बनेको रहेछ भर्खरै । कुनै बेला यो भेग हरेक कुराले सेपमा परेथ्यो । हिजोआज निकै परिवर्तन भएको लाग्दैछ मलाई ।

इमानसिंह चेम्जोङको सालिक देखियो । आदर र सम्मानका भाव उदाए छातीभरि । साहित्य र संस्कृतिका निम्ति उनको असिनपसिन निकै श्रद्धा गर्न लायक छ । सालिक नाघिसक्दा शिरिजंघा चोक टुप्लुकियो ।

यी दुवै किराँत सभ्यतालाई उचाइ दिने तपस्वी हुन् ।

त्यसपछि पूर्वतिर वेगियौं हामी ।

बाटोका दायाँबायाँ एकनासे घर र धानबारीसँग जोडिन्छ मन ।

फेरि चुँडिएको मन लिएर वेग घटेको छैन । झन्-झन् बढेको छ हाम्रो ।

दमक मास्तिरको पहाडको सोतो तल-तल आएको छ । हरिया चुलीहरूमा धाँजा फाटेको देख्न पाइन्छ । चुचुरा धसिएर बीच-बीचमा सेता धर्सा जतातै देखिन्थे ।

'हामी कता पो जाँदै छौं भाइ ?'

'पेल्टीमारी दाइ ।'

कान्छाको उत्तर आयो ।

सुपाडीका सुरिला रूख बाटो तल र माथि बाक्लै देख्छु । नरिवलका अग्ला रूखहरूले गाउँ सितलु लाग्छ । आँखले नभ्याउने धानबारीले मनभरि अन्नको ऐश्वर्य थपक्क-थपक्क सजाएको लाग्दैछ ।

'अनि झापा छोडियो त ?'

उत्तर लागेको बाटो मोडिएर सानो गोरेटोतिर वेगिँदा सोधैं ।

घ्याच्च रोके भटभटे ।

'इलाम टेकिसक्यौं हामीले ।'

भाइको उत्तर थियो ।

घाँसे गोरेटो थियो । गोरेटोका देब्रे-दाहिने सिमल तरूलका सुरिला बोट झरिभट्टै थिए हरिया पातैपातले । ओहो, राम्रै खेती पो रहेछ- सिमल तरूलको । गाउँमै सुनेथें- सिमल तरूलको पात खाएर गाईगोरू घरैपिच्छे मरेथे ।

'जरा खाए बाँचिने, पात खाए मरिने । के गजबको यो फल है ।'

मैले सिमल तरूलका बोट देखाएर भनें ।

भाइ बोलेको सुनें- 'प्रकृतिको लीला ।'

बाटो नापिरहँदा कोदोका बाला हरियोबाट पहेँलिन थालेथे । घामको किरण बालामा छरिएर बचेको रूप भुँइतिर पोखिएको देखिन्थ्यो । यी रूपौला छायाँ निहालिरहेको थिएँ म ।

घरहरू फाट्टफुट्ट आइरहेथे । आँगनमा बसेर गुन्द्रुक हाल्ने, सिन्की खाँद्ने र रायोका पात धोएर सुकाउने गाउँलेहरूको ध्यान भंग पाथ्यौं बेला-बेलामा हामी ।

'मास्तिर जान खोजेको काका !'

'ठिक त छ नि बाटो ?'

भाइले सोधे ।

'हाउ, ठिकै पो होला । तीन बर्खअघि यतैबाट गाको म । अहिले सुन्छु, अर्को बाटो पनि बनेको छ रे ।'

डबकाको छ्याङ तानिरहेकी बूढीले भनिन् ।

'अनि तीन वर्षदेखि घरै नछाडेको त बोजूले ?'

कान्छाले खेर्न छोडेनन् ।

'आङदेम्बेको तङसिङ खमा गर्दा गएकी । अहिले जानै पर्दैन ।'

बोजूले बुलाकी हल्लाएर भनिन् ।

एकछिन उभियौं हामी । मैले अलिक तलसम्म फैलिएको पेल्टीमारी

हेर्रें । कुनै बेलाको अत्यन्तै काँठ, विकट र पहाडमुन्तिरको कछाड भनेर चिनिएको थियो- पेल्टीमारी । अहिले उन्नत खेती, बाटोघाटो र उज्याला घरका ताँती देख्दा अचम्मले आँखा कुदिरहेथे फरफर ।

'पेल्टीमारी फेरिएको छ । अहिले त आइतबारे नाउँ पायो यसले ।'

बाक्ला घरहरूमा सहकारी, बैंक, स्कुल, साना किसान, क्यापे र रेस्टुराँका बोर्ड देखाए भाइले ।

'कान्छा भाइ, खास पेल्टीमारी यै हो त ?'

'हो दाइ । यै हो । रंगरोगन घसेर बसेको पेल्टीमारी यै हो ।'

कान्छा यति भनेर मस्तले हाँसे । उनीसँग गाला तन्काएर मै नि हाँसें ।

कुनै बेला खुबै पानीको दुःख थियो यहाँ । माटोका काम गर्ने कुमालहरूको बस्तीका रूपमा परिचित थियो- पेल्टीमारी । पछि राई, लिम्बूको समाज खुबै बढ्यो । तल दमकतिरकाले भीडभाड खप्न नसकेपछि पेल्टीमारीको खुल्ला, चकमन्न र हरियाली मन पराउन यतातिर पाइला सारेको सुनिन्थ्यो । अचेल त दमकभन्दा पनि पेल्टीमारी उकुसमुकुसिएको पो हुन थालेछ ।

'जाँड किन्न पाइन्छ, पानी पाइन्न ।'

म स्कुल पढ्दा पेल्टीमारीबाट आउने सहपाठीहरू भन्थे ।

पानीको खुबै दुःख छ भन्ने सुनेथे ।

इभाङतिरका एक जना कार्की काकाले भनेको सुन्थे- 'त्यो बाटो जाँदा पानी किनेर नि खान पाइन्न । छोरीको पेवा भन्छन्- पानी । दिँदैनन् । आ, होस् टोड्केकै बाटो जान्छु म त ।'

उनी प्रायः पेल्टीमारीबाट छड्केर जान्थे ।

पुराना नाम फेरिने क्रम चर्को छ यता पनि । त्यसको छनक मैले पाएँ । 'सेल्फी बार'को सूचना- पाटीले बिझाएको आँखा फन्कियो ।

नरेन्द्र केरूङको घरमा भटभटे थन्कायौं ।

'हाउ, के कसो छ नि बोजू ?'

कान्छाले खै-खबरी गरे पानी खुवाउने बूढीआमालाई ।

'जाती । एकदमै जाती । घुनपुतली लागेको छैन । अहिलेसम्म आँतले मागेर, दाँतले टोकेर दिइरहेकै छु म परानलाई ।'

बज्यैले चस्मा मास्तिर सारेर भनिन्- 'चिन्दुम् न हौ हामी त ।'

मैले पानी सुर्क्याएर कुरो सुनिरहें ।

'दाजु इलामे, म धनकुटे ।' भाइ बोले ।

'उहाँ साइँलो, म कान्छो ।' फेरि उनै बोले ।

'अहिले त दुवै दमके ।' अनि मस्तले हाँसे । कान्छाले फकाएर बोजूलाई भने- 'साकेला सिली गाउनु न ।'

बोजूलाई मैले नि जोस्याएँ । उनले गाइन्-

निनाम्मा हेन्खामस ढोगेर
सुप्लुलुङ, सम्खा ढोगेर
बेछुक, दी, आराखा चढायौँ
सोइ-सोइला है हुर्रा हा हा ।
सुम्निमा, पारूहाङ सेवामुना
हेछाकुपा, तायामा, खियामा सेवामुना
रङरिवा, तावा बानानिन
आन्काओ निनाम्मा खानामिन
सोइ-सोइला है हुर्रा हा हा
सिन्कौली सेउली सेलेले
नाचिमा जाऔँन पेलेले
सोइ-सोइला है हुर्रा हा हा ।

वरपरका जंगलको पवित्र वायु उनका फोक्सोभरि कुद्यो । मै पनि शिव ओरकको चोखो हावाले ज्यानमा जोस, आँट र ऊर्जा भरिरहेथें ।

शिव ओरकमा पानीको व्यवस्था भएको भर्खर-भर्खर हो रे । लिम्बुहरू पानीलाई ओरक भन्छन् । भगवान् शिवले यो भेगमा जपतप गरेको र जल संसार बनाएको एउटा अटल विश्वास हरेकका मुखमा रहेछ ।

छ-सात वटा पानीका रसिला दह रहेछन् यहाँ । भगवान् शिवलाई किराँतहरू पारूहाङ भन्छन् । त्यही पारूहाङकै कृपाले यो भेगमा पानी रसाएको मान्नेहरू पनि भेटिए ।

'बल्ल घुम्न आएजस्तो भयो ।'

जंगलतिर लाग्दा भनें ।

'अघिसम्म त बोकिएको थिएँ । अब पो संसार बोक्न सक्छु ।'

मेरा कुरा सुनेर कान्छा भाइ हाँसे धक फुकाएर ।

बाटो चुलाचुलीतिर उक्लियो । हरियो जंगलभित्र भित्रिन पाउँदा शरीरमा एकाएक चम्क्यो बिजुली । पलाँस, कटुस, राजवृक्ष, भलायो, कुटमिरो, चिमालका पोथ्रासँग भेट हुँदा मनभरि हरियाली पोतियो ।

'यो थाकल हो नि दाइ ।'

मैले सुपारीपाते पोथ्रा देखाउँदा कान्छाले चिनाए ।

'आमबारीका सन्थालले चकटी बुन्ने पात यै हो ।' केदार काकाले भनेको सम्झिएँ ।

सानोमा भारीका भारी हरिया बिटा बोकेर गएको यै बेला झलक्क सम्झें । मैले थाकलका दाना चैं खाएथें । बोट देख्ने मौका आज मिलेथ्यो ।

बाटो जंगलतिर रमाई-रमाई गयो । बाँस, निगालो र थाकलका घारी मनग्गे देखिए । साल, भलायो र टाँकीका बुट्यान पनि खुबै देखिए ।

भाइले भोर्लाका बडे-बडे पात गाँसेर टपरे टोपी बनाइदिए ।

'सिन्का गतिला भएनन् दाइ । केही छिनको घाम छेल्छ ।'

टपरे टोपी लगाएँ ।

भाइ कान्छाले फोटो झिल्क्याए- झिलिक-झिलिक ।

अनि हाँसे आफैं- 'चुलाचुलीमा नौलो टोपीको आविस्कार ।'

उनका कुराले अहिले चैं म हाँसें ।

बाटो घुमेर वनैवन गयो । हामी सुस्तायौं चौरमा लमतन्निएर ।

जंगलमा फाट्टफुट्ट मयूर देखिए । एक दुई ठाउँमा प्वाख भेटेपछि मैले सोधें-'कति जति होलान् ?'

'यकिन तथ्याङ्क त नहोला । तर मनग्गे छन् मुजुर ।'

भाइको उत्तर सुनें ।

अघि तलको खोल्सो नाघेर मास्तिर लाग्दा धानका बिटा कसिरहेका कृष्ण राईले भनेथे- 'हाऊ, धान खाएर सखापै पार्छ नि मयूरले यतातिर त ।'

'आजु, चाइनो जो दुःखै दुःखमा पो छुम हामी त ।'

राईले भनेको यतिखेर सम्झें ।

सिम र दह नाघेर हामी पारि उक्लेका थियौं । बाटो सोध्दै खोज्दै पुगिएछ-गोपीचन्द्र राईको घरमा ।

आँगनमा मुडा, भकारी र डोको बुनिरहेका गोपी र उनकी परान थिइन्- सुकरानी राई ।

हामीले पानी माग्यौं र तिर्सना मेट्यौं । केही गफगाफ भए । कुराले तान्दै-तान्दै अलिक पर पुऱ्याएछ ।

भित्ताको फोटो देखाएर सुकरानीले भनिन्-'म कान्छी । जेठी ती ।'

छोडेर गएकी जेठीको माया मार्न नसकेर भित्तामै भए पनि फोटो टाँसेको सौते कथा सुकरानीले बताइन् । 'जन्म दर्ता नभएकोले । नत्र त म नि जान्थें कोरिया ।'

सुकरानीको कुराले मन झसङ्ग पाऱ्यो ।

'हाउ, काँसम्म नि ?'

गोपीले सोधे ।

'झन्डे डाँडासम्म ।'

उत्तर थियो कान्छा भाइको ।

बाँदरले निकै दुःख दिने सुकरानीले बताइन् । लुइँचे र कालिजले बाटै छेकेको कुरा नि सुनाइन् ।

'हाम्रा भुराले लुइँचेका डिम्मा कति ल्याउँछन् कति ?'

सुकरानीका कुरा सुनिरहें ।

मास्तिरको जंगलतिर पस्नै लाग्दा फर्केर आँगनमा उभिएँ ।

'कति घर छन् यहाँ ?'

मैले सोधें ।

गोपीचन्द्रले औंला भाँचे- 'जन्तरे, काइँला, सानु, आइता, भुन्टी, साधु माइला । जम्मा छ घर छुम हामेरू ।'

त्यसपछि भाइ र म उकालो लाग्यौं । फस्के माटो र पोथ्रैपोथ्राले

गोरेटो ढाकिएथ्यो । ठाउँ-ठाउँमा काँडे लहराले अल्झाउँथ्यो । बाँस, सिरू र बन्सोका घारी देख्दा मयूरका जोडी छन् कि भनेर ख्याल गर्थें म ।

भर्खरका नयाँ दुलहादुलही जस्तै देखिन्थे । ती किराँती जोडीले गाएका सुनें मैले-

सिन्कौली सेउली सेलेले
नाचिमा जाऔं है पेलेले ।
बहरै गोरू दाउनुस्
रहरे जति आउनुस् ।
टेम्के र सेल्मे हाराहारी
चेली र माइती बराबरी ।
लहरा भुइँमा फूल रूखमा
लाइएछ माया भूलचुकमा
सोइ-सोइला है सोइ-सोइला हुर्रा हा हा ।

बाँसेघारी, पैरो, झन्डे डाँडा, बाङ्गे, मुजुर बस्ने डाँडा छन् रे यता पुग्ने ठाउँ । हामी कहाँसम्म पुगिरहेका छौं थाहा छैन । जंगल बाक्लिएको छ । पहाड उक्लिएको छ । डाँडाहरू अझै ठडिएर अग्लिएका छन् ।

'भाइ, धँगेरो होइन यो बुटा त ?'

मैले भीर छेउको पोथ्रा देखाएँ ।

उनले निहालेर भने- 'हो दाइ, धँगेरो हो ।'

'यसमा मौरी बस्दैन भन्ने सुन्या थें । रगत देख्छ रे यो बुटामा मौरीले ।'

मैले सुनेको कुरा सुनाएँ ।

कान्छा भाइले सही थापे ।

उकालो निकै हिँडिएछ- पसिनाले निधार, काछ, कन्चट र ढाडतिर सल्बलाएको ज्ञात भयो । एकछिन सुस्ताएर सास फेर्रें । भाइले रूमाल झिकेर मुख पुछे ।

नागबेली भएर गएको गोरेटो निकै पर पुगेर ढुङ्गामा छरियो । ढुंगेनी भित्तो ठडिएर अलिक फाँटिलो भएर फैलिएथ्यो । त्यही ककारो नाघेर मास्तिर उक्लियौं हामी ।

ओहो, चुलाचुलीको हरियाली चारैतिर फैलिएथ्यो । थुम्के डाँडाहरू पूर्वदेखि पश्चिमसम्म थपक्क-थपक्क बसेथे । बाक्ला रूख र घना बुट्यानले चुलाचुली छपक्कै छोपिएथ्यो । पाथी घोप्टेका डाँडाहरू चारैतिर थिए । पूर्वदेखि पश्चिमसम्म सयौं थुम्काहरू बसेका थिए थपक्क-थपक्क ।

मैले दक्षिणतिर सरर्र हेर्रें । पहेँलपुर धानको फाँटले तराईको सुन्दरता दिव्य र रूपौलो भएर फैलिएथ्यो । ठाउँ-ठाउँमा अनेकौं खोलाले सेता रेखा कोरेजस्तो देखिएको दमकको झिकिझकाउ सेरोफेरोले मधेसको लमतन्ने सौन्दर्य अद्भूतसँग फिँजारिएको थियो ।

मन तानिरहेथ्यो पहेँला धानबारी र तोरीबारीले । समथर खेत र गरैगराका चक्ले बारीले आँखालाई लोभ्याइरहेथ्यो ।

रतुवा र मावा खोला बीचको

फाँट अथाह र अपार अन्न भण्डार भएर सामुन्ने उभिएथ्यो ।

भाइ देखाइरहेथे- 'ऊ त्यो बुकुवा, त्यो पेल्टीमारी, त्यो चाँजु ।'

म त हेरिरहेथेँ-उनले देखाएका सबै ठाउँ र गाउँ ।

अघि सुकरानीले भनेका ठाउँहरू सानो चाँजु, ठूलो चाँजु, कमल भोडा, लछिमी खोला, पुतली, सोक्तिम, दानाबारी, गरूवा, गोलखर्कलाई धेरैथोर देखें हुला । त्यसो त भान्सेचुली, मैनाचुली, पालमहरू यतै होलान् । मेरा आँखाले नठम्याए पनि ढुकढुकीले पक्कै ठम्याउन सके होलान् ।

'दाजु, यो चैं भन्डे डाँडा ।'

माथि आठ-नौ लिङ्गामा च्यातिएका भन्डा फिर्फिराइरहेथे । त्यतै औंल्याएथे उनले । म अडेसिएर च्यात्थला भन्डाको हावाले मुख पुछ्पाछ गरें । लिङ्गोमा ढेसिएर तल सापमारा, पाणिनी, ठूलो बारघरे, धधरे र सिंहदेवीसम्म आँखा तन्काएँ । बेतिनी, मावा र बक्राहा खोलासम्म मन हुत्याएर पुऱ्याएँ ।

नीलापूल चुलाचुलीभरि फुलिरहेथे । पहेंला बुकी फूल हावामा लहलहराइरहेथे ।

'भाइ,जेठी-मधु यता पाउनुपर्ने ।'

मैले केटाकेटीमा यताबाट खोजखोज गरेर लैजाने साथीको कोसेली सम्झिएँ ।

कान्छा भाइले भीरतिर आँखा लगे पनि भेट्न सकेनन् ।

भन्डे डाँडामा एकछिन मन बिसायौं । त्यति बिसाउँदा इलामको पश्चिमी पहाडमा पुग्न पाएको खुसी, आनन्द र रमाइलोले छातीभरि ग्वाम्लाङ्ग अँगालो माऱ्यो ।

अलिक अघि आङमाया आङदेम्बेले भनेको सम्झिएँ- 'हाउ, यो त उठान क्षेत्र नि । भरे उठाऊ, भोलि उठाऊ भनेर एक झाङ पनि रोपिएन । बल्लतल्ल सुपारी रोप्न थालेऊँ हामेरले ।'

पेल्टीमारीबाट मास्तिर उकालिएको चुलाचुली तीनतल्ले चुचुरो देखिन्छ । पाथीभरा, महाभारत र चुलाचुली बसेको टुप्लुकिन्छ । पहाडका तह-तहमा परेको कान्छो चुली भएको मैले अनुभव गरें- चुलाचुलीलाई ।

भन्डे डाँडाको हावा र चुलीको हरियालीमा मन विचित्रसँग फुर्किंयो । दङ्ग पऱ्यो, रमायो, हर्क बढाइँमा पऱ्यो ।

फेरि एक घण्टाजस्तो लाएर हामी आयौं सुकरानीको आँगनमा ।

आँगनैभरि चोया, बाता र बाँसका गिद्राका रास देखें । पानी मागेर फेरि खाएँ ।

सुकरानीले चुल्हो बाल्न थालिन् ।

'बिदा होऊँ अब, है त ।'

मैले हात जोडें ।

'हाउ, कहाँ भोकै जाने ? हुँदैन,

हुँदै-हुँदैन ।'

सुकरानी च्याट्ठिइन् ।

मैले आफ्नो भ्यागुते झोला कसैं । चस्मा पुछेर हिंड्ने मेसो मिलाएँ । भाइ कान्छा पनि भाँच्चिएको लट्ठी पेरेर अर्को दरिलो लट्ठी मुठीमा कस्तै थिए ।

'म त फाक्सा हालेर चाउचाउ पकाउँदै थिएँ ।'

सुकरानीले एक रास पहेँलपुर थुक्पा कराइमा ओइरिन ठिक्क पारेको देखाइन् ।

हामी डाँडातिर निक्लिँदा उनले छोराछोरीलाई तल पठाएर चाउचाउको डंगुर ल्याउन लगाएकी रहिछिन् । म उनको आदर र प्रेम देखेर खुम्चिरहेको थिएँ ।

'हामीलाई हतार भो । खाजा खाइरहनेसमय मिलेन । पछि खाउँला ।'

कान्छा भाइ यति भनेर अघि लागे । म पनि जरकमरक गर्न थालें ।

'हाउ, यो त भएन नि !'

गोपीचन्द्रले खिन्न माने ।

अनि पचासको नोट हातमा थमाएर सुकरानीले भनिन्- 'बाटाको खाजापानी यसैले टार्नु !'

म पग्लिएँ, म माट्टिएँ, म झन्-झन् बामपुड्किएँ सुकरानीको श्रद्धा, प्रेम र सत्कारले । जंगलमा बसेका यिनको मन कति ठूलो, कति हरियो, कति सुग्घर । ओरालो झर्दा भाइ र म सुकरानी सम्झेर अवाक् भइरहेथ्यौं ।

आज फेरि अग्लियो चुलाचुलीको उचाइ ! ♦

गजल

✍ **शशिश्री आचार्य**

आजकाल अर्कैसँग घुम्दै हिंडने गर्छौं रे !
अरू माझ मेरो कुरा काटी काटी हिंड्छौ रे !

मैले लाएको माया पनि झुटो हो भन्छौ रे !
माया भन्दा पैसा ठूलो भन्दै हिंडने गर्छौं रे !

चोखो माया भन्ने चिज हुँदै हुँदैन भन्छौ रे !
चुरोट रक्सी पिएर आभार पो ! भा छौ रे !

त्यसको मायामा धोका थियो भन्छौ रे !
खुट्टा भए जुत्ता कति कति पनि भन्छौ रे !

खोटो सिक्का के काम लाग्छ! भन्दै हिंडने गर्छौं रे !
दोबाटोमा बसेर बयान बाजी गर्छौं रे !

लघुकथा

गुन्यूचोलो

✍ मधुसुदन प्रसाद घिमिरे

मुस्कानले रिसाउँदै भनिन्- "हाम्रो ममीको त बुद्धि नै छैन भन्या ! यस्तो रमाइलो दिनमा पनि यस्तो लेहेङ्गा लगाउने हो ? फुपू र फुपूदिज्यूका परिवार सबैले आज साडी नै लगाउनुहुन्छ । मेरो गुन्यूचोलोमा हजुरहरू सबैले साडी नै लगाउनुभएको थियो । बिर्सिनुभयो कि क्या हो ?"

प्रमोदाले सम्झाइन्- "नानू, साडी लगाएपछि उछार नै पाइँदैन त्यसैले लगाएकी नि !"

मुस्कानले अडान लिइन्, "उछारपछारको कुरै नगर्नुहोस् । हजुरले साडी नलगाउने भए म पाटीमै जान्नँ के ?"

प्रमोदाले 'हजुरको जो आज्ञा' भन्दै साडी लगाइन् ।

मुस्कानले ऐना हेर्दै भनिन्- "सोल्टी होटेलमा जान त्यतिकै पाइन्छ त ? छिटो गर्नुहोस् । आफूलाई कहिले बुनूलाई देखौंजस्तो भएको छ ।"

पाँच बजेको निम्ता भए पनि प्रमोदाहरू साढे पाँच बजेतिर हतार गर्दै पुगे । त्यहाँ पाहुनाबाहेक घरका फाट्टफुट्ट केटाहरू मात्र थिएँ । नन्दे ज्वाइँले हात जोड्दै भने-"यो आइमाईहरूले त वाक्कै पारे भाउज्यू ! ब्युटी पार्लर हो कि सार्लरमा पिठो धस्न गएका अझै आएका छैनन् । गेस्टहरूलाई केके भनेर जबाफ दिनु ल, अब हजुरले यो माहोल समाल्नुहोस् । म एकछिन ओझेल पर्छु ।"

फूपाज्यूको कुराले नौ वर्षकी मुस्कान हाँसिन् मात्र । प्रमोदाले नै आगन्तुकहरूलाई अलमलाइ रहिन् । केही बेरपछि आएकी बहिनीलाई र फुपूलाई मुस्कानले आँखा नझिम्क्याई हेरिरहिन् । सात वर्षकी बहिनी गुन्यूचोलोमा थिइन् । फुपू भने आधा पेट देखिएको लेहेङ्गामा सजिएकी थिइन् । उनीहरूका परिवार पनि धेरै जस्तो लेहेङ्गा र झल्कने कुर्थासुरूवालमा थिए । मुस्कानको कमलो मनले यही सोच्यो । 'अब बिस्तारै गुन्यूचोलो दिने दिन हराएर लेहेङ्गा चोलो दिने दिन पो आउँछ होला बाबै !' ♦

कथा

घाइते प्रहरी

✍ **पूर्व प्र.व.उ.विक्रम गुरुङ**

ड्याम...ड्याम...ड्याम ...

उसको पेटको ठिक माथि तीन वटा गोली लाग्यो र ऊ भुइँमा लड्यो । गोलीको घाउले ऊ पीडाले चिच्यायो । पेटमा हात राख्दा रगत बगिरहेको देख्यो । आफ्नै शरीरबाट रगत बगेको देखेर उसको आँखा बन्द हुन थाल्यो । कसैले चिच्याएर भन्दै थियो "सर, नआत्तिनुस् हामी तपाईंलाई अस्पताल लैजान्छौं ।" उसले हेऱ्यो, उसको मिल्ने साथी थियो । उसले छेउमा आएर भन्यो, "आउ, यहाँ किन मर्छौं, मर्नै छ भने अस्पतालमै मर्नू ।" उसले हाँस्ने प्रयास गऱ्यो । साथीको आँखाबाट उसको अनुहारमा आँसु झर्न थाल्यो ।

उसको आँखा बन्द हुँदा मनमा अनेकौं तस्बिरहरू घुम्न थाले ।

ऊ मुस्कुराउदै थियो, कतै पढेको थियो कि मृत्यु हुनुभन्दा केही मिनेट अगाडि, पूरै जीवनको रिल फ्ल्यासब्याक जस्तै घुम्छ । उसले एम्बुलेन्सको झ्यालबाट बाहिर हेऱ्यो, कालो रात निलो आकाश 'यो पनि अचम्मको ठाउँ हो साथी' उसले मनमनै भन्यो, 'संसारमा सबै लडाइहरू शासन सत्ताको लागि मात्रै हुन् ।'

फेरि अर्को अनुहार देखिन थाल्यो । त्यो आमाको थियो । एक हातले उसको अनुहार समातेर अर्को हातले उसलाई केही खुवाउँदै थिइन् र बारम्बार भनिरहेकी थिइन् कि मेरो छोरा राजा र सिपाही बन्छ । उसलाई कडा पीडा हुन थाल्यो । अर्को दृश्य उसको स्कुलको थियो, जहाँ प्रजातन्त्र दिवसमा उसले गाउँदै थियो, 'म मरे पनि मेरो देश बाँची रहोस्' विद्यालयका प्रधानाध्यापकले उसको टाउको सुम्सुमाएका थिए । आमालाई देखें, आँसु पुछिरहेकी थिइन् । उसको बुबा पनि प्रहरीमा हुनुहुन्थ्यो । जीवनको भिडियो धेरै छिटो अगाडि बढ्यो, अर्को छवि युद्ध फिल्महरू मात्र थिए, उसको रगत थप बगिरहेको थियो ।

त्यसपछि एउटी केटी देखा पर्न थाली जसको बारेमा उसले बेला-

बेलामा सोच्थ्यो । उनी उसलाई इन्जिनियर भएको हेर्न चाहन्थिन् । तर उसलाई पुलिस अफिसर बन्ने रहर थियो । उसलाई बान्ता भयो र उसको शरीरबाट अझ धेरै रगत निस्कियो । उसको साथीले हात थपथपाउँदै भन्यो "केही हुँदैन...साथी ।"

अर्को तस्बिरमा....।

ती केटीका चिट्ठीहरू र सुकेका केही फूलहरू थिए र किताबका पानाहरूमा राखिएका थिए, त्यो तिनलाई फर्काएर ऊ राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानतिर लागेको थियो । अर्को छविमा सबै साथीहरू देश र जनताको सुरक्षाको लागि बिद्रोहीसँग पहाड जंगलमा लडिरहेको कल्पना गरिरहेका थियो ।

कस्तो जोश थियो उनीहरू सबै साथीहरूमा, उनीहरूको लागि पहिलो लक्ष्य देश र जनता थियो, देश र नागरिकको सुरक्षा अन्तिम लक्ष्य थियो र उनीहरू सबै दुर्गम गाउँहरूमा विद्रोहीहरूको खोजी गरिरहेका थिए ।

अर्को तस्बिर देखियो...आमाको आँखामा गर्वको आँसु, अठार महिनापछि उनीहरूको तालिम समाप्त भएको परेडमा ऊ आमा सँगै थियो । उनीहरू दुवैले सँगै आकाश तिर हेरेर बुबालाई भनेका थिए 'हामीले तपाईंको सपना पूरा गर्यौं' । अर्को छवि ... उसको आमाको निधनको खबरको थियो । उसको जीवनको सबैभन्दा ठूलो र मुख्य स्तम्भ ढलेको थियो । उसले फेरि उल्टी गर्‍यो । यस पटक उसको साथीको आँसु सुकिसकेको थियो । उसलाई समातेर साथीले भन्यो, "म पनि तिम्रो पछि पछि आउँदैछु । माथि तिमी एक्लै मज्जा लिने । म यस्तो हुन दिन्न ।" उसले सक्दो हाँस्ने प्रयास गर्‍यो ।

सबैभन्दा सुन्दर दृश्य उसको अगाडि आयो...उसको छोरी अर्चनाको । उसलाई प्रहरी सेवाको कुराहरू धेरै मन पथ्र्यो । उनीहरू बिदाको दिनहरू उत्सुकतासाथ पर्खिरहेका हुन्थे । त्यहाँ उसको श्रीमतीको तस्बिर पनि थियो... जसले उसलाई सधैं सुख्खा आँखाले बिदाइ गर्थिन् । उसलाई केही भइहाल्छ कि भन्ने डर थियो, यस पटक उसको डर सत्य भयो । उसको छोरीले बोलेको शब्दहरू, यति धेरै कुरा...पहिलो पटक उसको आँखामा आँसु आयो, उसलाई रून मन लाग्यो । उसले आँखा खोलेर साथीलाई हेर्‍यो ऊ पनि रून थाल्यो ।

अब आँखा अगाडि कुनै तस्बिर आउन सकेन । मनमा त्यही गीत आइरहेको थियो, 'म मरे पनि मेरो देश बाँची रहोस्...' उसले साथीलाई भन्यो, "यी नागरिकहरू हामीजस्ता कहिले बन्लान् ? हामीले यिनीहरूलाई बचाउँछौं, उनीहरूको लागि हामीले आफ्नो ज्यान

दिन्छौं" अनि जोडले हिक्का आवाज आयो, उसले साथीको हात जोडले थिच्यो अनि अँध्यारो भयो ।

उसको श्रीमती मौन थिइन् । अब उनको आँसु झर्न रोकिएको थियो । उसको साथी बारम्बार रूने गर्दथ्यो । अनि छोरी अर्चना... उनले सबैलाई सोधिरहेकी थिइन्, "बाबालाई के भयो, कहिले ब्युँझने हो, हामी सँगै खेल्नुपर्छ ।"

कुनै सेलिब्रेटीको मृत्यु भयो भने यसलाई मिडियाले निरन्तर कभरेज दिइरहेको हुन्छ । तर उसको मृत्युको बारेमा कतै पत्रिकामा एउटा सानो खबर थियो । देश र जनताको रक्षा गर्दा कति सेना र प्रहरीले आफ्नो ज्यान बलिदान दिएका छन्, त्यो सबैलाई थाहा हुनुपर्थ्यो । जुन देश र जनताको लागि उसले आफ्नो ज्यानको आहुती दियो, त्यो गाउँ घर, पहाड जंगल अझै उस्तै छन् । ♦♦

कविता

मेरो देश मेरो गौरव

✍ **यम रेग्मी**

छ रत्न टुक्रा जग पुज्य धान
हो सृष्टिको नै पहिलो बिहान
छन् एसियाका घरभित्र ज्योति
छन् वीर पूर्खा अनमोल मोती ।

ती पार्वतीको पतिको धरा हो
सीता मुमाको जननी गरा यो
समेटिएको कुल शाहबाट
सिंगारिएको बलबाहु हात ।

छन् सिर्जनामा सरिता हजार
छन् साधनामा वनका पहाड
छन् ध्यान गर्दै शिरका हिमाल
छ स्वर्ण थाली भरिपूर्ण फाँट ।

के हात थाप्छौ मणि थाल छोपी ?
कैल्यै नझुकोस् शिरबाट टोपी ।
हौ स्वाभिमानी हिमशैल बासी
छ विश्वमा नै इतिहास साची ।

नयाँ कलाले अति सिग्रिएको
संस्कार मीठोसित हुर्किएको
दिन्नन् छिमेकी जन निभ्न चूलो
जन्ती मलामीसरि के छ ठूलो ?

सौभाग्य ठूलो यहीं जन्म पाएँ
यै भीर पाखा वनमा रमाएँ
चाहा छ यौटै यही बस्न पाऊ
सदैव तिम्रो महिमा म गाऊ ।

नेपालमा वन विनाशका कारण-समस्या तथा सुझाव

✍ गम्भीर बहादुर हाडा

वन सम्पदाले देशको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान दिएको हुन्छ । वनबाट दाउरा बाल्न काठ मात्र पाइने होइनन्, उद्योगहरूका लागि धेरै जसो कच्चा पदार्थहरू पनि पाइन्छन् । वन जंगलबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपबाट धेरै फाइदाहरू पाइन्छ । वनबाट काठ प्राप्त हुने भएकोले इन्धनको समस्याको परिपूर्ति भएको छ । हाम्रो देश कोइला र पेट्रोलको कमी भएको देश हो । त्यसैकारणले घरायसी कार्य र रेल्वेको लागि पनि हाम्रो वनको काठले नै सघाउने गरेको पाइन्छ । वनजंगलबाट प्राप्त हुने डाले घाँस पशुपालनका लागि अत्यावश्यक छ । कृषि विकासमा वनजंगलको महत्त्वपूर्ण स्थान छ । वन जंगलले देशको हावापानीलाई अनुकूल बनाई वर्षा गराउँदछ । जसले गर्दा कृषि विकासलाई सहयोग पुग्दछ । वनजंगलले बाढी पहिरो, भूक्षयलाई रोकी प्राकृतिक प्रकोपबाट हुने हानि नोक्सानीबाट जोगाउछ । कृषकको सहायक पेशाको रूपमा रहेको पशुपालन व्यवसायको लागि पनि चरन क्षेत्रको व्यवस्था गरिदिन्छ । वन जंगलले राष्ट्रिय आयको वृद्धि गराउनमा पनि महत पुऱ्याउँछ, वनजन्य वस्तुहरूको उपयोग र विदेशमा निकासीबाट नेपाल सरकारलाई राजश्व बढ्न जान्छ । राजश्व स्वरूप प्राप्त हुन आउने रकमबाट राष्ट्रिय आय देशको आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ । कृषि सामग्री, फर्निचर, घर, पुल, रेल्वे डब्बा तथा स्लीपर आदि बनाउनको लागि चाहिने काठ वन सम्पदाबाट नै उपलब्ध भएको पाइन्छ । वन सम्पदाले जंगली जनावरहरूलाई संरक्षण प्रदान गर्दछ । यदि वन विनाश हुँदै जान्छ भने जंगली जनावरहरू पनि क्रमशः लोप हुँदै जान्छन् । वन सम्पदाले आवश्यक स्वास्थ्य पदार्थ तथा वासस्थानको व्यवस्था गरी जंगली जनावरहरूको संरक्षण गर्दछ । जसले गर्दा वन्य

जन्तुहरूको संख्यामा क्रमशः वृद्धि हुँदै जान्छ । वनजंगलबाट विभिन्न उद्योगको लागि आवश्यक पर्ने कच्चापदार्थ पनि उपलब्ध हुन्छ । कच्चा पदार्थहरूको आधारमा सलाईको काँटी र बट्टा, कागज, प्लाइउड निर्माण गर्ने उद्योगहरू सञ्चालन गर्नमा मद्दत पुऱ्याउँछ । नेपालका जंगलहरूमा विभिन्न किसिमका जडीबुटीहरू पाइन्छन् । आयुर्वेदिक औषधी यिनै जडीबुटीबाट बनाइन्छ । कतिपय गाउँघरमा आज पनि यिनै जडीबुटी सेवन गरेको पाइन्छ । वर्षै पिच्छे कयौं जडीबुटी नेपालबाट नै भारत निकासी भएको देखिन्छ । वन जंगलबाट गुँद, श्रीखण्ड, चन्दन, दालचिनी, कत्था बनाउनका लागि खयर, हर्रो, निगालो आदि जस्ता विभिन्न प्रकारका उपयोगी पदार्थहरू प्राप्त हुन आउँछ । जंगलले निकासी वृद्धि गरी व्यापार सन्तुलनको प्रतिकूलतालाई घटाउनमा सहयोग प्रदान गर्दछ । काठ, जडीबुटी, हस्तीहरू आदि वन पदार्थहरू निकासी गरी परिवर्त्य विदेशी मुद्रा आर्जन गर्न सकिन्छ ।

आर्थिक सर्वेक्षण २०७९/८० मा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा नेपालको कुल भू-भागको झण्डै आधा भू-भाग वन क्षेत्रले ओगटेको छ । नेपालको वन क्षेत्र विश्व वन क्षेत्रको औसत भन्दा करिब ११.० प्रतिशतले बढिरहेको छ । २०७९ फागुनसम्म झाडीबुट्यान बाहेक नेपालमा ४१.६९ प्रतिशत वन क्षेत्र रहेको छ । २०७८ फागुनसम्म यस्तो क्षेत्र ४०.४ प्रतिशत रहेको थियो । जनसंख्याको आधारमा हेर्दा प्रति व्यक्ति वन क्षेत्र ०.२ हेक्टर रहेको छ । दक्षिण एसियाली राष्ट्रमध्ये सबैभन्दा बढी वन क्षेत्र भूटानको ७२.४९ प्रतिशत रहेको छ भने सबैभन्दा कम पाकिस्तानको १.८५ प्रतिशत रहेको छ ।

नेपालमा बाघको संख्या बढेर सन् २०२२ मा ३५५ पुगेको थियो । सन् २०१८ मा बाघको संख्या २३५ रहेको थियो। लोपोन्मूख रहेको कृष्णसारको संख्या सन् २०२१ मा ३३६ रहेकोमा ३९ थप भई सन् २०२२ मा ३७५ पुगेको थियो ।

आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म १३ आयोजनालाई वन क्षेत्रको ६१७ हेक्टर जग्गा उपलब्ध गराइएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा २५ विकास आयोजनालाई ३३४ हेक्टर जग्गा उपलब्ध गराइएको छ । आर्थिक वर्ष २०७८/७९ मा ३९ विकास आयोजनालाई ४३५ हेक्टर जग्गा उपलब्ध गराइएको थियो । जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडद्वारा चालु आर्थिक वर्ष २०७९/८० को फागुनसम्म १२.६ टन सुगन्धित तेल र २९ लाख १२ हजार १ सय ७० थान हर्बल केयर उत्पादन

भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो उत्पादन क्रमशः ७.८ टन र ३० लाख ५० हजार ९ सय ६८ रहेको थियो । आर्थिक वर्ष २०७८/७९ मा १६.६ टन सुगन्धित तेल र ५३ लाख ४९ हजार ७ सय ६७ थान हर्बल केयर उत्पादन भएको थियो ।

चालु आर्थिक वर्षको फागुनसम्म १९ हजार ९ सय ३६ हर्वेरियम नमूनाको डिजिटाईजेशन कार्य सम्पन्न भएको छ । आर्थिक वर्ष २०७८/७९ को सोही अवधिमा यसको संख्या २२ हजार ३ सय ८० रहेको थियो । हालसम्म नेपालको २९३ प्रजातिका रैथाने वनस्पतिको अभिलेखीकरण भएको छ । साथै, फूल फुल्ने प्रजातिका ५,३०९ र फूल नफुल्ने प्रजातिका ६,०८३ वनस्पति समेत अभिलेखीकरण गरिएको छ ।

आर्थिक वर्ष २०७९/८० को माघसम्म राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम अन्तर्गत ३५ हजार विरूवा उत्पादन भएको छ । मुख्य नदी प्रणालीमा १३.७ किलोमिटर नदी तथा खोला किनारा स्थिरीकरण/ व्यवस्थापन गर्ने कार्य सम्पन्न भएको छ । त्यसैगरी, यस अवधिमा ४ स्थानमा भूमिगत जल पुनर्भरण र सतह मुनिको पानी उपयोग र ४८ स्थानमा गल्छी/पहिरो/ खहरे रोकथाम नियन्त्रण गर्ने कार्य सम्पन्न भएको थियो । राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७८/७९ मा ३७ जिल्लाका ४८ मुख्य नदी प्रणालीमा २९.६ किलोमिटर नदी तथा खोला किनारा स्थिरीकरण/व्यवस्थापन गर्ने कार्य सम्पन्न भएको थियो । त्यसैगरी, १७३ गल्छी/पहिरो/खहरे रोकथाम नियन्त्रण र २८ तालतलैया/सिमसार संरक्षण गर्ने कार्य सम्पन्न भएको थियो। साथै, ४० वटा भूमिगत जल पुनर्भरण र सतहमुनिको पानी उपयोग र ३२ वटा जल पुनर्भरण/संरक्षण पोखरी निर्माण कार्य समेत सम्पन्न भएको छ । यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७८/७९ मा २ लाख ३५ हजार वन विरूवाको उत्पादन, खरिद र वितरण गरिएको थियो ।

आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म निजी र राष्ट्रिय वन गरी १ करोड ४३ लाख क्यूबिक फिट गोलिया काठ उत्पादन भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा यस्तो उत्पादन १ करोड ३४ लाख ८२ हजार क्यूबिक फिट रहेको छ । आर्थिक वर्ष २०७८/७९ मा २ करोड १७ लाख क्यूबिक फिट काठ उत्पादन भएको थियो ।

आर्थिक वर्ष २०७९/८० को फागुनसम्म राष्ट्रिय वनबाट ३ हजार ७ सय ३० चट्टा दाउरा उत्पादन भएको

थियो। गत आर्थिक वर्षको सोही अवधिमा १० हजार ६ सय ७७ चट्टा दाउरा उत्पादन भएको थियो । आर्थिक वर्ष २०७८/ ७९ मा १४ हजार ६ सय २६ चट्टा दाउरा उत्पादन भएको थियो ।

आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म संरक्षित क्षेत्र सहित सम्पूर्ण वन क्षेत्रबाट रू.२ अर्ब २६ करोड बराबरको राजस्व सङ्कलन भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्कलन रू. २ अर्ब ५९ करोड पुगेको छ । आर्थिक वर्ष २०७८/७९ मा संरक्षित क्षेत्रबाट रू. ५ अर्ब ५० करोड राजस्व सङ्कलन भएको थियो ।

वन जंगलले विभिन्न प्रकारका काठपातहरू जुटाउनुको साथै अरू जडिबुटी, बाबियो, घाँस, बाँस, रंग आदि बनाउने सामग्रीहरू पनि वनमा नै पाइन्छन् । वनले स्थानीय जलवायुलाई स्वच्छ बनाउँछ र पानी पार्न पनि मद्दत पुऱ्याउँछ । पहिरो तथा भू-संरक्षणलाई पनि जंगलले रोक्दछ र आँधीबेहरीलाई छेकेर बालीनालीको रक्षा गर्दछ । वनजंगलले कृषि औजार बनाउन काठ प्रदान गर्दछ र गाई वस्तुलाई चर्न घाँस दिन्छ जसले कृषि उत्पादन गर्न मल दिन्छ । वनजंगलले विभिन्न पशुपंक्षीलाई आश्रय दिई राष्ट्रिय पशुपंक्षीहरूको संरक्षणको काम गर्दछ र वनजंगलबाट बाल्ने काठ तथा दाउरा उपलब्ध हुन्छ । वन जंगल औषधी उपयोगको आधारभूत तत्त्व हो । उर्जा आपूर्तिको प्रमुख स्रोत राख्ने वन जंगलको स्थिति दिनप्रतिदिन ह्रास हुँदै गएको तथा आयातमा भर पर्नु पर्ने पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि हुँदै गएको सन्दर्भमा जल विद्युत शक्ति उत्पादन गरी उर्जाको आवश्यकतालाई बढी मात्रामा पूर्ति गर्नु बाहेक अर्को विकल्प हुन सक्दैन ।

- **जनसंख्याको चापः** नेपालमा जनसंख्या वृद्धि तीव्र रूपमा भइरहेको छ । कृषिमा जनसंख्याको अत्यधिक चाप छ र गैरकृषिक्षेत्रको विकास नगण्यमात्र भएको छ । त्यसैले मानिसहरू पहाड खोरिया आदिमा वन विनाश गरेर खेती गर्छन् ।
- सलाई, कत्था, फर्निचर आदि उद्योगका लागि विभिन्न जातका काठको आवश्यकता पर्छ । यस्ता उद्योगमा संलग्न व्यक्तिहरू नियम विपरीत रूख ढालेर नाजायज आम्दानी गर्ने काममा संलग्न छन् । उनीहरूलाई नाफा आर्जन गर्नु बाहेक देशको हित-अहितको कुनै वास्ता हुँदैन ।
- गैरकानूनी व्यापार नेपाल तथा भारतको सिमाना खुला भएकोले तराईतिरका कतिपय मानिसहरू काठको गैरकानूनी व्यापारमा संलग्न छन् । सरकारी अधिकारीहरूको

असक्षमता, भ्रष्टाचार आदिले पनि यस्तो कार्यलाई बढावा मिलेको छ । गैरकानूनी व्यापार फस्टाउनाले वन-जङ्गलको विनाशमात्र नभएर वन्यजन्तुहरू समेत मासिदै गइरहेका छन् ।

- आन्तरिक तथा बाह्य बसाइसराइ पनि वन विनाशको अर्को कारण हो । मानिसहरू पहाड तथा हिमाली क्षेत्रबाट सुविधाको लागि तथा अन्य अवसरहरूको लागि तराईमा आउँछन् अनि बसोबास तथा खेतीपातीका लागि रूखहरू काट्छन् । यसैगरी नेपाल बाहिरबाट पनि मानिसहरू आउँछन् । वर्तमान समयमा तराईको विभिन्न भागमा भुटानी शरणार्थीहरू आइबसेका छन् । यसैगरी भारत तथा तिब्बतबाट पनि धेरै मानिसहरू नेपाल आएर बसेको हुनाले नेपालको वनजंगल विनाश हुँदै गइरहेक जनसंख्याको वृद्धिसाथै इन्धन (उर्जा) को उपभोगको माग पनि क्रमशः बढ्दै गएको छ । पेट्रोलियम उत्पादनको अभाव, कोइला र जलविद्युत्को विकास हुनमा तीव्रता नभएकोले वन सम्पदा एक्लैले करिब ८० प्रतिशत इन्धन उपभोगमा योगदान गरेको छ । दाउरा (काठ-इन्धन) लाई दैनिक खाना पकाउन तथा प्रकाश र कृषिमा आधारित साथै घरेलु उद्योगहरू आदिमा प्रयोग गरिन्छ । करिब १००० वर्ग कि.मि वन क्षेत्र प्रत्येक वर्ष इन्धनको लागि विनाश हुँदै आएको देखिन्छ ।
- नेपालमा कृषि क्षेत्र बाहेक वैकल्पिक रोजगारीका अवसरहरू नभएकोले देशको ग्रामीण क्षेत्रमा बेरोजगारी तथा अर्धबेरोजगारी जस्ता समस्या व्यापकरूपमा फैलिएको छ । कृषि क्षेत्रमा लुकेको बेरोजगारीको समस्या छ । किसानहरू खेती लगाउने तथा स्याहार गर्ने समयमा मात्र कृषि पेशामा व्यस्त रहन्छन् । अन्य समयमा बेरोजगार भएकोले अतिरिक्त आम्दानी गर्नको लागि अवैध रूपमा दाउरा, काठ आदि काटेर आम्दानीको लागि बेच्छन् । वनजंगललाई वैकल्पिक आम्दानीको स्रोतको रूपमा लिएकोले वन विनाशको क्रम बढिरहेको छ ।
- नेपालमा शहरीकरणको प्रक्रिया बढ्दो छ । शहरीकरण गर्ने सवालमा वनको फडानी भएको छ । एकातिर बस्तीका लागि वन-जंगल नासिदै छ भने अर्कोतिर शहरमा अग्लाअग्ला घरको निर्माण गर्न र कलकारखाना, फर्निचर आदिका लागि आवश्यक पर्ने काठ, बढ्दो जनशक्तिलाई खाना पकाउनका लागि आवश्यक पर्ने दाउरा आदिका लागि वन-जंगल

नष्ट हुँदै गएको छ र मानवका लागि अति नै महत्त्व राख्ने वन सम्पदाको विकासमा समस्या सिर्जना भएको छ ।

- नेपालमा अधिकांश जनशक्ति बेरोजगारी छन् । उनीहरूको प्रमुख आय आर्जनको स्रोत कृषि नै हो । रोजगारीका लागि कृषिबाहेक अन्य विकल्प छैन । करिब ३ महिना मात्र कृषि क्षेत्रमा उनीहरू व्यस्त रहन्छन् भने बाँकी ९ महिना उनीहरूलाई फुर्सद हुन्छ । फुर्सदको समयमा मानिसहरू जंगलतिर लाग्ने घाँसपात, काठदाउरा ल्याउने बिक्री गर्ने गर्दछन् । जसले गर्दा वन-जंगलको विनाश हुन गएको छ ।
- बाटोघाटोको निर्माण कार्यले गर्दा पनि नेपालमा वनजस्तो अमूल्य सम्पदाको विनाश भएको पाइन्छ । ठूला-ठूला सडकको निर्माण गर्ने सवालमा वन-जंगल काटिएको छ । कलिला बोटविरूवाहरू नष्ट गरिएको छ । जसले गर्दा एकातिर वन्यजन्तु लोप हुने स्थिति आएको छ भने अर्कोतिर पहाडी क्षेत्रमा जमेको भागलाई बमले थर्काउन पुग्दा भू-क्षयलाई निम्त्याएको छ र साना साना बोटविरूवाहरू नासिन पुगेका छन् ।
- र बढ्दो जनसंख्यासँगै खाद्य वस्तुहरूको मागमा पनि वृद्धि हुन्छ । खाद्यान्नको बढ्दो मागलाई पूरा गर्न खेतीको विस्तार गर्नुपर्ने हुन्छ । खेतीयोग्य जमिनको आपूर्ति सीमित हुने हुँदा मानिसहरूले वन जंगलमाथि अतिक्रमण गर्दछन् । फलस्वरूप वन जंगल विनाश हुन पुग्दछ ।

नेपलामा तिव्र वन विनाशको चपेटामा परेको मुलुक हो । बितेको ३ दशकमा नेपालमा तीव्ररूपमा विनाश हुँदै आएका छन् । वन सम्पदाको क्षय तथा विनाश भन्नाले यस्तो अवस्थालाई बुझ्नु पर्दछ । जस अन्तर्गत वनको पुनःसिर्जना हुन सक्ने क्षमता भन्दा बढी वन पैदावार निरन्तर रूपमा प्राप्त गर्ने प्रयत्न मानिसद्वारा गरिन्छ । यस्तो प्रक्रियाले अन्तत वनको कुल क्षेत्रफललाई नै घटाइदिन्छ । हुन त नेपालमा विगत ५० वर्षमा काठ, दाउरा र पशु आहारको मागमा भएको वृद्धिले वन पैदावारको मागमा तीव्र वृद्धि भई वन विनाशको गति तिव्ररूपमा बढेको छ । नेपलामा हुँदै गएको तिव्र वन विनाश पनि हाम्रा लागि निकै सोचनीय छ ।

वन विनाश नियन्त्रण गर्न उपयुक्त सुझावहरू

जनताका काठ दाउरा सम्बन्धी न्यूनतम आवश्यकता पूर्ति गर्न उचित व्यवस्था गर्नुपर्छ, वनको संरक्षण र सम्बर्द्धन सम्बन्धी प्रभावकारी प्रचार हुनुको साथै सरकारी नीति र कार्यक्रमहरू

स्पष्ट र स्थिर हुनुपर्छ । वन संरक्षण र वातावरण सन्तुलनका कार्यक्रमहरूमा जनसहभागिता बढाउनु पर्दछ । अर्को कुरा वन कर्मचारी र स्थानीय प्रशासकहरू माथि कडा निगरानी राख्नुको साथ-साथै राजनैतिक स्वार्थ पूर्तिमा वनलाई साधन नबनाउने गराउनु पर्दछ । वातावरण दूषित हुन नदिन आज प्रत्येक नेपालीको प्रयास आवश्यक छ । स्वच्छ वातावरण उपलब्ध हुन सकेन भने मानव जातिले जीवनयापन गर्न कठिन पर्न जाने कुरा प्रत्येक नेपालीले आ-आफ्नो गाउँ घरमा पुऱ्याउनु परेको छ । वातावरण-पर्यावरणको संरक्षण र सम्बर्धन गर्नका लागि आधारभूत कुराहरू प्रचार-प्रसार गर्नुको साथै भू-उपयोग (माटोको) सही तरिकाबाट गर्ने नीतिका तर्जुमा र कार्यान्वयनतर्फ जोड दिनुपर्ने आवश्यकता भएको छ । देशको उत्तरी भेगमा बाँझो जमिनमा मात्र चरन विकास गर्न उचित व्यवस्था गर्नुपर्दछ । यसको साथ-साथै भीर-पाखाहरूमा ज्यादा जरा फैलिएर जाने खालको बिरूवाहरूमात्र वृक्षारोपण गर्ने गराउनु राम्रो हुनेछ । दुर्लभ हुने आशंका भएका वनस्पतिको सूची तयार गर्नुका साथै दुर्लभ हुँदै गएका बिरूवाहरूको वातावरण अध्ययन गरी कारण पत्ता लगाई यसलाई रोक्न प्रयास गर्दै लैजानु पर्ने देखिन्छ । माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूलाई वन-जंगलको उपयोगिता, महत्त्व, नर्सरी निर्माण, वृक्षारोपण, वन सम्बर्धन, वन संरक्षण आदिबारे ज्ञान दिलाउन सकेमा ठूलो लगानीसाथ गरिएका प्रचार-प्रसार कार्यक्रमहरू भन्दा बढी यो प्रभावकारी हुनसक्छ । गरिबीको कारण वन विनाश गर्नुपर्ने बाध्यतामा परेका अभिभावकलाई वन शिक्षा प्राप्त विद्यार्थीले वन जंगलको समुचित उपयोग, उपभोग गर्ने कला सिकाउन सक्ने छन् । पर्ती जग्गाहरूमा रूख-बिरूवाहरू रोप्नुपर्ने खेतबारीका कान्लाहरूमा बिरूवा रोपी आफ्नो रोजी-रोटीको निम्ति वैकल्पिक व्यवसायको रूपमा अपनाउन सक्छन् । सरकारी तथा गैर-सरकारी क्षेत्रबाट कार्यान्वित वृक्षारोपण अभियानलाई अझ बढी सक्रिय तुल्याउन तथा घाउ पुऱ्याउन, सबैले घर वरिपरि प्राकृतिक वातावरण कायम राख्न वा सिर्जना गर्न हामी सम्पूर्ण समुदायले हरेक वर्ष बढी भन्दा बढी वृक्षारोपण गरी आ-आफ्नो देश तथा विश्वका वातावरणलाई सुन्दर निर्मल तथा स्वस्थ राख्न सघाउ पुऱ्याउनु नै वर्तमान समयको आवश्यकता छ ।

वर्तमान पन्ध्रौं योजना (२०७६-२०८१) मा वन, जैविक विविधता तथा जलाधार विकास कार्यक्रम अन्तर्गत वन क्षेत्रको दिगो व्यवस्थापन र उद्यमशीलताबाट समृद्धि र सुखमा योगदान गर्ने सोच राखिएको छ । त्यस्तै, वन, जैविक

विविधता तथा जलाधारको दिगो र सहभागितामूलक व्यवस्थापनबाट वातावरणीय सन्तुलन र दिगो विकास कायम राख्दै वनजन्य उद्यम तथा पर्यापर्यटनको विकास एवम् वस्तु तथा सेवाको उत्पादन, मूल्य अभिवृद्धि एवम् न्यायोचित वितरण मार्फत अर्थतन्त्रमा यस क्षेत्रको योगदान वृद्धि गर्ने लक्ष्य राखिएको छ । यसको साथसाथै यस योजनामा वन, जैविक विविधता तथा जलाधार सम्पदाको उत्पादन र वातावरणीय सेवामा अभिवृद्धि गर्नु वन, जैविक विविधता र जलाधारको संरक्षण, पुनर्स्थापना र दिगो उपयोग गर्नु वन, जैविक विविधता तथा जलाधार सम्पदाबाट प्राप्त लाभको न्यायोचित वितरण गर्नु, वन, जैविक विविधता तथा जलाधार क्षेत्रमा अध्ययन, अनुसन्धानलाई प्रवर्द्धन गरी वनमा आधारित उद्यम विकासमा उपयोग गर्ने आदि जस्ता उद्देश्यहरू राखिएको पाइन्छ ।

वातावरण व्यवस्थापनका सम्बन्धमा व्यवस्थित नीतिलाई विषयगत निकायले आफ्नो कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक प्राथमिकता नदिएको, विभिन्न क्षेत्रगत नीति तथा कार्यक्रमसँग वातावरण नीति तथा कार्यक्रमको स्पष्ट तालमेल हुन नसकेको, अन्तरनिकायगत समन्वयको अभाव भएको, वातावरण संरक्षण सचेतना लक्षित समुदायसम्म पुग्न नसकेको, गैरसरकारी संस्था/दातृ संस्थाहरूबाट भए गरेका कामहरू समन्वयात्मक रूपमा सञ्चालन हुन नसकेको जस्ता समस्याहरू देखिएका छन् । वातावरण व्यवस्थापन सम्बन्धमा व्यवस्थित नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, स्वीकृत मापदण्डको पालना लगायत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको प्रभावकारी कार्यान्वयन गर्नु तथा व्यक्तिको स्वस्थ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गर्नु जस्ता चुनौतीहरू रहेका छन् । वातावरणको क्षेत्रमा विकासका प्रयासहरू तत्कालको फाइदा प्राप्तितर्फ परिलक्षित हुनु, आर्थिक विकासलाई दिगो बनाउनको लागि वातावरण व्यवस्थापनलाई कार्यान्वयन तहमा उतार्न नसक्नु, वातावरणीय क्षतिको कारण पत्ता लगाई समाधान गर्नु भन्दा पनि क्षेत्रगत विकासको सोच अनुरूप कार्यक्रमहरू कार्यान्वयन गर्ने प्रयासमा निरन्तरता रहनुजस्ता समस्याहरू रहेका छन् । वन विनाश, माटोको क्षय, उत्पादनशीलतामा ह्रास एवं मरूभूमिकरण, बाढी, पहिरो, जैविक विविधताको ह्रास प्रमुख ग्रामीण वातावरणीय समस्याको रूपमा रहेका छन् भने शहरी क्षेत्रमा फोहोरमैलाको व्यवस्थापन, पानी तथा वायु प्रदूषण व्यापक बन्दै गएको छ । साथै ध्वनिको उच्च तहबाट सिर्जित समस्या पनि शहरी र औद्योगिक क्षेत्रमा

चिन्ताको विषय बन्दै गएको छ । त्यसैगरी बढ्दो मरूभूमिकरण, हिमताल विष्फोटनका कारणहरू पनि वातावरण विनाशकै अभिन्न अङ्गको रूपमा पाइएको छ । समष्टिगत रूपमा दुई प्रकारका वातावरणीय चुनौतीहरू नेपालीले भोग्नु परेको देखिन्छ पहिलो, सन् १९७० र ८० को दशकमा देखिएका प्राकृतिक स्रोतमाथिको चाप तथा वायु एवं जल प्रदूषणबाट सिर्जित समस्याहरू र दोस्रो आफू कारक नभए पनि भोग्नु परिरहेको र अझै भयावह हुन सक्ने जलवायु परवर्तनबाट सिर्जिएको समस्याहरू ।

वातावरणीय नीति तथा कार्यक्रमहरूको कार्यान्वयनगत कमजोरी एवं विकास कार्यहरूमा वातावरण संरक्षणको सवाललाई मूल प्रवाहीकरण गर्नु चुनौतीको रूपमा रहेको देखिन्छ । ♦

कविता

प्रहरीका परिवारको सन्देश !

✍ **प्रेमा भुषाल**

मलाई गर्व छ तिम्रो परिवार हुनुमा
किनकि तिमी एक स्वाभिमान प्रहरी हौ
सरल छन् तिमी भित्रका सुमधुर वाणीहरू
उच्च छन् सधैँ तिम्रा शिरहरू
त्यसैले त तिमी प्रहरी भएरै बाँच्ने अनि मर्ने बाचा गर !

खुल्ला आकाशको उज्यालो जस्तै
चकमकाउने तिम्रा निला रङ्गका पहिरनहरू
विशाल छन् तिमी भित्रका अनमोल हृदयहरू
काम्दैनन् उकाली अनि ओरालीका पङ्खहरू
त्यसैले त तिमी प्रहरी भएरै बाँच्ने अनि मर्ने बाचा गर !

सगरमाथाझैँ उज्याला देखिने तिम्रा नयनहरू
वर्णनात्मक छन् तिमीमा बाँधिएका सुशासनहरू,
बिच सडकमा छटपटिएका घाइते सामु तिमी पुग्दा
अब म बाँच्न सक्छु भन्दै लामो श्वास फेर्ने ती घाइतेहरू
त्यसैले त तिमी प्रहरी भएरै बाँच्ने अनि मर्ने बाचा गर !

तिमी पोशाकमा सजिएर ड्युटीमा उभिदा जब
खुसी देखिने ती सडक मानवहरू,
परैबाट तिमीलाई देख्दा शान्त हुने,
सडकका ती अनियन्त्रित गल्लिहरू
त्यसैले त तिमी प्रहरी भएरै बाँच्ने अनि मर्ने बाचा गर !

झुक्न नजान्ने अटल छन तिम्रा कदहरू
शान्त अनि शितल छन् तिम्रा पाइलाहरू
तिमीलाई देख्दा सुरक्षित महसुस गर्ने,
हाम्रो परिवार जस्तै बाँचेका छन्, तमाम प्राणहरू
त्यसैले त तिमी प्रहरी भएरै बाँच्ने अनि मर्ने बाचा गर !

नियात्रा

कर्णालीका तिरै तिर पचाल झरना अग्ला शिर !

"दाई, हामी अस्ति पचाल झरना गाको नि । कस्तो राम्रो रहेछ । हजुर पुग्नु भयो त ?" एउटी बहिनीले सामान्य भेटघाटको क्रममा सोधिन् ।

"नाईं, छैन नि ! अलि पछि जान्छु म ।"

मेरो स्वतस्फुर्त जवाफ उनको अपेक्षा विपरीत परेछ । विस्मित भावमा उनले भनिन्, "छिट्टै जानुस् न ल ! अनि त्यहाँको बारेमा पनि लेख्नुहोला है ?" म खिस्स हाँसें । उनी मेरो नियात्राको नियमित पाठक भएको जानकारी पाउँदा खुसी लाग्यो ।

पचाल झरना मेरो दृष्टिभन्दा पर थिएन । कालीकोटको बसाईमा पुग्नै पर्ने स्थानको "हिट लिस्ट" मा राखेको थिएँ । असारको मध्यतिर जाने योजना थियो । वर्षा लागेपछि पानीको आयतन बढ्ने भएकोले झरना झनै सुन्दर देखिने अनुमान गरेको थिएँ । तर उनको अनुरोधले मेरो हुटहुटी बढ्यो । पछि समय मिल्छ या मिल्दैन, अहिले नै जाउँ न त भन्ने लाग्यो ।

ज्येष्ठ ३० गतेको दिन थियो । क्षणभरमै योजना बन्यो । मित्रजी लगायतका आठ जना सहकर्मी मलाई साथ

✍प्र.ना.उ. जयश्वर रिमाल

दिन तयार भए । अपरान्ह १४:१० बजे म सहित नौ जनाको टोली मान्मबाट पचाल झरनाको लागि हिंड्यौं । मान्मबाट हुल्म हुँदै कर्णाली करिडोरको बाटोमा गाडीमा हाम्रो यात्रा शुरू भयो । लालीघाट, रेंगिल, सान्नीघाट हुँदै करिब १८:०० बजे भैंसे सैन पुगियो । गाडी पार्क गर्दै गर्दा पानीको छिटा शुरू भयो । हतार हतार झोलुङ्गे पुल तर्दै लाफा तर्फ लाग्यौं ।

सिमसिम पानी बाक्लिदै गर्दा गन्तव्यमा पुग्न सकिँदैन कि भनी मित्रजी चिन्तित हुनुभयो । वहाँको चिन्ता यथार्थमा परिणत गर्न नदिने चाहना भए पनि प्रकृतिसँग हाम्रो के जोर चल्थ्यो र ! आत्तिएको मनलाई सम्हाल्दै खुट्टाको बेग बढाउनुको विकल्प थिएन । सवा छ बजे पचाल झरना गाउँपालिकाको केन्द्र पणेक्षामा पुगियो ।

पालिकाका अध्यक्ष लगायतको सिङ्गो टिमको स्वागत सहितको आतिथ्यताले मन द्रवीभूत भयो ।

बादलले आकाशलाई फेरो मार्यो । रातभरि पानी पर्ने सम्भावना देखियो । "झरनासम्म पुग्ने बाटो त्यति सहज छैन त्यसमाथि पानी पर्यो भने त कसरी पुग्नुहोला र सर !", पूर्ण (पचाल झरना गा.पा.का प्रमुख प्रशासकीय अधिकृत) जीको यो भनाईले थप अनिश्चयको बादल लाग्यो । गन्तव्यमा पुग्न सकिँदैन कि भन्ने चिन्ताले यात्रामा संशय थपियो ।

खिन्नताका बाबजुद केही बेर गफगाफ गर्यौं । अनि स्थानीय स्वादको खानासँगै त्यस रातलाई त्यही बिसाउने निधो गर्यौं । झमझम पानीसँगै मन शीतल बनाई बेडमा ढल्किनै लाग्दा मोबाइलको नोटिफिकेसनले मेरो मौनता चिर्यो ।

"म्यासेज सेन्डर" थिइन कविता चापागाईं । प्लान इन्टरनेशनलको परियोजना विज्ञको रूपमा कालीकोट खटिएकी उनले हामीसँगै जान औधी मन गरेकी थिइन् । मौसम पूर्वानुमान हेर्दै कल गरेकी रहिछन् । भोलिपल्ट मौसम सफा हुने सन्देश सहितको शुभेच्छाले आङ्गमा घाम लागेको महसुस भयो । कारणवश सँगै जान नपाएकी उनले झरनाको तस्बिर हेर्न आतुर रहेको जानकारी समेत गराइन् ।

३१ गते बिहान उठ्दा मौसम सफा देखियो । रातभरि परेको पानीले चिन्तित मनमा हर्षका किरण सञ्चारित भए । मानौं, हामीलाई ठुलै सफलता मिलेको छ ।

पचाल झरना जाने बाटोमा दुई खण्ड रहेछन् । पणेक्षादेखि खार्दुसम्म पहिलो खण्ड अनि खार्दुदेखि झरनासम्म दोस्रो खण्ड । केन्द्रबिन्दु भने खार्दु गाउँ । पहिलो खण्ड ठाडै उकालो र दोस्रो खण्ड तेर्सो । पहिलो खण्डमा मोटरबाटोको ट्रयाक बनिसकेको । तर भैंसे सइनदेखि लाफा जोड्ने "मोटरेवल पुल" नभएकोले मोटरसाईकल मात्र जाने गरेको । दोस्रो खण्डमा पर्यटकीय पदमार्ग बनिरहेको ।

पैदल यात्रामै रमाउने हामीले दुवै खण्ड हिँडेरै पार गर्ने निधो गर्यौं । पणेक्षाबाट दुई जना सारथी थपिए । हाम्रो संख्या ११ भयो । पौने छ बजे पद यात्राको लागि तयार भयौं । झरनाको पानीले बनेको खोलाको जलले सिंचन गरी खोलामाथि बनेको नयाँ पुल तर्यौं । अगाडि देखिने पहाडको सौन्दर्य आँखामा राखी छिट्टै झरनामा पुग्ने अभिलाषाका साथ यात्रा शुरू भयो ।

बाटो तर्पिउँ-तर्पिउँ थियो । केही अगाडि लाफागाड साना जलबिद्युत आयोजना (स्थानीय हाइड्रोपावर) रहेछ । त्यहाँबाट भने चिउँडो नै ठोकिने

उकालो यात्रा शुरू भयो । यात्रामा बढेको श्वासलाई छिनछिनमा बिसाउँदै चौथा पुगियो । चौथाको सानो गाउँमा रहेको धाराले पानी प्यास मात्रै मेटाएन, शरीरमा स्फुर्ति समेत बढायो । खुट्टा लम्काउँदै केही बेर हिँडेपछि खलाबैनी पुगियो । लाफाबाट आएको सडक नागबेली हुँदै उकालो चढ्दै यहीं आएर भेट हुने रहेछ । केहीबेर मोटर बाटोमा हिँडेपछि हामी खार्दु गाउँ पुग्यौं ।

पणेक्षाबाट करिब २ घण्टाको पैदल यात्रामा पुगिने गाउँ रहेछ यो । स्वास्थ्य अवस्था प्रतिकूल रहेका वडा अध्यक्ष कृपालाल कठायतलाई भेटी शिघ्र स्वास्थ्य लाभको कामना गरियो । कार्यबाहक अध्यक्ष दान बहादुर कठायतको स्वागत आत्मिय थियो । उनीसँगै गाउँको वस्तुस्थितिबारे सामान्य जानकारी लियौं । उनले विगत केही वर्षयता पहिरोको शिकार भएको खार्दु गाउँ उच्च जोखिममा रहेको र गाउँका बासिन्दा हरेक मनसुनमा त्राहीमाम भई बस्नुपर्ने अवस्था रहेको जानकारी गराउँदा दुःख लाग्यो ।

खार्दु पुगेपछि दुईवटा पदमार्ग भेटियो । एउटा मार्ग उनीकोट दरबारतर्फ जाने रहेछ भने अर्को मार्ग पचाल झरनातर्फ । हाम्रो गन्तव्य दोस्रो मार्गतर्फ भएकोले झरनातर्फ लम्कियौं । दान बहादुर सहित दुई जना सहयात्री थपिए यात्रामा । गाउँबाट करिब आधा घण्टामा कोट पुगियो ।

झरनाबाट करिब ३ कि.मि. वरै रहेको यस स्थानबाट देखिने पचाल झरनाको भ्युले चुम्बकले ताने झैं आँखा तान्यो । टाढा भए पनि यहाँबाट झरना पूरै देखिने र पृष्ठभूमिको "ल्याण्डस्केप" ले झरनाको सुन्दरता बढाउने भएकोले यहाँ भ्यु प्वाइन्ट बनाइएको जानकारी पाइयो । आँखाले रहर पुगुन्जेल झरनालाई हेरी क्यामेरामा केही थान तस्बिर कैद गरियो । अनि प्रफुल्लित मुद्रामा "कर्णालीका तिरै तिर, पचाल झरना अग्ला शिर..." बोलको डेउडामा साथ दिँदै माहौललाई सांगितिक बनायौं ।

हाम्रो गन्तव्य धेरै टाढा थिएन । यात्रा निरन्तर अगाडि बढ्दै रह्यो । बाटोमा भेटिने सिस्ने कांक्री (सिस्नुको बोटमा फलेको फल) खाँदै भोकलाई पर धकेल्दै अगाडि बढ्यौं । पदमार्गको तल्लो किनारमा रहेको बुढेत्तोको रातो फूल अनि ठुला पातले मेरो गाउँको जंगलमा पाइने भट्टेको झल्को दियो । बचपनमा भट्टेको पातमा ऐंसेलु टिपेर खाएको याद ताजा भयो ।

विगतको स्मरणमा रमाउँदै नयाँ भूगोलको दृश्यपान गर्दै जाँदा एकैछिनमा चुलेमी कटेर खिब्ला पुगिएछ । सजिलो बाटो भएकोले यात्रा निरन्तर नै रह्यो । केहीबेरमा भुल छहरा खोलामा पुगियो । पुगमालिकाको पानी

ढँडारमा जम्मा भई झुल छहरा खोला बनेको जानकारी दिए दान बहादुरले । खोलाको माथि झोलुङ्गे पुल बन्दै गरेको रहेछ । जङ्गलतर्फको अस्थायी बाटोबाट अगाडि बढ्यौं । काठको दुईवटा फट्टा राखी बाट खोला माथिको बनेको अस्थायी पुल होसियारीका साथ तर्यौं ।

झुल छहरा खोलाले करिब १०० मि. अग्लो सुन्दर झरना बनाएको रहेछ । एकनासको आवाज, शान्त बहाव अनि वरिपरिको वातावरणलाई चिस्याउने पानीका मसिना बुँदहरूले एकछिन मन बहलायो । खोलासँगको केहीबेरको अंकमाल पछि भराणा पाटो हुँदै पदयात्राको अन्तिम बिन्दुमा पुगियो । भिरालो परेर बसेको राफा ढुङ्गाले पदमार्गको अन्तिम बिन्दुको पहिचान बोकेको रहेछ ।

झरनाको स्पर्श गर्न जानेलाई यसले निकै जोखिम बढाएको रहेछ । निकै कम यात्रुले मात्रै यो ढुङ्गा पार गरेर झरनामा पुग्न सक्ने रहेछन् ।

राफा ढुङ्गाको छातीमा मायालु स्पर्शका साथ पैताला राखी सावधानीका साथ पार गरियो । पणेक्षाबाट शुरू गरेको करिब ४ घण्टाको एकतर्फी पैदल यात्रामा "मोस्ट अवेटेड" झरनामा पुगेसँगै हाम्रो प्रतिक्षाको घडी सक्कियो ।

ओहो ! कति सुन्दर झरना । भिमकाय चट्टानमा सिरानी हाली लहरिएको पानीको दृश्यले निकै मोहित बनायो । सायद सुन्दरताको केन्द्रबिन्दु पहिल्याउने मेरो कोसिस शुरू भएछ । अविवाहित युवकले आँखा अगाडि देखा परेकी सुन्दरीको शरीर नियाले झैं झरनालाई एक तमासले हेर्दे गर्दा आफैं टोलाएँछु । अनि एक्कासी खुसीले भरिएको मन सम्हाल्न नसकी पागल झैं चिच्याउन थालेंछु । आफ्नो आवाज चट्टानमा ठोकिई कानमा गुञ्जिंदा आफैं डराएको पललाई साथीहरूले क्यामेरा कैद समेत गर्न भ्याएछन् ।

बेपर्वाह खुसीका साथ एक उन्मत्त साँढे झैं बे-लगाम भई झरनाको आसपासमा दौंडिदा मेरा सहकर्मीहरू चिन्तित भएको जानकारी पाएँ । दुई खण्डमा बिभक्त झरनाको बिच भागमा थियौं हामी । तल सिधैं भिर । सामान्य असावधानीमा समेत करिब १०० मिटर तल झर्न सक्ने अवस्था थियो ।

प्यास बढेको थियो । झरनाको चिसो पानी बोटलमा भरी प्यास मेटाएँ । माथिबाट खसेको झरना चट्टानको तेर्सो भागमा ठोक्किँदा आएको दबाबले बेला-बेलामा पानी उकालोतर्फ फैलिन्थ्यो । अनि पुनः तल झर्ने बेलामा साविकको बाटो फेर्थ्यो । यस अवस्थामा झरनामा अनौठो उत्तेजना देखिन्थ्यो । झरनामा टांसिएर तस्विर लिन खोज्ने सबैलाई

नशालु झरनाले चुम्न खोजको भान हुन्थ्यो । यो दृश्य निकै हेर्न लायक थियो ।

पुलकित हुँदै कोही टिकटक बनाउन थाले । कोही पुरै झरनालाई क्यामेरामा कैद गर्न उपयुक्त स्थानको छनौट गर्न थाले । सबैको ध्यान झरनाको सुन्दरता क्यामेरमा उतार्ने थियो । नाङ्गो आँखाले देखेको प्रकृतिको सुन्दरता अनुपम थियो । क्यामेराले यो दृश्यलाई कैद गर्न नसकेको भाव सबैको अनुहारमा पढ्न सकिन्थ्यो । अपेक्षा गरेजस्तो तस्विर कसैले पनि खिच्न सकेन । फगत क्यामेराले यस्तो मनमोहक दृश्य कैद गर्न सक्ने भए यति बिघ्न कष्ट गरी-गरी मानिसहरू किन त्यहाँ पुग्थे र ! तैपनि हाम्रो कोसिस जारी रह्यो । मोबाइलमा चार्ज बाँकी रहेसम्म फोटो र भिडियो खिची नै रह्यौं ।

वास्तवमा पचाल झरना कालीकोटको एउटा पहिचान रहेछ । करिब ५ वर्ष अघि पचाल झरना गाउँपालिकाको प्राविधिक टोलीले मापन गर्दा झरनाको उचाई ३८१ मिटर पाइएकोले नेपालको सबैभन्दा अग्लो झरना भनि सुचिकृत भएको तेह्रथुमको ह्यातुंग झरना भन्दा पनि १६ मिटर अग्लो रहेको स्थानीयले दाबी गरेका छन् । प्रसिद्ध धार्मिकस्थल चुलीमालिकाबाट आएको हुनाले यस झरनालाई धार्मिक हिसाबले समेत महत्वपूर्ण मानिएको छ । हिउँदमा दुई भागमा बिभक्त हुने अनि वर्षामा एउटै विशाल छाँगो बन्ने यस झरना कालीकोटको विकासमा सम्भावना बोकेको पर्यटकीय स्थल रहेको तथ्य बोकी पुनः मान्म तर्फ फिर्ता भयौं । ♦♦

गजल

✍ **प्र.स.ह. टीकाराम दुलाल**

समय पुरानै हिसाबमा फिर्ला नफिर्ला डराउँछु ।
र छोराले आमाको भारा तिर्ला नतिर्ला डराउँछु ।

म त बाबु भए हर्ष बढाइनै थियो खुसीनै थिए
गलत र सही भनौ भने मलाईनै पिर्ला डराउँछु ।

सन्तान बिग्रिएको म देख्दा देख्दै नदेखेझै गर्छु
कतै गडबड भए आमाको छाती चिर्ला डराउँछु ।

जवना खराब हो वा मेरो नजर कि आमाको प्यार
सन्तानलाई म सम्झाउँ भने भट्टि छिर्ला डराउँछु ।

स्वतन्त्रताको हकले पो हो कि सन्तान स्वतन्त्र
मेरो कुरा नबुझेर उसकै नजरमा गिर्ला डराउँछु ।

लोककथा

माछा ढडिने समान

✍ यशु श्रेष्ठ

भोटुका परिवारको खेतीपाती थिएन । उनीहरू दिनभर गिट्ठा भ्याकुर खोज्न जान्थे । साँझ सबै मिलेर गिट्ठा भ्याकुर पकाएर खान्थे । उनीहरूको दैनिकी यसरी नै चलिरहेको थियो ।

"सधैँ कति गिट्ठा र भ्याकुर मात्र खानु ? अरू केही खानेकुरा खाऊँ न बा ।" भोटुले गिट्ठा खाँदाखाँदै मुख बिगाऱ्यो । उसले आफ्नो बुबालाई यसो पो भन्यो ।

"खै, अरू कन्दमुल केही पाइँदैन । यही गिट्ठा पनि बल्लतल्ल खोजेर ल्याएको हुँ ।' बाले भने, 'शिकार पनि केही पाइँदैन । मलाई पनि मुख फेर्न त मन थियो ।'

'आज मैले एउटा खोला देखेर आएको छु । भोलि सबै जना मिलेर माछा मार्न जाऔँ ।' आमाले भनिन् । 'खोला !' बा खुसी हुँदै बोले । गिट्ठाबाहेक अरू कुरा खान पाउने आशाले भोटु पनि रमायो ।

भोलिपल्ट भोटुहरू खोलामा गए । बाले दुवाली थुने । आमाले स्याउला र चपरी ल्याएर बालाई दिइन् । भोटु माछा मार्छु भन्दै खोलाखोला दौडन लाग्यो ।

दुवाली थुनिसकेपछि आमाबा पनि माछा मार्न लागे । माछा त सुलुलु सुलुलु भागेरै हैरान् । 'के गर्ने होला त ?' बाले एकछिन सोचे । उनी पाखातिर गए । सानासाना बाँसलाई भाँचेर ल्याए । दुवालीको पुछारमा बाँसलाई मिलाएर बार बनाए । 'अब भने माछा भाग्न नसक्लान् ।' उनी माछा मार्न लागे । सुलुलुलु बारको बिचबिचबाटै माछा उम्किहाले । 'माछा उम्क्यो बा, माछा उम्क्यो ।' भोटु चिच्यायो । बा दौडँदै आएर हेरे । बाँसको चेपचेपबाट माछा भागिरहेका थिए ।

'यो चेप नै नरहने बनाऔँ न बा ।' भोटुले भन्यो । 'चेप नै नरहेपछि पानी कहाँबाट बग्छ नि फेरि ?' बाले भने । 'अँ, हो त हगि ?' भोटुले टाउकोमा हात राख्दै भन्यो, 'पानी चाहिँ जाने, माछा चाहिँ नजाने बनाउनु पऱ्यो के बा ।'

'हो हो, भोटुले ठिक भन्यो ।' भोटुकी आमाले त्यतै आउँदै भनिन्, 'यो बाँसबाँसलाई लहराले बुन्नु पऱ्यो । माछा त्यहीं अड्किन्छन् । पानी बाहिर जान्छ ।'

'अनि माछा त्यहीं ढाडिएर बस्छ हा हा हा !' भोटु खुसी हुँदै हाँस्यो । बाले एकछिन सोचे । 'कसरी त्यस्तो बनाउने त ?' आमासँग सल्लाह गरे । बाआमा मिलेर बाँसलाई लहराले बुन्न लागे । भोटुले सहयोग गऱ्यो । 'लौ लौ, यहाँबाट माछा गइहाल्छ नि ।' बुनेको ठाउँमा भोटुले औंला छिराउँदै भन्यो । 'अलि बाक्लै बुनौं । अनि, बेरेर झोलाजस्तो बनाऔं । त्यसको भित्र माछा बस्ने कुर जस्तो पनि बनाऔं । माछा त्यतै अल्मलिन्छन् । समाउन सजिलो हुन्छ ।' बाले निकै राम्रो उपाय लगाए । उनीहरूले सोचे जस्तै बाँसलाई बुन्न लागे । बाँस बुन्दाबुन्दा साँझै पऱ्यो ।

'आ, आज यतै बसौं । यो बुनिसकेपछि एकपटक माछा मारी हेरौं । के हुँदो रहेछ !' बाले भने । बाले आगो सल्काए । आमाले माछा पोलिन् । सबै मिलेर पोलेको माछा मिठो मानी खाए ।

फेरि आमा र बाले बाँस बुन्न लागे । निकै समयपछि त्यो तयार भयो । आफूले तयार गरेर समान हेर्दै सबै खुसी भए । 'योभित्र माछा ढडिएर बस्ने नै भए ।' भोटु उफ्रिँदै रमायो । आमा र बा पनि हाँसे । यो रात उनीहरू खोलाको किनारामै सुते ।

भोलिपल्ट बिहानै बाले दुवाली थुने । दुवालीको पुछारमा बाँसको त्यो समान राखे । भोटु त्यहींनेर हेरेर बस्यो । 'माछाहरू माथिबाट सुलुलु भाग्दै तल आउँथे । फुत्तफुत्त त्यो सामानभित्र छिर्थे र त्यही अड्किन्थे ।

'माछा पस्यो बा पस्यो । हेर्न आउनुस् त आमा !' भोटु उफ्रिँदै चिच्यायो । आमाबा नै त्यहाँ हेर्न आए । माछा त गजबले पासोमा परेछन् । आफूले बनाएको समानले काम गरेको देखेर सबै जना खुसी भए ।

उनीहरूले त्यसलाई अझ राम्रोसँग बुनेर बनाए । एउटा गजबको साधन बनाउन सकेकोमा उनीहरू खुसी भए । समान र माछा बोकेर उनीहरू दिउँसै गुफामा फर्किए । रमाएर माछा पोली खाए । "माछा ढाडिने सामान !" भोटुले त्यसलाई साह्रै जतनले राख्यो । उनीहरूले त्यसरी नै बाँसलाई बुन्दै, अझ परिमार्जन गर्दै, माछा मार्ने राम्रो साधन बनाए ।

आजकल पनि बाँसलाई बुनेर माछा मार्ने साधन बनाइन्छ । त्यसलाई 'ढडिया' भनिन्छ । 'माछा ढाडिने समान' भन्दाभन्दै 'ढडिया' भनिएको पो होला कि ! 'ढडिया'को पहिलो रूप त्यही भोटुहरूले बनाएको पो हो कि ? ♦

सन्तुलित जीवन सफलताको आधार

✍ अधिवक्ता प्रेमराज सिलवाल

जीवनमा सफलता मापन गर्दा कुनै पनि मानिस पहिले यसरी प्रस्ट हुनु पर्दछ- गरिब हुनु, कम पढ्नु, दुब्लो हुनु, सम्पत्ति कम हुनु, सरकारी नोकरी नहुनु, विदेशको भिसा नलाग्नु आदि मात्र असफल हुनु होइन । अर्कोतर्फ धेरै धनी हुनु, पैसा र सम्पत्ति, शिक्षा र औकात बढी हुनु, बलियो हुनु, व्यापार हुनु आदि हुनु मात्र पनि सफल हुनु होइन । मानव जीवनमा सफलताको प्रमुख आधार भनेको समग्रतामा आधारित जीवनको सन्तुलन कायम हुनु हो । जसमा मानव जीवनका अनेकौं पक्ष, पाटा, विषय, क्षेत्र र सन्दर्भका दृष्टिकोणमा त्यो व्यक्ति वा मानिसको जीवन सन्तुलित ढङ्गले अघि बढ्नु वा बढाउन सक्नु-टिकाउनु नै हो । जीवनका प्रत्येक पक्ष र पाटामा सन्तुलन गर्न नसक्ने मान्छेलाई सफल भन्न सकिन्न ।

कुनै मानिससँग असङ्ख्य धन सम्पत्ति, घर गाडी, सुन र पैसा आदि छ । उसले पढेको पनि छ । सरकारी नोकरी पनि होला । देश विदेश पनि घुमेको होला । परिवार पनि असल र राम्रो हुन सक्ला । तर उसको आफ्नै निजी जीवन लथालिङ्ग र भताभुङ्ग छ भने त्यो असन्तुलित र अस्थिर सफलता मात्र हो । जुन टिक्नेवाला छैन । मान्छेको खानापानीको कुनै ठेगान छैन, रक्सी, चुरोट जे पनि खान्छ, पैसाको घमण्ड बढी छ, पैसाले जेसुकै र जुनसुकै मानिसलाई किन्न सकिन्छ भन्ने भावना भएका कारण सामान्य रूपमा पालना गर्नुपर्ने कानून मान्दैन, मानवीय, सामाजिक र नैतिक मूल्यमा बस्दैन भने त्यस्तो अवस्थामा उसको जीवन सन्तुलित ढंगले अघि बढ्न सक्दैन । कोही धनी र पैसावाल भएर पनि सामाजिक, कानूनी र नैतिक मूल्यमा बस्दैन भने कुनै पनि क्षण त्यसको धन सम्पत्ति स्वाहा हुन बेर लाग्दैन । परिवारमा कलह, द्वन्द्व र अशान्ति कायम हुन्छ भने धन पैसा र पदीय हैसियतको कुनै अर्थ हुन सक्दैन । अर्को स्मरणीय कुरा के छ भने धन थुपार्नु र कमाउनु भन्दा बढी महत्त्व धन बचाउनु,

स्वास्थ्य बचाउनु, सामाजिक इज्जत बचाउनु, सामाजिक जीवन मर्यादित हुनु, कानूनको फन्दामा नपर्नु वा गैरकानूनी कार्य नगर्नु, अनैतिक र अमानवीय नहुनु र सारमा असल मानव बन्नुमा जीवनको सफलता हुने हो ।

आधुनिक र सभ्य भनिएको समाज, परिवार र शिक्षालयहरूले आफ्ना बालबालिका र विद्यार्थीहरूलाई केवल औपचारिक शिक्षा पढेर पहिला हुने, बढी नम्बर ल्याउने र कक्षामा टप हुने मात्र बढी सिकाउँदै आएका छन् । प्रत्येक प्रतिस्पर्धामा पहिलो र अग्रिणी हुन आवश्यक छैन भन्ने भनाइ र तर्क पटक्कै होइन । तर केवल पढाइमा नम्बर ल्याउने, औपचारिक पदका दृष्टिले ठूलो मान्छे हुने, भौतिक साधन र धन बढी हुने, कार्यालयको हाकिम बन्ने, विदेशको भिसा लाग्ने कुरामा मात्र सफलता देख्ने समाजले मानव जीवनको समग्र सन्तुलनका अनेकौं आधारभूत र प्रमुख पक्ष तथा पाटोमा पटक्कै ध्यान दिएको देखिएन । एउटा हुर्कंदै गरेको बालबालिकालाई सर्वप्रथम सिकाउनु पर्ने कुरा भनेको उसको जीवनको सुरक्षा हो । विभिन्न तथ्याङ्कहरूले कालगतिले भन्दा पनि अनेक प्रकारका लापरबाही, दुर्घटना र मूलतः असन्तुलित जीवनशैलीका कारण मानिसहरूले जीवन बर्बाद हुने गरेको देखिन्छ । जस्तो एउटा स्कुल, कलेज पढ्दै गरेको बालबालिका र युवायुवतीहरूलाई जेब्रा क्रसिङ्गमा कसरी सुरक्षित बाटो काट्ने, घरमा बिजुलीका सामग्रीको प्रयोगबाट कसरी जीवन सुरक्षित हुने, घर व्यवहारका अनेकौं क्षेत्रमा हुने दुर्घटनाबाट कसरी बच्ने, कार्य गर्दा लापरबाही होइन होसियारी र सुरक्षित कसरी हुने, सामाजिक सञ्जालको दुरूपयोग र गैरकानूनी प्रयोगबाट कसरी बच्ने, ग्याँस चुल्लोको प्रयोग, गाडी मोटरसाइकलको हँकाइमा रहेका अनेक प्रकारका सावधानी हुनुपर्ने विषय सिकाउनै पर्ने भएको छ । सहर बजारमा विभिन्न अवस्थामा अर्को मानिससँग गर्ने व्यवहार, कानूनको पालना, सामाजिक र नैतिकवान हुने कुरामा परिवार र शिक्षालयहरूले धेरै ध्यान दिएका छैनन् । यही कारण युवायुवतीहरूले अनेक प्रकारका व्यक्तिगत, सामूहिक झैझगडा, कुटपिट, काटमार, गैरकानूनी हर्कत, लागूऔषधका अनेक कुलत, अनैतिक कार्य, यौनजन्य धन्दा र क्रिया एवम् विविध प्रकारका कठिनाइमा पर्ने गरेका देखिन्छन् । जीवनको समग्र सुरक्षा र सन्तुलनमा ध्यान दिइएन भने यस्ता अनेक घटना घट्दछन् । आफ्नै जीवनको सुरक्षामा लापरबाही गरियो र होसियारी भएन भने क्षणभरमा जीवन बर्बाद हुन सक्दछ । शारीरिक दृष्टिले स्वस्थ्य, बलियो भएर पनि सफलताका उल्लिखित

सन्तुलनको ज्ञान र शिक्षा तथा सावधानी भएन भने जीवन तहसनहस हुन पुग्दछ ।

सफलताको लागि मानव जीवन आधारभूत र अनिवार्य सर्त हो । जीवन नै नरहे कुनै पनि सफलताको सार्थकता हुँदैन । अपवाद बाहेक पृथ्वीका प्रत्येक मानिस जीवनमा सफल हुन चाहन्छ । तथापि सफलताको मापदण्ड यही हो भन्ने छैन । मानव जीवनका आ-आफ्ना प्राथमिकता, आवश्यकता, रूची, सामाजिक, आर्थिक, सांस्कृतिक तथा पारिवारिक अवस्था आदिका आधारमा सफलता मापन गर्ने गरिएका छन् । मानिसका आवश्यकता, प्राथमिकता र रूची फरक-फरक हुने भएकोले सफलता नाप्ने विधि र मापदण्ड समेत फरक हुने गरेका हुन् ।

भौतिक साधन र सुविधाका दृष्टिकोणबाट आधुनिक, विकसित र सभ्य भनिएको वर्तमान समाजमा रूपैयाँ, पैसा र धन सम्पत्तिलाई सफलताको आधारभूत र महत्त्वपूर्ण विषय मान्न थालिएको छ । जीवनका प्रत्येक पाइलामा मानिसलाई रूपैयाँ पैसा र धन सम्पत्तिको आवश्यकता पर्ने पनि गर्दछ । यद्यपि रूपैयाँ, पैसा र धन सम्पत्ति मानिसको जीवनको सफलताको एउटै मात्र मापक र आधार बन्न भने सक्दैन । समाजमा कसको ठूलो घर छ, कसको महङ्गो गाडी छ, कसले भोज पाटीमा बढी खर्च गर्दछ, कसले के-कति सुन गहना लगायो भन्ने जस्ता आधारमा मात्र जीवन सफल भएको मान्न सकिन्न । त्यस्तो सोच र बुझाइ एकपाखे र साँघुरो दृष्टिकोण हो ।

बढ्दो सहरीकरणका कारण मासिनको स्वास्थ्यलाई पनि जीवनको सफलता हो भन्ने मनोविज्ञान बढ्दै गएको छ । सरकारी नोकरी पाउनुलाई सफल भन्ने जमात पनि ठूलै छ । विदेशको र त्यसमा पनि युरोप-अमेरिका, अष्ट्रेलिया, क्यानडा आदि देशको भिसा लाग्नु र ती मुलुकमा जानुलाई जीवनको ठूलो सफलता भन्ने पङ्ती बढ्दै गएको देखिन्छ । यद्यपि हामी समाजमा सफल भएका भनिएका विभिन्न व्यक्ति र मानिसहरूको जीवन, भोगाइ, अनुभव र त्यसबाट प्राप्त भएका शिक्षालाई विश्लेषण गर्ने हो भने जीवनको सफलता भनेकै मानव जीवनको समग्र सन्तुलन बनाउन सक्नुमा अडिएको प्रस्ट हुन्छ ।

सफलताको एकपाखे र एकाङ्की बुझाइका कारण बस्तु बिक्री गर्ने कम्पनीहरूका भड्किला खालका विज्ञापन तथा तिनको समाजमा परेको कूप्रभावले जीवनको सफलता भनेको धन, रूपैयाँ पैसाको प्रदर्शन भन्ने साँघुरा सोचले पुँजीवादी विश्व बजारलाई बढी प्रभावित गर्दैछन् । जुन मानव समाज र सामाजिक नैतिक तथा मानवीय मूल्यका दृष्टिका हिसाबमा डरलाग्दो हुने देखिएको छ ।

अर्थात् धन, सम्पत्ति, रूपैयाँ पैसा, महङ्गा खालका बस्तु र सेवाको प्रयोग, भडकालु खर्च, ठूला भनिएका मुलुक र कम्पनीका रोजगारी पाउने कुरालाई मात्र सफलता ठान्ने प्रवृत्ति बढेको कारण मानिसले आफ्नो जीवनको सुरक्षा, स्वास्थ्य, शिक्षा, सामाजिक, नैतिक, मानवीय र जीवनको यथार्थ पक्ष बिर्सदै गएकाले मानवका मानवीय पक्ष ध्वस्त बन्दैछन् ।

धन पैसा र पुँजीवादी प्रभावका कारण मानिसले आफ्नै जीवनको सुरक्षामा चासो दिन पनि छोडेको छ । मान्छेको आफ्नो जीवनको सुरक्षा सर्वप्रथम आफैँले गर्नु पर्दछ । जतिनै बलवान, स्वास्थ्य, योग्य, सक्षम भए पनि जीवनप्रतिका अनेक खालका लापरबाही र असावधानीले जीवनलिला समाप्त पार्न वा घाइते बनाउन केही बेर लाग्दैन । जस्तो एउटा बलियो, स्वास्थ्य र शिक्षित-धनी युवाले सडकमा लापरबाहीपूर्वक सवारी चलायो भने जीवन समाप्त हुने वा घाइने बन्ने सम्भावनाको दर बढ्छ । अनियन्त्रित मदिरा, लागु पदार्थ खायो भने जीवनमाथि खतरा हुने सम्भावना बढ्छ । गैरकानूनी, गैरसामाजिक र अनैतिक तथा विपरीत लिङ्गीसँगको सम्बन्धले जेल र अन्य सजायको नजिक पुऱ्याउन सक्दछ । यस्तोमा आफ्नै साथी, एउटै कक्षा वा कार्यालयको भन्ने कुराले कुनै अर्थ राख्दैन । गल्ती भएपछि मान्छेलाई कानूनले छुट दिँदैन । सामान्य जस्तो लागे पनि यस्ता विषयमा समग्र सन्तुलन नगर्दा र सावधानी नपुऱ्याउँदा सफलताको पथमा हिँडिरहेको जो कोही एकै क्षणमा गिर्न पुग्दछ ।

छोटकरीमा विश्लेषण गर्दा मानिसको सफलता कुनै एउटा विषय, क्षेत्र वा पक्षमा मात्र सीमित हुँदैन । सफलताका अनेकौँ क्षेत्र र विषय हुन्छन् । एउटै विषय वा क्षेत्रबाट पनि मानिस धनी, सम्पत्तिवाल, पहुँचवाल, विज्ञ र सारमा सफल चाहिँ बन्न सक्दछ । एकपटक प्राप्त भएको सफलता वा हालको राम्रो अवस्था कसरी धेरै टिकाउने भन्ने चाहिँ मूल कुरा हो । एउटा क्षेत्रमा ठूलै सफल भएका मानिस पनि समग्र सन्तुलनको खास अर्थ नबुझ्दा क्षणभरमै पताल भासिएका धेरै उदाहरण समाजमा देखिन्छन् । यसैले मानिसको जीवनको सफलताको मूल्याङ्कन समग्रतामा गर्नु पर्दछ । समग्रतामा जीवनका अनेकौँ पक्ष र पाटालाई सावधानीपूर्वक अघि बढाउने र निरन्तर टिकाउने कुरामा सफलता अडेको छ । एकपाखे र साँघुरो वा संकीर्ण सफलताले जीवन नै बर्बाद पार्न सक्दछ । यसर्थ जीवनलाई सन्तुलित, मर्यादित, सामाजिक, व्यवहारिक, मानवीय र नैतिक बनाउनेतर्फ सबैले ध्यान दिनु आवश्यक छ ।

♦♦♦

स्थान परिचय

मुस्ताङको सौन्दर्यः छेमा ताल

✍ प्र.ना.उ. भोजराज पाण्डेय

मुस्ताङ जिल्ला एउटा ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय महत्त्व बोकेको जिल्ला हो भन्ने कुरा थाहा नहुने सायदै कोही होला । नेपाली मानचित्र र विश्व मानचित्रमा मुस्ताङ जिल्लाको महत्त्वको बारेमा जति चर्चा छ त्यति नै चर्चा यहाँ भएका हरेक सम्पदाहरूको यहाँको समुदायमा आ-आफ्नै किसिमको छ । यहाँ भएका सांस्कृतिक, धार्मिक र पर्यटकीय र जैविक सम्पदाहरूको अवलोकन एक वा दुई दिनको बसाईमा मात्र कदापि सम्भव छैन । यहाँको यात्रा गर्दै गर्दा यदि कसैले पूरै चार्ज गरेको मोबाइल लिएर कुनै एउटा गन्तव्यमा यात्रा गर्न पुग्दै गर्दा त्यहाँ रहेका मनोरम दृश्य तथा आकृतिहरूको दृश्य मोबाइलमा कैद गर्ने चाहाना नमेटिँदै या त दिन ढल्कि सक्छ या त मोबाइलको चार्ज सकिन्छ ।

कर्तव्यपालनको सिलसिलामा हिमाल पारीको जिल्ला मुस्ताङमा रहँदै गर्दा पनि मन भित्र "आजै त्यो स्थानमा पुग्न पाए हुन्थ्यो" भन्ने मनोकांक्षा हुँदा हुँदै पनि कतिपय अवस्थामा यहाँ रहेका मनोरम प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको अवलोकन गर्ने इच्छा यद्यपि पूरा हुन नसक्दो रहेछ । जनताको सेवा खातिर हरपल तैनाथ हुनु पर्ने जिम्मेवारीका बीच पनि यदाकदा समय निकाली विचित्र खालको भौगोलिक बनावट र अनुपम प्राकृतिक छटाहरूको दृश्यावलोकन गर्न पाउनु एउटा संयोग मात्र कदापि हुन सक्दैन । यो एउटा अविष्मरणीय अवसर पनि हो ।

मलाई कहिले काहीं "नेपालको त्यति धेरै उत्तरमा हिमाल भन्दा पनि पारी रहेको मुस्ताङ जिल्लामा पुग्नु त फलामको चिउरा चपाए जस्तै नै हुन्छ होला" भन्ने लाग्दथ्यो । यदि सवारी र हवाई यातायातको सुगमता नहुँदो हो त यो उक्तिले काम गर्दथ्यो । तर सवारी साधन र हवाई यातायातको सुलभताको कारणले मुस्ताङ यात्रा अहिले हामी नेपालीहरूको लागि पानी पँधेरो जस्तै बनेको छ । पोखराबाट मुस्ताङ जिल्लाको

सदरमुकाम जोमसोम केबल छ/सात घण्टाको (बस तथा जीप) यात्रा मात्र नै हो । यो त्यति लामो, पट्यार लाग्दो र टाढाको यात्रा पनि होइन र यात्रा गर्दा कदापि त्यस्तो अनुभूति पनि हुँदैन् । सडकबाट यात्रा गर्दा बीचमा म्याग्दी जिल्लामा रहेका अनुपम प्राकृतिक सम्पदाहरू, धार्मिक तीर्थस्थलहरूको दृश्यावलोकन गर्दै मुस्ताङ प्रवेश गरेपछि जोमसोम नपुग्दै लेतेको कालाबजारबाट देखिने धवलागिरि र मानापाथि हिमालको मनोरम दृश्यले नलोभिने को होला ? लेतेको ठ्याक्कै माथि पट्टी साच्चिकै अद्भूत तरिकाले धवलागिरि र मानापाथि हिमाल एक आपसमा मितेरी साइनो लगाए झैं गरी गलामा लगाएको मोतीको माला जस्तै चम्किएर सेताम्मे भई उभिएका छन् । दाहिने पट्टी शालिग्रामको लागि प्रख्यात स्वच्छ, सफा अनि कञ्चन काली गण्डकी नदीको गढगढाहट, कोवाङ र मार्फाको प्राकृतिक र सांस्कृतिक एवं अनौठो धरातलीय सौन्दर्यको अवलोकन गर्दै गर्दा जो कोहीलाई पनि जोमसोम नआइदिए हुन्थ्यो जस्तो लाग्छ ।

मुस्ताङ जिल्ला प्रवेश गर्ने बित्तिकै साना ठूला जुनसुकै सवारी साधनको लागि सडकको अवस्था समेत सहज रहेको छ । मुस्ताङ जिल्ला प्रवेश गरे देखि जोमसोम सम्मको धेरै जसो सडक खण्ड कालोपत्रे भइसकेको छ । कोभिड प्रकोप पश्चात थालिएको हाम्रो देशको पर्यटनलाई उजागर गर्न र पर्यटकीय अर्थतन्त्रलाई चलायमान बनाउन पनि अनुपम प्राकृतिक सौन्दर्यताले भरिएको मुस्ताङ जिल्लामा रहेका प्राकृतिक, धार्मिक र अनौठो भौगोलिक अवस्थाको बारेमा साक्षात्कार हुने चाहना हामी सबैमा रहनु देशको आन्तरिक पर्यटनको प्रबर्धनमा टेवा पुग्नु पनि हो ।

सदरमुकाम जोमसोम पुग्ने बित्तिकै जो कोहीले पनि पूर्व दक्षिण स्थिर रूपमा सबैको मन लोभ्याउने गरी ७०६१ मिटर उचाईको सेतो सफा शिरमा ढाका टोपी लगाए जस्तो गरी निलगिरि हिमाल मुसुमुसु हाँसिरहेको जस्तो देख्न सकिन्छ । वास्तवमा भन्ने हो भने निलगिरि हिमालको सौन्दर्यतालाई मोबाइलमा कैद नगर्ने यहाँ भ्रमण गर्ने सायदै कोही नहोला । सदरमुकाम जोमसोमबाट निलगिरिको फेदीसम्मको यात्रा खासै टाढाको विषय पनि होइन । जोमसोमबाट पूर्व फर्किएर हेर्दा हातले नै छोइन्छ जस्तो पनि लाग्छ । हिँड्दै जाँदा पनि दुई घण्टा जतिमा त हिमालको शिखरमा नै पुगिन्छ भन्ने अनुभूति पनि हुन्छ । तर समुन्द्री सतहबाट उच्च स्थानमा रहेको भौगोलिक भूभागहरूको यात्रा पहाड तथा तराईको जस्तो सहज भने हुँदैन। उच्च हिमाली

भूभागमा अक्सिजनको कमि हुने हुँदा जो कोहीलाई लेक लाग्ने सम्भावना पनि रहन्छ । हिमालको नजिक अत्यन्त चिसो हुने हुँदा अन्य शारीरिक समस्या पनि हुन सक्छ । तथापि प्राकृतिकतासँग जोखिमपूर्वक खेल्न रूचाउनेहरू निलगिरिको फेदीसम्म पुग्ने चाहाना हुँदाहुँदै पनि सडक सञ्जालको उचित व्यवस्था नभएको कारण जोमसोमदेखि करिब सात किलोमिटर पूर्व दक्षिणमा रहेको धुम्बा तालसम्मको यात्रामा मात्र सीमित हुने गर्दछन् । यहाँसम्म की निलगिरिको फेदीमै रहेको प्रसिद्ध छेमा तालसम्म पनि नपुगी धुम्बा तालबाटै निलगिरिको दृश्य मोबाइलमा कैद गरी पर्यटकहरू वरैबाट जोमसोमतर्फ ओरालो लाग्दछन् ।

सदरमुकाम जोमसोममा पर्ने घरापझोङ गाउँपालिकाको ४ नं वडामा पर्ने निलगिरि हिमालको फेदीमा रहेको प्रसिद्ध छेमा ताल एउटा अनुपम प्राकृतिक सौन्दर्यको नमुना हो भन्दा पनि हुन्छ । जोमसोमदेखि यहाँ सम्मको दुरी करिब १६ किलोमिटर मात्र छ । जोमसोमको पारी रहेको टिनी गाउँ नजिक रहेको निलगिरि हिमालको पानी बगेर आउने ठाडो टिनी खोलाको किनारै किनार माथि उकालो सुरू हुँदा छेमा तालको यात्रा प्रारम्भ हुन्छ । त्यो पनि हिँउदमा मात्र सम्भव छ, किनभने वर्षायाममा खोलामा आउने बाढीले बाटोको ट्रयाक नै बिथोली दिन्छ । खोलैखोला माथि गई पहाडी धरातल सुरू गरे पछि पहाडी भूभाग फोडेर बनाइएको साँघुरो सडकबाट पैदल तथा सवारी साधन दुवैबाट यात्रा गर्न सकिन्छ । पहाडको केही माथि पुगे पछि कैसाङ स्थित जङ्गलको बीचमा रहेको नेपाली सेनाको उच्च सैनिक शिखर शिक्षालयको बाउन्ड्री शुरू हुनु अगावै जङ्गलबाट दाहिने तर्फ मोडिए पछि छेमा तालको लागि साँघुरो गोरेटो बाटोबाट भने पैदल यात्रा मात्र हुन्छ । उक्त स्थानबाट करिब एक घण्टाको यात्रामा निलगिरिको फेदीमा रहेको प्रसिद्ध र सांस्कृतिक महत्व बोकेको रमणीय छेमा तालमा पुग्न सकिन्छ । पैदल यात्रा नगरी गाडीबाटै अझ अगाडि बढी नेपाली सेनाको क्याम्प रहेको स्थानको पल्लो छेउमा गाडी रोकी ठाडै उकालो यात्रा गर्दा करिब ५० मिनेटमा सो तालमा पुग्न सकिन्छ । तालमा पुगे पछि प्राप्त हुने आनन्दको सीमा नै हुँदैन । माथि पट्टी शान्त निलगिरि, बेलाबेला खस्ने हिँउका ढिक्काहरू, चिसो वातावरण, हिमालको फेदीबाट कलकल आवाज सहितको सफा कञ्चन पानी तालमा मिसिँदा देखिने दृश्य र तालको आफ्नै किसिमको सौन्दर्य एक बसाई र एक यात्रामा मात्र कदापि वर्णन गर्न सकिदैन।

शिरमा निलगिरि हिमाल, वरिपरि सालघारीको बीचमा रहेको छेमा

तालको बेग्लै महत्व छ । यो ताललाई तालहरूको आमा पनि भनिन्छ । नेपालमा रहेका अरू तालहरूको नामाकरणको पछाडि त्यस्तो कुनै विशिष्ट कारण देखिँदैन । तर यसको छुट्टै महत्त्व रहेको छ । मानिस जन्मनु भन्दा अगाडि नौ महिनासम्म आमाको कोखमा रहेको हुन्छ । आमाको कोखमा रहने क्रममा विकासक्रमको अवस्थामा चल्दा आमाको पेटमा खुट्टाले हानेको हुन्छ, त्यसरी अन्जानवश आमाको पेटमा खुट्टाले लागेको कारण पेटमै हुँदा जुन पाप र गल्ती मानिसले गरेको हुन्छ, त्यसको मोचनको लागि छेमा तालको दर्शन वा भ्रमण गरेमा आमाको पेटमा हुँदा अन्जानवश गरेका पाप तथा गल्तीहरू छेमा हुन्छ अथवा त्यस्ता पाप तथा गल्तीहरूबाट मोक्ष प्राप्ति हुन्छ भन्ने भनाई रहेको छ ।

छेमा तालको भ्रमण गर्दै गर्दा बेलुकी पखको दृश्य साच्चिकै अनौठो देख्न सकिन्छ । पोखरामा रहेको फेवा तालमा माछापुच्छे हिमालको छाया परे जस्तै यस तालमा पनि निलगिरी हिमालको छाया नजिकबाट प्रष्ट रूपमा देख्न सकिन्छ । बेलुकीपख तालको डिलमा बसी हेर्दा बेलाबेलामा लाग्ने बेतोडको हावाको कारण तालमा रहेको सफा कञ्चन पानी हल्लिदा निलगिरि हिमाल नै हल्लिएको जस्तो अनुभूति हुन्छ । हुन त यसको क्षेत्रफल त्यति धेरै छैन । सानो आकारका दुईवटा तालहरू एक आपसमा जोडिएर रहेको त्यहाँ देख्न सकिन्छ । तथापि ताल तथा त्यहाँको प्राकृतिक वातारणको सौन्दर्यता कुनै पनि पर्यटकको लागि कहिले मेट्न मन नलाग्ने गरी मोबाइलको वाल फोटो बन्न सक्दछ भने कवि तथा गीतकारको लागि अमूल्य र अनुपम खुराक बन्न सक्दछ । ♦♦♦

लघुकथा

विकृति

✍ **ममता मृदुल**

"नहाँस्नु ल एउटा कुरा भन्छु," मैले बरण्डाबाट कोठामा पसेर उहाँलाई भने, "के कुरा हो र ?" उहाँले छक्क परेर सोध्नुभयो, "हिजो फेसबुकभरि तीजले विकृति ल्यायो भनेर भाइरल भएको छिमेकी चिन्नु हुन्छ नी ?" "किन नचिन्नु त्यही कलेजको प्राडा होइन ?" "हो भन्या ।"

"अनि के भो त ?" हाम्रो मूल ढोकाछेउको नालामा हिलाम्मे भएर गीत गाउँदैछ, खोई के काँडोले घोच्यो चस्स चस्स ।

"बसाइँसराइ २ विदेशिने कुरा नै समाजको मुख्य समस्या"

✍ प्रल्हाद दाहाल

हाम्रो देशमा पछिल्लो समय गाउँबाट शहरमा र स्वदेशबाट विदेशमा बसाइँसराइको क्रम अत्यन्तै बढ्दै गएको छ । अहिले यो तीन दशकको तथ्याङ्क हेर्दा बसाइँसराइ दिनप्रतिदिन बढ्दो क्रममा छ । एकातिर आन्तरिक बसाइँसराइको समस्या छ भने पछिल्ला वर्षहरूमा आप्रवासन र प्रवासका समस्याहरू पनि थपिएका छन् । युवाहरू कामको सिलसिलामा शहर पस्ने र विदेशिने संख्या दैनिक रूपमा बढ्दो छ । चाहे त्यो अध्ययनको बहानामा होस् या कामको खोजीमा, डीभीको नाममा होस् वा अनेक बहानामा युवाहरू विदेशिदै छन् । यो हुनै नहुने काम भइरहेको छ । यसले राज्यलाई हर तवरले घाटा मात्र छ। यसमा राज्यले बेलैमा सोच्नु पर्छ । यसमा राज्य पक्ष मौन बस्नु हुन्न। दैनिक हजारौं युवाहरू विदेशिएर पूरै गाउँ नै रित्तो हुँदासम्म राज्य पक्षले कुनै सुनुवाइ गर्दैन भने यो राज्यसँग अरू थप अपेक्षा के गर्न सकिन्छ र ? आजको दिनमा यो गम्भीर प्रश्न भएर आएको छ ।

पहिले धेरै चहलपहल हुने गाउँघर अहिले सुनसान बन्दै गएका छन् । खेतीयोग्य जमिन बाँझो भएका छन् । पहिला प्रत्येक घरमा कम्तीमा ६/७ जना परिवारका सदस्य हुनेमा अहिले पूरा खाली खाली देखिन्छन् भने कतै वृद्धवृद्धा बुबाआमा मात्र भेटिन्छन् । उनीहरू बिरामी पर्दा अस्पताल लैजाने मान्छेसम्म गाउँघरमा छैनन् । यो सब देख्दा गाउँघरमा वृद्धवृद्धाको अवस्था एकदमै नाजुक भएको अनुभूति हुन्छ । लगभग सबै जसो गाउँघरको अवस्था त्यस्तै छ । त्यहाँ युवाहरू छैनन्, वृद्धवृद्धा मात्र छन् । सबै कठिन कुरा थाहा हुँदाहुँदै पनि छोराछोरीहरू बाध्यताले विदेशिन बाध्य छन् । यो कुरा राज्यले बुझेर कि त युवाहरूलाई विदेश जानबाट रोक्न सक्नुपर्छ या त वृद्ध अवस्थामा रहेका आम नागरिकलाई सुविधा सम्पन्न आश्रम बनाएर राख्न

सक्नुपर्छ । होइन भने हाम्रो देशमा आम वृद्धवृद्धाहरूको अवस्था दिनानुदिन नाजुक बन्दै जाने निश्चित छ । आज बुबाआमाको पालो छ भने भोलि हाम्रो पालो आउँछ।

अहिले धेरै जसो युवाहरू विशेष गरी चितवन, सुनसरी, सिन्धुपाल्चोक, रामेछाप, सर्लाही, पश्चिमका केही जिल्ला लगायत विभिन्न अन्य जिल्लाका गाउँमा युवाहरू एकदमै कम भएको विभिन्न अध्ययनले बताउँछ । त्यहाँका युवा कोही कामको लागि शहर पसेका छन् भने केही विदेशिएका छन् । घरमा अशक्त, रोगी या वृद्धवृद्धा मात्र छन् । यो अत्यन्तै दुःख लाग्दो कुरा हो । हाम्रो देशमा राज्यले कुनै पनि सुविधा नदिएको कारण छोराछोरी बाबुआमासँग बस्ने र बुबाआमा पनि छोराछोरी कै भर पर्नु पर्ने बाध्यता छ । युरोप, अमेरिकातिर १८ वर्ष पुगेपछि परिवारसँग अलग भएर बस्ने चलन छ । त्यहाँ त्यसबेला वृद्धवृद्धालाई सरकारले नै हेरचाह गर्छ । नेपालमा भने परिवारसँग नै बस्ने चलन छ । हाम्रो देशको संस्कार अनि चलन वृद्ध अवस्थामा आफ्ना बुबाआमालाई सन्तानले हेरचाह गर्नुमा हामी सबै गौरव गर्दछौं । यो हाम्रो कर्तव्य पनि हो । तर युवाहरू धमाधम विदेशिएका कारण हेरचाह गर्ने सन्तान पनि छैनन् र सरकारले पनि हेरचाह गर्दैन, जसले गर्दा आजभोलि वृद्धवृद्धामा निकै नै निरासापन देखिन थालेको छ ।

वृद्धवृद्धासँग आफ्नो कुरा सुनिदिने पनि कोही छैनन्। उनीहरूलाई आफ्नो सन्तान आफूलाई छाडेर बाहिर नजाउन् भन्ने आश त हुन्छ, तर देशमा भविष्य नदेखेपछि आफ्ना छोराछोरीहरू विदेशिन बाध्य भएको कुरामा उनीहरू चित्त बुझाउँछन् । विदेशिएका सन्तानले पैसा त पठाउलान् तर समस्या परेको बेला सहयोग गर्ने कोही हुँदैनन् । बिरामी परेको बेला अस्पताल पुऱ्याउने मान्छे समेत भेटिदैनन् । यो समस्यालाई मध्यनजर गर्दै राज्यले कुनै न कुनै उपाय निकाली यो समस्या तत्काल हल गर्न लाग्नुपर्छ । अन्यथा यो संख्या झन बढ्दै जाने निश्चित छ ।

बुढेसकालमा त्यसै पनि कमजोर हुने हुन्छ । यो अवस्था भनेको आरामले सबैको साथमा रमाउँदै बस्ने समय हो । शरीर कमजोर हुन थाल्छ, स्मरण शक्ति र सहने शक्ति निकै कम हुन्छ। साथै विभिन्न रोगले सताएको हुन्छ । प्रायः सबै कामका लागि अरूको भर पर्नुपर्ने हुन्छ । यी सबै कुरालाई सहेर बसिरहेका वृद्धवृद्धामा एक्लोपनको समस्याले झन् धेरै सताउँछ । वृद्ध अवस्था भनेको बालपन जस्तै संवेदनशील हुन्छ । यस्तो बेला भनेको विशेष हेरचाह, रेखदेख, साथ, सहयोग, माया, सद्भावको आवश्यकता हुन्छ । तर आजभोलि प्रायः

घरमा वृद्धवृद्धा मात्र हुन्छन्। सन्तान काम र पढाइको लागि शहर वा विदेश गएका हुन्छन् । जसले गर्दा वृद्धवृद्धामा मानसिक समस्या बढिरहेको छ। वृद्धावस्थामा सन्तानको माया र हेरचाह नपाउँदा वृद्धवृद्धामा विभिन्न किसिमका मानसिक समस्या समेत देखिन थालेका प्रशस्तै उदाहरणहरू देख्न सकिन्छ ।

संयुक्त परिवारमा बस्ने हाम्रो नेपाली समाज बिस्तारै एकल परिवारतिर मोडिन थालेको छ । आजभोलि आमाबुबा र छोराछोरी तीन-चार जनाको मात्र परिवार हुन्छ । त्यो तीन-चार जनाको परिवारमा पनि छोराछोरी पढाइ तथा कामका लागि विदेशिने हुँदा बुढा बाबुआमा मात्र घरमा हुन्छन्। संयुक्त परिवारमा बस्दा एउटाको कुरा अर्कोले सुन्ने र सहयोग गर्ने हुन्छ। जसले गर्दा वृद्धवृद्धा तनाव मुक्त हुन्छन् । तर वृद्धा अवस्थामा सन्तानसँग छुट्टिएर एक्लै बस्दा अनिद्रा, चिन्ता र निराशा बढ्छ । यो कुरा सबैलाई थाहा भएर पनि थाहा नभएको जस्तो गर्नु परेको छ । एक्लोपनले एन्जाइटी, डिप्रेसन र साइकोसिस जस्ता मानसिक रोग निम्त्याउँदै गएको छ । वृद्धावस्थामा तनाव कम गर्न कतिपयमा मादक पदार्थ सेवन गर्ने लत समेत बसेको देखिन्छ। जुन कुरा अत्यन्तै नराम्रो हो ।

वृद्ध उमेरमा एक्लै बस्दा विभिन्न समस्या आउने हुन्छ । यस्तो अवस्थामा छोराछोरीले बेलाबेलामा समय निकालेर सँगै बस्नुपर्छ । यो सम्भव नभए फोन वा भिडियो कलमा कुराकानी गरिरहनुपर्ने हुन्छ । बच्चा सानो हुँदा आमाबुबाले कति धेरै हेरचाह गरेर हुर्काएका हुन्छन् । बुढो भएपछि आफूलाई पनि सन्तानले यसरी नै हेरचाह गरोस् भन्ने आश सबैमा हुन्छ । त्यसैले सँगै बसेर हेरचाह गर्न सकिँदैन भने पनि उनीहरूलाई भिडियो कल गरेर सञ्चो बिसञ्चो सोध्ने, आवश्यकता के छ सोध्ने, उनीहरूलाई आफ्नो कुरा सुनाउने, उनीहरूको कुरा सुन्ने गर्नुपर्छ । यसले एक्लोपनका कारण वृद्धवृद्धामा देखिने अनेकौं समस्या कम गर्न सहयोग गर्छ ।♦

गजल

✍ **मस्त पुन मगर**

दुःख पीर व्यथा, सधैं मेरो कर्णालीमा ।
कसले देख्छ र, कठै मेरो कर्णालीमा ।

सदनमा फो फाएब जिका कुरा चल्छ
फोनको टावर छैन्, कतै मेरो कर्णालीमा ।

बस्नु भाकोछ बा, गाडी हेर्ने धोको राखी
बाटो त खुल्यो, गाडीखै मेरो कर्णालीमा ।

उता राजधानीमा, सुनको गोदाम छ
यता कमी छ, नुनकै मेरो कर्णालीमा ।

भन्नुहोस कहाँ छ, स्वतन्त्र गणतन्त्र
खोज्नु पर्छ मैले, अझै मेरो कर्णालीमा ।

लघुकथा

गहना

✍ **घनबहादुर थापा**

'दाइजोमा प्रशस्त गहना ल्याउलिस् भनेर पो मैले तँलाई विवाह गरेको हो । लैजा यी काठे पलङ, टिनको दराज र थोत्रो सोफा । अनि गएर बस माइतीमै ।' विवाह गरेकै भोलिपल्ट लोग्नेको यस्तो कटु वचनले सकुन्तला छाँगाबाट खसेझैं भइन् ।

'हो त, हाम्रो छोरोलाई एक से एक कन्या दिन आएका थिए । यस्ती कङ्गाल घरानाकी पो परिछ', सासूससुराले एकैसाथ कटाक्ष गरे । सकुन्तला केही बोल्न सकिनन् । अर्थहिन बनेर कुनामा थुपारिएका दाइजोका पलङ, स्टीलको दराज र सामान्य सोफा हेरेर टोलाइरहिन् । रित्तो कान र घाँटीमा गहना छाम्दै निरास भइन् ।

दैनिक यस्तै कचकचले सकुन्तला केही विचलित पनि भइन् । तर हिम्मत हारिनन् । बरू मनमनै दरिलो प्रण गरिन्, 'म यिनीहरूले सोच्नै नसकेको गहनाले मुख टालीदिन्छु ।'

भोलिपल्टदेखि नै उनले आफ्नो अभियान शुरू गरिन् । घरको कामदेखि समाजसेवामा रातदिन सक्रिय भइन् । एक वर्षभित्रै सम्पूर्ण गाउँलेको मन जित्न सफल भइन् ।

उनकै प्रयासमा गाउँमा अस्पताल बन्यो । कोही पनि स्वास्थ्य सेवाबाट वञ्चित हुनु परेन । स्कुल कलेज खुले । धन हुनेले शुल्क तिरेर र नहुनेले निःशुल्क स्तरीय शिक्षा पाए । बाटोघाटो सफाई, बालबालिकालाई खेल्ने ठाउँको व्यवस्था उनैले गराइन् । उनको लगन, मिहिनेत र काम गर्ने शैली देखेर सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले आर्थिक र व्यवस्थापकीय सहयोग गरे ।

'हैन, हाम्रो गाउँको रूप कसरी फेरियो हँ ?' चिया पसलमा चर्चा हुन् थाल्यो ।

गाउँभरि उनको चर्चा चुलियो । दैनिक सम्मान र प्रशंसा वर्षिए । एक दिन गाउँपालिकाले राखेको सम्मान कार्यक्रममा उनका पति, सासूससुरा पनि उपस्थित थिए । गाउँपालिका प्रमुखले सम्मान गर्दै भने, 'सकुन्तला तिमी एउटा

घरको, यो गाउँको अनि गाउँपालिकाको मात्रै हैन, देशकै गहना हौ । अब तिमीलाई संसारको कुनै पनि महङ्गो गहनाको आवश्यकता छैन ।' कार्यक्रम हलमा लामो ताली गुञ्जियो । ♦♦♦

कविता

आकाङ्क्षा

✍ **मुक्तिनाथ पोखरेल**

मेरा प्रेमी प्रकृति हरिया बन्न जाऊन् धराका
राम्रा राम्रा तरू तृणहरू खोच वा कन्दराका
फेवा हाँसोस् मुसुमुसु सदा रापती मुस्कुराओस्
छल्को हान्दै छडछडु गरी गण्डकीले सुसाओस् ।१।

रारा धैलागिरि शिखरको दृश्य हेरी रमाऊँ
अग्लो उच्चा सगर गिरिको माथमा टेक्न पाऊँ
खोला खोल्सा सलिल झरना प्रेमले गीत गाऊन्
छर्दै जोत्स्ना रविशशि सदा दिव्य शोभा बढाऊन् ।२।

फक्रुन् राम्रा कुसुम कलिका बाटिकामा रमाई
घुम्दै आओस् भ्रमर नजिकै प्रेमले मुस्कुराई
ल्याओस् हावा हिमशिखरको बास बोकेर मन्द
फैलोस् चारैतिर दशदिशा मल्लिकाको सुगन्ध ।३।

गाई चर्ने चरन हरियो घाँस वा झारपात
आऊन् राम्रा लहलह मुना हल्किँदै एकसाथ
छाया राम्रो वरपिपलको ग्रीष्ममा मिल्न जाओस्
त्यस्तै उच्च गिरिशिखरको टाकुरो मुस्कुराओस् ।४।

गाऊन् पन्छी मधुर धुनमा वेदना चन्चु खोली
नाचून् नौला युवक युवती प्रेमको रङ्ग घोली
बाला लर्कून् नवनिधि भरी खेतबारी गरामा
आओस् शोभा अमरपुरको नित्य मेरै धरामा ।५।

ट्राफिक व्यवस्थापनमा देखिएका समस्या र चुनौती

✍ प्र.नि.जनार्दन घिमिरे

विश्वव्यापी रूपमा बढ्दै गएको प्रविधिको विकाससँगसँगै सवारीसाधनको प्रयोग अब आम मानिसको लागि जीवनको पर्याय जस्तै बनिसकेको छ । यात्राको दौरान होस् या मानिसको दैनिक आवश्यकताको सामग्रीको परिपूर्तिमा होस् सवारी साधन मानवीय अभिन्न अंगको रूपमा विकास भइरहेको छ । आवागमनका साथसाथै मालसामान ढुवानीमा प्रयोग हुने विभिन्न प्रकारको सवारी साधनले एकातर्फ मानिसको दैनिकीलाई छिटो र सहज बनाउदै लगेको छ भने अर्कोतर्फ सवारीसाधनकै कारण ठुलो संख्यामा मानिसको ज्यान जानुको साथै कयौं व्यक्ति घाइते तथा अंगभंग हुनु परेको छ । यसर्थ सवारीसाधनको दिनानु दिनको चापले यसको व्यवस्थापनमा समस्या र चुनौती पनि दिनानुदिन बढ्दो क्रममा रहेको छ ।

नेपालको सन्दर्भमा चर्चा गर्नुपर्दा काठमाडौंमा सवारीसाधको आगमन भएसँगै विक्रम सम्वत् २००७ सालमा ट्राफिक व्यवस्थापनको लागि भनेर नेपाली सेनाको रामदल पल्टनलाई नेपाल प्रहरीमा समायोजन गरेर ट्राफिक व्यवस्थापनको जिम्मेवारी दिइयो । ट्राफिक प्रहरीको परिचालन आरम्भमा काठमाडौं उपत्यकामा केन्द्रित गरेर भएको मानिन्छ । यस क्रममा विक्रम सम्वत् २००९ सालमा ट्राफिक पुलिस डिट्याचमेन्टको रूपमा नामाकरण गरियो भने विक्रम सम्वत् २०१२ सालमा सदर प्रहरी कम्पनीको रूपमा विकास हुँदै विक्रम सम्वत् २०१५ सालबाट उपत्यका बाहिर समेत ट्राफिक व्यवस्थापनमा सहज होस् भनेर ट्राफिक प्रहरी परिचालनको सुरूवात हुँदै वर्तमान अवस्था सम्म आई पुग्दा विभिन्न आरोह अवरोह पार गर्दै ट्राफिक प्रहरीको आधुनिक संरचना निर्माण भएको छ ।

ट्राफिक प्रहरीको संरचनागत अवस्थालाई हेर्नुपर्दा हाल ट्राफिक

व्यवस्थापनको लागि नेपाल प्रहरी कार्यालयमा राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखा स्थापना गर्नुको साथै सातवटै प्रदेशमा राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय स्थापना गरिएको छ भने काठमाडौँ उपत्यकामा काठमाडौँ उपत्यका ट्राफिक व्यवस्थापन कार्यालय, रामशाहपथ र जिल्ला स्थित जिल्ला ट्राफिक कार्यालय र मातहतमा विभिन्न ट्राफिक प्रहरी युनिट मार्फत समेत ट्राफिक व्यवस्थापनमा काम गर्दै आएको छ ।

यसरी संरचनागत रूपमा समय सापेक्ष रूपमा सवारी व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको नेपाल प्रहरी अन्तर्गतको ट्रफिक प्रहरीको दरबन्दी नेपाल प्रहरीको कुल दरबन्दी ७९ हजार ५ सय ४१ को ३.५० प्रतिशत अर्थात् २७ सय ८७ रहेको छ भने हाल कार्यरत कुल जनशक्ति करिब ४२ सयको हाराहारीमा रहेको छ । यसै गरेर पछिल्लो आँकडा अनुसार नेपालमा हाल सम्म ठुला साना गरेर ६२ लाख ३८ हजार ३ सय १ वटा सवारी साधन यातायात व्यवस्था कार्यालयमा दर्ता भइसकेका छन् भने दैनिक हजारौँ संख्यामा नयाँ सवारीसाधन भित्रने क्रम पनि जारी नै छ । त्यस्तै नेपालमा पक्की, ग्राभेल र कच्ची गरेर ७७ हजार ३ सय २ किलोमिटर सडक निर्माण भइसकेको छ । जुन सडक सञ्जालले पूर्वदेखि पश्चिम र तराईदेखि हिमाल सम्मलाई जोडिसकेको छ । यसरी निर्माण भएका सडक राष्ट्रिय राजमार्गदेखि कच्ची ग्रामीण सडक समेत रहेका छन् ।

यसरी दिनानुदिन सडकको विस्तार हुँदै जाने तथा सवारीसाधनको चाप बढ्दै जाने हो भने यसले निम्त्याउने समस्या र चुनौती पनि दिनानुदिन बढ्दै जाने गरेको छ । नेपालको सन्दर्भमा हरेक वर्ष सवारी दुर्घटनामा करिब २५ सय जनाले ज्यान गुमाउने गरेको तथ्याङ्कले देखाएको छ भने विश्वभर करिब १३ लाख जनाले सवारी दुर्घटनाको कारण ज्यान गुमाउने गरेको देखिन्छ । यसैगरी सवारी दुर्घटनाको कारण घाइते तथा अंगभंग हुनेको संख्या अझ ठुलो छ । यसरी दिनानुदिन हुने सवारी दुर्घटनालाई न्यूनीकरण गर्नुपर्ने चुनौती ट्राफिक प्रहरीलाई एकातर्फ छ भने अर्को तर्फ बढ्दो सवारीसाधनको चाप अनुरूप ट्राफिक व्यवस्थापन गर्नुपर्ने चुनौती अर्को तर्फ छ ।

ट्राफिक व्यवस्थापनमा देखिएका समस्या र चुनौतीलाई सामना गर्ने क्रममा सवारी व्यवस्थापनमा कस्ता

कस्ता समस्या छन् भनेर थाहा पाउनु जरूरी हुन्छ । नेपालको सन्दर्भमा चर्चा गर्नु पर्दा सवारी दुर्घटनाको अवस्थालाई हेर्नु पर्दा पछिल्लो समयमा भएका सवारी दुर्घटनामा कुल दुर्घटनाको आधा भन्दा बढी दुर्घटना मोटर साईकलको संलग्नता रहेको तथ्याङ्कले देखाउछ । यसरी दुर्घटना हुनुमा मुख्यतया ३ वटा अवस्था देखिएका छन् । जसमा तिव्र गती, जहाँ पायो त्यही सवारी साधनलाई उछिन्ने प्रवृत्ति (ओभरटेक) र तेस्रो भनेको ओभर कन्फिडेन्ट ।

खास गरेर सडकको अवस्था अर्थात् घुम्ती सडक साँघुरो सडक त्यस्तै आफ्नो तथा विपरीत लेनबाट आएको सवारीको अवस्था नबुझिकन तिव्र गतिमा सवारीसाधन चलाउनाले सवारी दुर्घटनाको जोखिम बढ्ने गरेको पाइएको छ । यसै गरेर अर्को तर्फ सवारी साधन चलाइरहेको अवस्थामा अगाडिको सवारी साधनलाई उछिन्ने क्रममा विपरीत दिशाबाट आएको सवारीसाधनको अवस्था त्यस्तै अगाडिको सडक उकालो ओरालो घुम्ती आदि के छ भन्ने बिचारै नगरीकन सवारी साधनलाई उछिन्ने अर्थात् ओभरटेक गर्नाले हुने दुर्घटनाको जोखिम पनि अर्को महत्त्वपूर्ण कारण हो । यसै गरेर दुर्घटनाको अर्को महत्त्वपूर्ण कारण भनेको ओभर कन्फिडेन्स हो सवारी चालकको लागि कहिले पनि पूर्ण दक्ष हुँदैन अर्थात् हरेक दिन र हरेक पल्ट सवारी चलाउदा केही न केही नयाँ अनुभव बन्ने गर्दछ भन्ने कुरा सवारी चालकले बुझ्नु जरूरी हुन्छ । यसरी पनि सवारी साधनको दुर्घटनामा कमी आउन सक्छ । यस बाहेक पनि सडको अवस्था पैदल यात्रुको कारण क्षमताभन्दा बढी भारबहन भौगोलिक कारण पनि सवारी दुर्घटना बढ्न सक्छ ।

सवारी दुर्घटनाका कारण पश्चात अब यसबाट सिर्जना हुन सक्ने समस्या न्यूनीकणको लागि पनि विभिन्न उपाय अवलम्बन गर्न सकिन्छ त्यसमा मुख्य कुरा इन्जिनियरीङ एजुकेसन र इन्फोर्समेन्ट हो । जस अन्तर्गत सबैभन्दा पहिला निर्माण भएको र हुने सडकको पूर्वाधार वैज्ञानिक छ की छैन भनेर विचार गर्नु पर्दछ । त्यसको लागि बनेका सडकहरू सवारी साधन मैत्री हुने गरेर निर्माण गर्नुपर्ने हुन्छ । त्यसै गरेर सडकको अवस्था अनुरूपका संकेत चिन्ह अंकित बोर्डहरू राख्ने त्यसै गरेर आवश्यक स्थानमा जेब्रा क्रसिङ, ट्राफिक लाईट, आईलेनहरू निर्माण गर्ने विभिन्न स्थानमा सवारी रोक्ने बस पकेटहरू निर्माण गर्ने आदि कार्य गर्नाले पनि सवारी व्यवस्थापनको साथै दुर्घटना न्यूनीकरणमा सहज गराउन

सकिन्छ । यसका साथै महत्त्वपूर्ण स्थानमा सिसिटिभीको प्रयोग मार्फत प्रविधियुक्त निगरानीमार्फत सवारी व्यवस्थापन साथै दुर्घटना न्यूनीकरण गर्न सकिन्छ । यस्तै अर्को भनेको एजुकेशन अर्थात् सवारी चालक, सहचालक यात्रु तथा पैदल यात्रुलाई सवारी सम्बन्धी नियम सडक प्रयोग अनुशासन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने ताकी यसले सवारीसाधनबाट हुन सक्ने दुर्घटनाको जोखिम न्यूनीकरण गर्न सहज होस् । यसै गरेर अर्को महत्त्वपूर्ण पाटो भनेको इन्फोर्समेन्ट पनि हो । यसको लागि सवारी साधन चलाउने क्रममा सवारी चालकले गर्ने लापर्बाहीलाई न्यूनीकरण गर्नको लागि सवारी नियम उल्लङ्घन गर्ने चालकलाई कारबाहीको दायरामा ल्याउने । जसको कारण चालकमा सवारी नियम उल्लङ्घन गर्नु दण्डनीय हुन्छ भन्ने कुराले पनि सवारी व्यवस्थापनमा सहजता र दुर्घटना न्यूनीकरण हुन सक्दछ ।

यसैगरी बढ्दो सवारी चाप र यसका समस्या र चुनौतलाई न्यूनीकरण गर्न समय समयमा केन्द्रदेखि तल्लो तहसम्म विभिन्न छलफल तथा अन्तरक्रिया गर्ने ताकी सवारी व्यवस्थापनमा देखिएका नविनतम समस्या र चुनौतीलाई निराकरण गर्नको लागि तयार पारिएका यस्ता सार्वजनिक फोरमहरूले समय समयमा यस्ता समस्यालाई कसरी हल गर्न सकिन्छ भन्ने सन्दर्भमा उचित निष्कर्ष निकाल्न सहयोग पुग्दछ । यसै सन्दर्भलाई मध्यनजर गर्दै भर्खरै बागमती प्रदेश प्रहरी कार्यालयले राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगर चितवन लगायन बागमती प्रदेश भित्रका सबै जिल्लाका ट्राफिक प्रहरी प्रमुखहरूलाई सहभागी गराएर ट्राफिक व्यवस्थापनमा देखिएका समस्या र चुनौती विषयक एक दिने गोष्ठी सम्पन्न गरेको छ । यस्ता कार्यक्रमहरू पनि ट्राफिक व्यवस्थापनमा देखिएका समस्या तथा चुनौतीको पहिचान गरी यसको समाधानको लागि महत्त्वपूर्ण कार्यक्रम बन्न सक्छ ।

समग्रमा भन्नु पर्दा जनशक्ति र प्रविधिको प्रयोगमार्फत सडक प्रयोग गर्ने चालक तथा यात्रुलाई उचित ज्ञान प्रदान गर्नुको साथै सडकमा गरिने एउटा सानो गल्ती वा लापर्बाहीले जनधनको क्षतिको जोखिम बढ्नुको साथै सवारी व्यवस्थापनमा ठुलो समस्या पर्न सक्छ भन्ने कुरा जो कोहिले मनन गर्न र गराउन सक्यो भने यी यावत समस्या क्रमशः न्यूनीकरणमा ठुलो टेवा पुग्न सक्छ भन्ने कुरामा कसैको दुईमत नहोला । ♦♦

बालनिबन्ध

सिस्नोको उपयोगीता

✍ **देवकी के.सी**

सिस्नोको नाउँ त सबैले सुनेका होलाऊ । गाउँका कतिपय विद्यार्थीहरूले त यसलाई खाएको र राम्रोसित देखेका होलाऊ भने सहरका कतिपय विद्यार्थीहरूले त सिस्नोको नाउँ मात्र सुनेको तर खानु भएको छैन होला । सिस्नो एक किसिमको वनस्पति हो । जसलाई छुदा पोल्छ । यो गाउँघरमा निकै पाइन्छ । गाउँघरतिरका बालबालिकाहरूले त सानो छँदा झुक्किएर सिस्नो छुँदा पोल्न थालेपछि घिननै नमानी त्यो पोलाई कम गर्न आफ्नै सिगाँन दल्नु पनि भएको होला ।

प्राचीन कालदेखिनै मानिसहरूले सिस्नोलाई तरकारी तथा अन्य औषधीको रूपमा प्रयोग गर्दै आएका थिए । कतिपय मानिसहरूले त यसलाई गरिबको खाना भनेर पनि हेला गरेको पाइन्थ्यो पहिले त । तर पछिल्लो समयमा आएर सबैले यसको महत्त्व बुझेर प्रयोग गर्न थालेको पाइन्छ ।

विद्यार्थी भाइबहिनीहरूले पनि यसको उपयोगिता बारे जान्नु जरूरी छ । यो एक छुदाँ पोल्ने वनस्पति मात्र नभएर निकै लाभदायक वनस्पति हो । सिस्नोमा भिटामिन सि, काब्रोहाइडेट, आइरन, फाइबर, फस्फोरस, क्याल्सियम, फ्याट, प्रोटिन प्रशस्त मात्रामा पाइने हुनाले पनि सिस्नो गर्भवती, बिरामी सुत्केरी, बालबच्चादेखि वृद्धसम्मको लागि निकै लाभदायी रहेको पाइन्छ । सिस्नोले मुट रोग, मधुमेह र नशा तथा वाथसम्बन्धी रोगमा पनि निकै फाइदा दिन्छ ।

अब त विद्यार्थी भाइ बहिनीहरूले पनि हाम्रो गाउँघरतिर पाइने सिस्नो कति लाभदायक रैछ भन्ने कुरो थाहा पायौं होला नि । सिस्नोमा रौं जस्ता साना-साना झुसमा फर्मिक अम्ल हुने जसलाई छुनासाथ जलन हुन थाल्छ र सिस्नोमा रहेको हिस्टामाइनले सुनिने जस्तो पीडा दिने हुदाँ मानिसहरूले यसलाई कठोर यातना दिन सिस्नो पानीमा चोपेर मानिसलाई शरीरमा हिर्काउने गर्दथे ।

तर भाइबहिनीहरू सिस्नोको लाभलाई राम्रोसित बुझिसकेपछि सिस्नोलाई गलत काममा प्रयोग नगरी

यसबाट फाइदा हुने काममा मात्र प्रयोग गनुपर्छ । पहिले पहिले गाउँघरमा प्रशस्त मात्रामा पाइने सिस्नो आजभोलि गाउँघरतिर पनि संरक्षणको अभावमा कमी हुन थालेको देखिन्छ । अहिले देशदेखि विदेशसम्म सिस्नोको माग बढ्दो छ । त्यसैले आजभोलि यसलाई कुनैकुनै ठाउँमा व्यावसायिक खेती पनि गर्न थालिएको छ । आजभोलि सहर बजारका ठूला होटेल तथा रेस्टुरेन्टहरूमा सिस्नोको तरकारी बनाएर बेच्ने चलन पनि बढ्दो छ ।

कतै कतै खाद्य मेलामा त सिस्नोको मम, तरकारी, अचार समेत बनाएर बेच्न राखेको देखिन्छ । सिस्नोको धुलो पाउडर पनि बजारमा बिक्री गर्न राखेको पाइन्छ । विद्यार्थी भाइबहिनीहरू पनि जसले सिस्नोको तरकारी, धुलो पाउडर प्रयोग गरेका छौं । त्यो अत्यन्त राम्रो हो । यसको प्रयोगलाई निरन्तरता दिनु राम्रो हुन्छ । जसले आजसम्म सिस्नोको तरकारी खानु भएको छैन । स्वाद चाख्नु भएको छैन । एकपटक अवश्य पनि सिस्नोको तरकारीको स्वाद चाहिँ चाख्नु पर्छ है । र अन्त्यमा यो बहुउपयोगी वनस्पतिको संरक्षण सबैले गनुपर्छ भन्ने कुरो चाहिँ नभुल्नु है सबैले । ♦♦♦

कविता

भुसिल्किराहरू !!

✍ **लक्ष्मी पोखरेल**

हेर्दा नपत्याउने
सुस्तरी चलबल्याउने
कैयौ मिटर
छिचोल्न सक्ने
जहाँ टेक्छ
तान्डव नृत्य देखिन्छ
बालीनाली नष्ट
छिद्रो पारेर
अस्तित्व मेटाइदिन्छ
एकतामा तल्लिन घम्रिरहन्छ
वनपाखा
करेसाबारी
घरआँगनमा
आतङ्क फैलाई
बसाई सरिरहन्छ
भुसिल्किराहरू !

उसले छोयो कि
मान्छे उकुस्मुकुस
पिरोलिँदा
बाफरे बाफ
मानव शरीर हुन्छ
स्वार्थको खेतीमा
लमक्क लम्किन्छ
निर्दयी पाइतलामा
जहाँ पुग्छ
त्यहाँ यहलिला समाप्त
पार्ने
बेलैमा मास्नु छ
अनगिन्ती
भुसिल्किराहरू !!

कथा

पतेरो

✍ **बिन्दु अधिकारी ढकाल**

डुल्न मन लाग्छ, किन लाग्दैन । ऊ त्यो बादल उडे जसरी । घुम्न मन लाग्छ, किन लाग्दैन । ऊ त्यो सूर्य हिँडे जसरी । यो पहाड त्यो पहाड क्षितिज छुन मन लाग्छ, किन लाग्दैन । शीतल पवन ऊर्ले जसरी । लामो समयको पर्खाइ पछि चाडपर्व आए । पहिला दसैँ आयो । तिहारसँगै नेपाल सम्वत् र त्यो सकिँदा नसकिँदा छठको रौनकले सबै तताियो ।

"म भित्रको म खुसी भएको त्यो दिन, घमाइलो रमाइलो त्यो छिन्, समय भए कसलाई घुम्न मन लाग्दैन ? ती हातका औँला छुन अनि चुम्न...?" मेरी आमाजू एक्लै बोलेको सुनेर मनमनै हाँसो लाग्यो । उहाँलाई नबिच्काइ केही छिन सुनौसुनौ लागे पनि भरे झप्पु खाइने डर "दर्शन हजुर, भान्जाभान्जी कता हुनुहुन्छ । यत्रो घरमा एक्लै के गुन्गुनाउनु भएको" भन्दै शिर निहुर्याएर ढोग गरें ।

सुरिलो स्वरमा छोरी हरिणाले कुरा राखि "फूपु, सोध्न सक्छु, त्यसपछि के भयो....?" "यी बदमासहरू के भन्छन्" आमाजूले पुलुक्क भदैनीलाई हेर्नुभो । दर्शनभेटको कार्यक्रम पछि भान्सामा केही सघाउपघाउ गर्नुपर्छ कि ? भनेर प्रश्न गरें । त्यो विधामा काम बाँकी नभएको जानकारी आयो । अब थोरै समय फरक धार हामी फोटो क्लीक गर्नतिर लाग्यौं ।

कदापि लाग्दैन थियो, त्यस्तो समय आउछ । "त्यो भाँडामा के छ ? त्यो आरीमा के छ ? त्यो डाली, त्यो थाली, त्यो तपेस किन छोपेको ? किन ढाकेको । कुकर...कराई...कन्ती...।" ऊ बोल्न छाडिन् । सुनेर एक भन्नु न दुई मेरी आमाजू हेर्‍याहेर्‍यै हुनुभो । उहाँको अनुहार पढ्दा लाग्यो, के गर्ने, के नगर्ने स्वयंले पनि कुनै भेऊ नै पाउनु भएन । जीवनमा त्यो तमासा मगजमा यसरी बस्यो, त्यो यसरी अड्यो । बरू सिमेन्ट कमजोर होला, मरिकाटे हटेन दिमागबाट । ध्यान गर्दा जान्छ भन्ने आशा शून्य मगज सपनामा धरी

उसैको झरी ।

प्रत्यक्ष आँखाले देखेको कुरा कसरी झुट हुन्छ ? त्यो हुनै सक्दैन । कसैले सुनाएका भए अविश्वास लाग्थ्यो । त्यो अलग पाटो हो तर स्वयंका आँखा...? यो जीवन कहाँ मात्र पुगेको छैन ? संसार कुन देश मात्र घुमेको छैन । राजा-प्रजा, मन्त्री-प्रधानमन्त्री अनि सांसद कसलाई मात्र भेटेको छैन । वाफरे, नदेखेको देखियो । नसुनेको सुनियो । हाम्रो समाजको प्रवृत्ति !

आमाजूका छिमेकीलाई तिर्खाले सिकिस्त बनाउँदो रहेछ । पानी पिएको पियै पेटभित्रै सागर...पिसाब फेर्न पनि दौडेर आमाजूकै ट्वाइलेट प्रयोग हुँदो रहेछ । अचम्म त मेरी आमाजूले ढोका बन्द गर्न नपाउनु आश्चर्य होइन ? त्यसरी मूलढोका खुल्लै छाड्दा घरमा तलमाथि भए त्यसको जिम्मेवारी कसले लिने ? प्रमुख कुरा भने पनि पहिलो कुरा भने पनि ढुक्कसँग सास फेर्न पाउनुपर्छ, हरेक घरमूलीले । कि होइन ?

झूल्केको, फत्रेको र फूलेको मात्र कल्पना गर्ने मेरो बानीलाई अस्ताएको -डुबेको-हरेका-हारेको मन पर्दैन तर हमला शैलीमा काकाकुलले भनि, "खै, खै त्यो मासु खाऊ त । धेरै पर्दैन, दर्जन टुक्रा भए पुग्छ । घरमा नि नपकाको होइन, छ तर त्यो ता भरे भोलि जतिखेर नि खाँदा हुन्छ ।" पाहुनालाई इङ्कित गर्दै "यता चै यी सबैले खाँदा नरहला भनेर दौडिएकी...।" भान्साको ढोकानेर उभिएकी मैले विद्युत् प्रवाह जस्तो त्यो आवाजलाई बुझ्न समय लागेन । उसको मगज हाम्रो परिवारले खायौं भनेर नेत्र बलेछन् ।

दैनिक आएर खाएका होइनौं न त खान नपाएर नै धाएका थियौं । बिर्सिनै सकैं, कति वर्ष पछि आमाजूका घरमा तिहार मनाउने सल्लाह भयो । पर्वको रौनक उहाँको रहरलाई नाइनास्ती गरेनौं । हुन त अघिल्लै दिन पुग्न सानो ढिपी गर्नु भएको होइन तर घरमा ताला मारेर हिँड्न सहज लागेन । हो, उही दिन मात्र घर छाड्ने भनेर अठोट गरेपछि आमाजूले थप कर गर्नुभएन । त्यो बिहान सडकमा भिडभाड थिएन । लामो लमतन्न त्यो कालोपत्रे आफ्नै लागि बनेको भान, हामी चार प्राण मिलिक्कै आमाजूका घर पुग्यौं ।

अचम्म चाहिँ छिमेकीलाई किन त्यत्रो डाहा ? मान्छेका घरमा कोही आउन्, जाउन् । कसैले खाउन्, नखाउन्। आनीबानी विचार गर्दा बाघको रूप रहेछ, काकाकुलको । मेरो मनको ठहर उसका हृदयमा देउता छैनन् । हो, पटक्कै छैनन् । एक प्रतिशत त के धूलाको एउटा कर्ण जति पनि । सायद यस्तै यस्तै प्रसङ्गलाई भनिँदो हो, प्रसिद्ध

लीला चीरहरण । कृष्णले गोपिनीहरूको वस्त्र लुकाएको त्यो प्रसङ्ग जस्तो ! कि त्योभन्दा पनि भयानक ?

भाइ टीका भनेको दाजुभाइ दिदीबहिनी बिचको पवित्र र प्रेमिल नाता, स्नेही समय हो । माया र ममता हो । त्यसदिन आफ्ना गच्छेले भ्याएसम्म सेलरोटीलगायत मिठा-मिठा परिकार दाजुभाइलाई खुवाइन्छ । माछामासु पनिर वा रोजाइ अनुसार सागसब्जी र अचार साथै अन्य सर्जाम तयार गरेर दिदीबहिनीले विधिपूर्वक भाइटीका मनाउने परम्परा हामी नेपालीको संस्कृति अनि संस्कार हो ।

केही छिनको बसाइँमा अनेक देखियो । बाल्यकालदेखि नसुनेको सुनियो किनभने, त्यो समयमा पनि मेरी आमाले भाइटीकाको दिन दाजुभाइलाई पान खुवाउनुपर्छ भनेर व्यवस्था गर्नुहुन्थ्यो । जुन कुरा काकाकुललाई थाहै रहेनछ । उसलाई के चाहिँ था' छ त ?

यकिन नगरेको कुरा समयले देखायो । उसको ध्येय पैसा बटुल्नु, सिर्फ पैसा कसले कति दिन्छन् । संसारको इतिवृतान्त जान्न जरूरी छ ? छैन । बाटै पिच्छे पैसाका कुरा सम्झेर राति कसरी निदाउनु ? हो-हल्लामय कुरा सुन्दा एक मनले मान्छे, पोखली लागे पनि भान्साभित्र छिरेर खाना हारालुछ गरेको दृष्य 'कमेडी फिल्म' भन्दा कम लागेन । घरभरि मान्छे, पाहुनै पाहुना छन् । पकाएको चिजबीजले कति पुग्छ, पुग्दैन । कामधन्दा सघाउने कोही छ, छैन । विचारै नगरी थाल थाप्ने होइन, हो त ? कमसेकम त्यो दिन त आफ्नो घरमा पनि धावा होस् । छैन, कुनै चालचुलै देखिएन ।

अझ, पाहुना सहितको त्यो रजाई देखेर लाग्यो, यस्तो सेपमा कसरी सास फेर्नु ? म भए खट्न सक्ने थिइन । पृथ्वी होइनन् त मेरी आमाजू ? भन त छोरी हरिणा । यतिखेरै मैले सम्झेँ- "उहिल्यै तिहारको बेलाको कुरा । आफ्ना माइतीलाई टीका लाइदिएर सासुआमा मतलब तिम्री हजुरआमा घर फिर्ने क्रममा हुनुहुन्थ्यो । काकाकुलकी छोरी दौडिदै आएर च्याप्पसँगले आमाको झोला बोकेर कतै नरोकिई ऊ गई । एक्कासी त्यसरी हिँडेकी केटी कहाँ पुगि, पुगि । दोम्रो प्रसिद्ध लीला । प्रहरीमा उजुर गर्दा पनि न सामान फेला पर्यो न फेला पर्यो, आमाको त्यो झोला ।

मेरी सासुलाई उहाँका माइतीले धेरै चिज गर्छन् । जन्मदिने बुबाआमा त के दाजुभाइ (मामाहरू) नै बितिसक्नु भए पनि भदा(माइती)ले गर्ने मायामा कुनै कमि देख्दिन । मामा घरबाट बिदा भएर छोरी कहाँ आइपुग्नु कत्रो डाहा ? अनि, कति रिस ? यसलाई भनिन्छ,

अहङ्कारले सीमा नाग्नु भन्दा कुरा गरे जस्तो हुन्छ । अघिल्लो साँझको के हिसाब । त्यो रात पछि भोलिको रात्रीबस भेट्न अबेला नगरी बसपार्क पुग्ने योजना फेरफारका कपडा राखेको झोलै छैन । आँखा अघिबाट केटीले डकैती गरी भन्दा होइन भन्न बाध्य पारेछन् । अनि, त्याँभन्दा अभर के हुन्छ ?

त्यतिखेर भर्खर मेरो तेस्रो बच्चा तिम्रो भाइ जनेस जन्मेको थियो । यसकारण घरको अभर सम्हाल्न सासु समयमै फिर्न खोज्नु भाको हो । हुन त भुइँचालो जस्तो प्राकृतिक प्रकोपलाई त मान्छेले सहन गर्न सकिन्छ भने त्यो अड्चन ठुलो होइन । तथापि तितो पोख्न मन लागेर...।" मोबाइल बज्याबज्यै कुरा टुङ्गिन पाएन ।

पेसाले अनुसन्धान अधिकृत हुँ म । अफिसियल कामसँगै पारिवारिक जिम्मेवारी वहनको दायित्व गहन छ । ती छिमेकी महिला जसको नाम काकाकुल भनेर मैले नै नामाकरण गरें । मेरो मगजमा एउटा प्रश्न छ, आमासमान मेरी आमाजूको मस्तिष्क गाल्ने तत्त्व पहिचान नगरी भएन । उहाँले खाएको मानोमा वास्ता थिएन तर थाहा छैन, घरको मूलढोका बन्द गर्न किन पाउनु हुन्न ? हो, यो कुरा चै आश्चर्यको बाउ उदेक होइन ? फगतमा अन्याय किन सहनु हुन्छ ?

एक दिन काकाकुलकी आफन्तसँग मेरो भेट भयो । हामी धेरै पुराना साथी हौं । भए पनि यो नाताबारे थाहा थिएन । त्यस दिनको संयोगमा ती साथीले भनिन्- "खै, के कुरा गर्नु र सुमना जी, दसैंमा चारवटा अक्षताको टीको टाँस्न जन्म घर जाने रहर काकाकुल माइत नपुग्दै म पुगेर फिरिसक्नु पर्थ्यो । कथन म त्यो चाँजोपाँजोबाट चुकें भने ऊ (काकाकुल) फर्केपछि मात्रै मैले त्यस घरमा प्रवेश पाउथें ।

मेरा बाउआमाको निधन भइसकेको हुनाले घरको सारा सम्पत्ति उसका अभिभावकमा हस्तान्तरण भइसकेको थियो । फोनसोन नभएको त्यो जमानामा ग्रामीण भेगकी अपठित नारी म ती शासक वर्गसँग कसरी चलें ? भनेर त यही हृदयलाई मात्रै थाहा छ...।" तिथिमिति केलाउँदै समयको त्यो पल खोल्दा मेरा जीउभरि काँडा उम्रिए । सुनाउने भन्दा सुन्ने चै बढी भावुक बनें ।

संसारमा यस्तो पनि हुन्छ ? आफैंसँग प्रश्न गरें । अनि, सम्झें पृथ्वी अर्थात् धर्तीलाई । माता अर्थात् जगत् जननीलाई । मैले सानै उमेरदेखि सुन्दै आएको कुरा बाउ भनेका आकाश हुन् तर पृथ्वीबिनाको आकाश किमार्थ होइन र ? साँच्चै, कल्पनासम्म गर्न सकिन्न, सक्दिन । हो, प्रकृतिको यस छहारीमा

सजिव प्राणी सबैको आ-आफ्नो अस्तित्त्व छ, हुन्छ । त्यसमाथि पर्वको रौनक आनन्द र खुसीको क्षण हो । अनि, पारिवारिक माहोलको अनन्त अनुराग पनि !

यतिखेर आमाजूकै शब्द सापटी लिएँ र भन्न मन लाग्यो- "म भित्रको म खुसी भएको त्यो दिन । घमाइलो रमाइलो त्यो छिन् तर आँखा अघि जुन वातावरण हाजिर भयो, कताकता सङ्लो रहेन मन ।" मानौं, ठस्स गनाउने एक जातको दुर्गन्धी किरो, पधेरो जसलाई पतेरो नि भनिन्छ । हो, सुगन्धलाई पन्छाउने त्यस जीवलाई धकेल्न मिलोस् न घचेट्न । कठै, मेरी आमाजू ! अहोरात्र खटाई आफूले मुखमा पानी नहाली-नहाली अरूका पेटमा मुस्ली खाद्ने स्थिति बनाउँदा पनि उहाँलाई चाहिँ कसले बुझ्ने ? काम माथि काम खाए नखाएको कसले सोध्ने ? लाग्छ, हाम्रो परम्परामा घरेलु कामको मूल्याङ्कन किन हुँदैन ?

हातमा कलम बोक्नेहरूलाई मेरो आव्हान छ, यस्ता विषयमा किन कलम नचलाउने ? अवश्य चलाउनु पर्छ । काकाकुलको जस्तो गिद्धे बानी...? भो, म त अति आवश्यक काम बाहेक अफिस सकेर सिधैं घरतिर हाकिन्छु । अरू त अरू पर्वकै दिन किन नहोस्, धपेडी हुने गरेर मान्छेका अगाडि डिच्च दाँत देखाउनुको साटो बरू अलिनो खान्छु । त्यस दिनदेखि मेरो प्रतिज्ञा पतेरो सरह आदतसँग फोटो नखिच्ने । टिकटक बनाउनु त झन् टाढाको कुरो ।

♦♦♦

गीत

✍ **एच.के. धिताल**

एक्लै आएको हो, एक्लै जाने हो, को छ र साथी
यो धर्तीमा भेटिन कोही, भेटिन्छ कि बरू माथि
रित्तो आड, भोको पेट, के चासो कल्लाई
को भन्न आउँछ र के समस्या छ तँलाई

वर्षा सकिए पछि छाता काम नलागे जस्तै
स्वार्थ पूरा भएसी नाता काम नलागे जस्तै
हुनु छैन, रूनु छैन यो दुनियाँमा मलाई
को भन्न आउँछ र के समस्या छ तँलाई

घामले पनि ढाँटे जस्तो गर्छ बादल देखाई
यो मतलबी सहरमा को आफ्नो को पराई
कति दिन, कति रात बस्ने हो मन जलाई
को भन्न आउँछ र के समस्या छ तँलाई

क्यान्सर रोगको प्रादुर्भाव र नेपाल

✍ त्रिचन्द्र प्रतिक्षा

कुनै पनि अङ्गका कोषहरू असामान्य र अनियन्त्रित रूपले वृद्धि भएर समस्या निम्तिनुलाई क्यान्सर भनिन्छ । एक अङ्गमा क्यान्सर लागेपछि शरीरका अन्य अङ्गमा पनि सर्न सक्छ । जस्तैः स्तनमा क्यान्सर लागेर फोक्सो, हड्डी र मस्तिष्कमा सर्न सक्छ । तर, क्यान्सर एक व्यक्तिबाट अर्को व्यक्तिमा फैलिने सरूवा रोग भने होइन ।

क्यान्सरः प्राचीन र नयाँ अवधारणाको जन्म

ई.शा. भन्दा २५ सय वर्ष पहिलेको मिश्रका ममीहरूमा ट्युमर पाइएको छ । ई.शा. भन्दा ६ सय वर्ष पहिला र त्यसपछि लेखिएका युरोपेली चिकित्सा ग्रन्थहरूमा क्यान्सरको स्पष्ट उल्लेख छ भने प्रसिद्ध युनानी चिकित्सक हिप्पोक्रेट्सले आफ्ना लेखमा क्यान्सरलाई विभिन्न नाम दिएका छन् ।

त्यसपछि नयाँ अवधारणामा १९ औं शताब्दीको अन्त्यमा यसलाई "ब्लास्टिमा" नाम दिइयो । ब्लास्टिमा त्यो अंश हो जुन रगतसँग मिलेर शरीरको विभिन्न तन्तुसम्म पुग्छ र त्यसको निर्माणमा वृद्धि र सहायक सिद्ध हुन्छ ।

यसैबीच एक खोज सन् १८०१ मा फ्रान्सेली वैज्ञानिक मेरी फ्रान्सिस जेभियर बिचाटले शरीरको तन्तु संरचना एकै हुन्छ र ट्युमर क्यान्सर होइन योत तन्तुको अनियान्त्रिक स्थितिमात्र रहेको बताए । सन् १८६७ मा विलहेम वाल्डेएरले क्यान्सरको अवधारणलाई अन्तिम र आधुनिक रूप दिए र यसलाई सिद्धान्तका रूपमा मान्यता दिलाए ।

वैज्ञानिक खोजको आरम्भ

वैज्ञानिक खोजको नयाँ प्रविधिबाट क्यान्सर अनुसन्धानका लागि 'कोषिका सिद्धान्त' नै क्यान्सरको ठोस आधार सिद्ध भयो । विश्वमै पहिलोपल्ट पहिलो विश्वयुद्धपछि सन् १९०२ मा इङ्ल्याण्डको 'रोयल कलेज अफ फिजिसियन्स' र 'रोयल कलेज

अफ सर्जन्सु मिलेर' इम्पिरियल क्यान्सर रिसर्च फण्ड' स्थापना पछि अमेरिकाले सन् १९०७ मा 'अमेरिकन एसोसिएसन फर क्यान्सर रिसर्च' र जापानले 'सोसाइटी फर क्यान्सर रिसर्च'को स्थापना गरे । रूसले सन् १९२६ मा 'लेनिनग्राद इस्टिच्युट फर आन्कोलोजी' को स्थापना गरे । त्यसपछि विश्वका थुप्रै देशहरूका क्यान्सरको रिसर्च सेन्टर लगायत मेडिकल कलेजहरू खोल्ने क्रम बढ्दै गयो ।

खोज 'इन्टरफेरान' क्यान्सरको दुश्मन

इङ्ल्याण्डको 'नेसनल इस्टिच्युट अफ मेडिकल रिसर्च' का वैज्ञानिकद्वय जिन लिन्डेनमेल र एलिक इसाक्सले सन् १९५६ मा इन्टरफेरानको खोज गरेर संसारभर तहल्का मच्चाए । यो शरीरको कोषिकाबाट बनाउने एक प्रकारको प्रोटिन हो । वैज्ञानिकद्वयले केही प्रयोगका क्रममा देखियो कि यदि कोषिका सम्बर्द्धनमा केही मरेका इन्फ्लुएन्जा विषाणु रहे, कोषिकामा यस्तो शक्तिको विकास हुन्छ कि त्यसले हर प्रकारको विषाणुको प्रतिरक्षा गर्न सक्छ । जसका कारण कोषिकामा यो शक्ति विकास भएको थियो । यसैलाई 'इन्टरफेरान' नाम दिइयो ।

कसरी लाग्छ क्यान्सर ?

मानव शरीर स-साना कोषिकाहरूबाट बनेको हुन्छ । यी कोषिकाहरू विभाजन भई नयाँ कोषिकाहरू बन्ने र पुरानो कोषिकाहरू नष्ट हुँदै जान्छन् । ती कोषिकाहरूको विभाजनलाई नियन्त्रण गर्ने एक प्रकारको जीन हुन्छ । जब जीनले आफ्नो काम गर्दा कुनै प्रकारको रोकावट भएमा हाम्रो शरीरभित्र भएको कोषिकाहरू अनियन्त्रित हुन गई शरीरको कुनै भागमा ट्युमर (गाँठो) देखा पर्दछ । जसलाई सामान्य ट्युमर भनिन्छ । तर, शरीरको अन्य भागमा सर्दै जाने, छिटो छिटो बढ्ने, अङ्गभित्र छिरेर जाने र शल्यक्रिया पछि पुनः पलाएर आउने तथा अस्वभाविक तरिकाबाट वृद्धि भई शरीरलाई हानी पुऱ्याएमा त्यस्तो ट्युमर अर्थात् गाँठोलाई हानिकारक ट्युमर अर्थात् क्यान्सर रोग लागेको भनिन्छ ।

क्यान्सर रोगीको तथ्याङ्कमा नेपाल

२१ औं शताब्दीमा पनि सबै भन्दा भयानक रोगका रूपमा लिइन्छ क्यान्सर । आधुनिक चिकित्सा विज्ञानले केवल यतिमात्रै गर्न सक्छ कि रोगीको आयु केही महिना वा वर्ष बढाउने र रोगीको शारीरिक पीडा कम गर्ने ।

विश्व स्वास्थ्य संगठनले सन् २०१९ मा गरेको एक अध्ययनले नेपालमा वर्षेनी १४ हजार ३ सय मानिसको मृत्यु क्यान्सरका कारण हुने गरेको देखाएको छ भने सन् २०२० मा ग्लोबल क्यान्सर

अब्जरभेटरी (ग्लोबोक्यान)ले गरेको सर्वेक्षणले नेपालमा क्यान्सरको अवस्था प्रतिलाख ८१ जना र मृत्युदर लगभग ५५ जना रहेको उल्लेख छ । यसरी हेर्दा नेपालमा वर्षेनी सरदर २६ देखि ३० हजार मानिस क्यान्सर पीडित हुने र १५ देखि २० हजारको वर्षेनी मृत्यु हुने गरेको देखिन्छ । तर, तथ्याङ्कभन्दा बढीसमेत प्रभावित भइरहेका विज्ञ बताउँछन् । किनकि नेपालमा अझै पनि जनसंख्या अनुसार यकिन तथ्याङ्क राखिएको छैन ।

क्यान्सर रोग विशेषज्ञ डा. राजेन्द्र प्रसाद बरालले उपचारमा नयाँ-नयाँ प्रविधि भित्रिए पनि क्यान्सर रोग बढ्नुमा मानिस सचेत भएर अस्पताल जान थालेर क्यान्सर पत्ता लागेको हुन सक्ने बताउनुभयो । उहाँले अब देशलाई सुर्तीजन्य पदार्थलाई पूरै बन्देज नलगाएसम्म क्यान्सर भयावह रूपमा वृद्धि हुँदै जाने जानकारी दिँदै बरालले सुर्तीजन्य पदार्थलाई नेपालमा बन्देज लगाउन सके ४० प्रतिशत क्यान्सर रोगका बिरामी घट्ने अनुमान गर्नुभयो ।

तथ्याङ्कमा सुर्तीजन्य पदार्थबाट हुने क्यान्सर पछि महिलामा हुने स्तन क्यान्सर बढी देखिएको छ । प्रत्येक आठमा एक अर्थात् १२.५ प्रतिशत महिलालाई जीवनकालमा एक पटक स्तन क्यान्सर हुने अनुसन्धानबाट देखिएको छ भने कम्तिमा ५० हजार नेपाली महिलालाई स्तन क्यान्सर भएको अनुमान विश्व स्वास्थ्य संगठनले गरिएको छ ।

यस्तै, क्यान्सर काउन्सिल नेपालका अनुसार नेपालमा हरेक वर्ष ३० देखि ३५ हजार क्यान्सरका नयाँ बिरामी थपिने गरेको विभिन्न अध्ययनले देखाएको छ । क्यान्सरबाट प्रभावित हुनेमा पुरूषको तुलनामा महिलाको संख्या बढी छ । महिलाको पाठेघरको मुखको क्यान्सर बढी मात्रामा हुने गरेको देखिएको छ ।

आज धेरैभन्दा धेरै व्यक्तिहरू न केवल क्यान्सर रोगसँग संघर्ष गरिरहेका छन् । उनीहरू सामान्य एवं सफल जीवन बिताउन पनि समर्थ भएका छन् । सरकारले विपन्न नागरिक औषधोपचार कोष अन्तर्गत क्यान्सर रोगीहरूलाई रू. एक लाखसम्मको सुविधा उपलब्ध गराउँदै आएको छ । रोगको उचित समय र प्रक्रियाबाट उपचार गराउन ढिलो गर्नु हुँदैन ।

सन्दर्भ स्रोत

विश्व स्वास्थ्य संगठनका बुलेटिन, विकिपीडिया, Mystery of Fatal Diseases, Kathmandu cancer center को वेभसाइट तथा अन्य वेभसाइटहरू ।

♦♦♦

कथा

अस्पष्ट प्रेम

✍ डा.गितु गैरे

कुन शब्द, वाक्य वा अनुच्छेदबाट सुरू गरू । या त शब्द विहिन भावनाबाट नै बुझाउने कोसिस गरू ? उत्तरविहिन छु, अझ भनु प्रश्नरहित छु । तर म निराश छैन । आशाको सानो झिल्को हृदयमा प्रशारित भइरहेछ र त यो भिडभन्दा पर छु । मेरो हृदय र गर्ने कर्म पर छ तर भिडमै भएजस्तो देखिन्छ । समयको माग होला सायद । मान्छे झुक्काउन सायद आएको भन्नु पर्ला नी होइन ? कफी बगानको चर्चा पल्पसा क्याफेमा पढेपछि गर्मी नै भए पनि म कफी बनाउन थाल्छु । पुस्तकको साईड ईफेक्ट होला क्यारे त्यो चाहिं । हुन त कतिले कफी बनाउन जान्नु हुन्छ । यत्तिकै खाँदा कफीको सौन्दय बिग्रन्छ भन्छन् । म भने बालै फरररर भनेर आफै बनाउन थाल्छु । जिब्रोलाई मिठो लागे भई गयो नी । त्यही बेढङ्गले बनाएको कफी र पल्पसा क्याफे पुस्तकको फोटो मोबाइलले खिचिक्क पारे । अनि प्रमाणभैं पोस्टाई दिए इन्टाग्रामको स्टोरीतिर। पोस्ट गरेर तितोतितो कफीको चुस्की के लिंदै थिए ।

आकांक्षाको रिप्लाई आयो । दिदी म तपाईंलाई भेट्न चाहान्छु ।

किन, कहाँ र कहिले ? म केही व्यस्त भई टोपले ।

उसले प्रतिउत्तरमा पठाई, जति सकिन्छ छिटो आजै, अहिल्यै तुरून्तै ।

लु त त्यसो भने अहिल्यै, किनकि म आज फुर्सदमा छु । पल्पसा क्याफेबारे तिमीलाई बताउला पनि । अर्को सुरू गरी हाल्ने मुड छैन । उसले मेरो मेसेजमा वोउ रियाक्ट गरी । सोचे टिकटक चलाउन भन्दा ऊसँग गफिन बुद्दिमानी सोचे । अनि उसलाई बेगनासको एक कुनोमा बोलाए ।

म त एकैछिनमा पुगिहाल्थे, मलाई श्रृङ्गारपटारमा खासै रूचि थिएन । म रूपवान हैन, सुन्दर हुन चाहान्छु । सुन्दर हुनको लागि नै भनेर उसलाई कुरून्जेल पढ्छु भनेर मलाई पटक-पटक पढ्न मन लाग्ने तीन घुम्ती झोलामा

हाले । हरेक पल्ट पढ्दा नयाँ, ताजा र सिकेको अनुभव गर्छु । पुस्तकको शक्ति म कसरी विवेचना गर्न सक्छु र ? पढ्नु भनेको सबैभन्दा सुन्दर काम पो हो त । मौसम गर्मी गर्मी थियो । तालको छेउ भएकोले केही बतासको चिसो सर्को बेलाबेला बत्तिएको थियो । हावाको बहाब, मनको अधैर्यता र पुस्तकप्रतिको लगाब एकसाथ एउटै विन्दुमा थिए ।

ऊ आई केहीबेरमै । सेतो कलरको वान पिस, सेतो जुत्ता र कालो चस्मा र कालो साईडव्याग भिरेर। उसको डेम्नअप सेन्स राम्रै थियो । उमेरले ऊ मेरी बैनी हो तर सम्बन्धले साथी जस्तै छे । ऊ सरासर आएर मेरो छेउमा बसी ।

पहिले भेट्दा भन्दा निकै हसिली रसिली देखिएकी छौ त ?

हो, दिदी मेलै जीवनलाई फरक तरिकाबाट बुझ्ने कोसिस गरें । पहिलो वाक्य नै गहन गर्न थाली । र भनि, म यिनै कुरा हजुरसामु सुनाउन आतुर छु । म पनि सुन्न आतुर छु भनेपछि उसले यसरी सुरू गरी ।

जब सुभानले नजानिँदो किसिमले मेरो प्रेम अस्वीकार गर्यो । मलाई असह्य भयो । मैले विश्वास नै गर्न सकिन की कोही केटाले मलाई अस्वीकार गर्छ भनेर । कयौ पुरूषको प्रशंसा र प्रेम प्रस्तावले म बाहिरी सौन्दर्य र खोक्रोपनको लालित्यमा विलिन भएको रैछु । केही महिना त मलाई निकै गाह्रो र पीडाबोध भयो । सुभान प्रति कहिले रिस, ईर्ष्या र क्रोध उत्पन्न हुन्थ्यो त कहिले आफैसँग पनि। फेरि सुभानले एक वर्ष पछि भेट्छु भन्ने आशा दिलाएकोले कुरी बसें । पर्खी बसें । सम्झी बसें ।

बाह्रौ महिना बिताउँदा पनि उसको केही खबर आएन । ऊ मसँग निकै टाडिएको थियो । अनि मलाई एकाएक लाग्न थाल्यो । यी एक वर्ष मेरा व्यर्थ गए । मेरो जीवन आफ्नो भन्दा उसको प्राथामिकतामा चलिरहेको थियो । जसलाई म हुनु र नहुनुमा त कुनै फरक थिएन भने फर्केर आउछ र मलाई प्रेम गर्नेछ भन्ने भ्रममा कतिन्जेल बाँचू । सम्पर्कका सबै माध्यमबाट ऊ विलिन भईसक्दा पनि खै ममा के को आश र आसक्ति थियो ? मलाई आफैप्रति घृणा उत्पन्न भयो र सगँसँगै एक किसिमको शक्ति सञ्चय भयो । उसले भनेका कुराहरू सम्झिन खोजे । उसले भनेको थियो "कोहीसँग पनि आश्रित नहोऊ" । तिम्रो जीवनमा तिमी नै पूर्ण छौं । प्रेम, सम्बन्ध, शारीरिक, संवेगात्मक परिवर्तन समय अनुरूप सही छन्, यीबाट सचेत होऊ तर नियन्त्रण गर्ने कोसिस नगर। म त कसरी आफैलाई बिर्सेर ऊप्रति आश्रित हुन पुगेछु । सोच्थें,

ऊ आएपछि मेरो जीवनमा खुसीको नयाँ पालुवा पलाउनेछ । एकाएक मेरा सबै सपना पूरा हुनेछन् । ऊ आएर मेरो जीवन कसरी राम्रो हुन्छ ? मेरो सपना रातारात कसरी पूरा हुन्छ ? मिहेनत नगरी के हुन्छ ? आफ्नो लागि आफैले त गर्नुपर्छ नी । म कति भ्रममा बाँचेकी थिए ।

एकाएक बल्लतल्ल मेरो जीवनमा प्रकाशको नयाँ धर्साहरू देखा परेका छन् । आफैलाई धेरै माया र विश्वास गर्ने भएकी छु । हरेक दिन आफूलाई बुझ्छु, आफूमै हराउछु । कोही हुनु र नहुनुमा केही फरक नै परेको छैन । साच्चै भन्ने हो भने एक्लै हुँदा म बढी खुसी भएकी छु । जीवन बाँच्नुको सार्थकता भेटेजस्तो लाग्छ । आफ्ना सपना सबैभन्दा महत्त्वपूर्ण हो । आफू सबैभन्दा महत्त्वपूर्ण हो । हो दिदी, आकांक्षाले आफ्ना आकांक्षाहरूलाई बेहिसाब प्रेम गर्न थालेकी छे । सुभानलाई अहिले म प्रेम भन्दा बढी श्रद्धा र सम्मान गर्छु । यो सानो पत्र उसको हातमा थमाई दिनुहोला ।

यति भनेर उसले पत्र मेरो हातमा थमाई दिई ।

उसले आफ्नो कुरा सकाई । कुरा भनिन्जेल उसले खुलेर बोल्न नसक्ली भन्ने ठानेर म तालको निर्मल कञ्चन पानीसँग एकाकार थिए । बोलिसकेपछि बल्ल उसको आँखामा हेर्ें । उसको आँखामा एउटा हुटहुटी थियो । जाँगर थियो। आनन्दको प्रत्याभूति थियो । उसलाई देखेर मेरो मन पनि खुसी भयो । उसको जीवनको परिवर्तन देखेर मैले पनि चैनको सास फेरे । आखिर ऊ मेरी प्रिय थिई ।

उसले दिएको पत्र राखिसकेको थिए । उसले फेरि मेरो हात च्याप्प समाई र भनी थ्याक् यु दिदी । बरू मलाई हजुरसँग भएको दुई पुस्तक दिनु न । ऊ अनुनय-विनयको भावमा एकैचोटि बोली ।

म मुस्कुराउदै सोधें-कुन दिऊ ? हजुरलाई जुन ठिक लाग्छ त्यही ।

अनि हामी हात समाउदै त्यहाँबाट उठ्यौ ।

साँझ घरमा आएपछि मलाई निकै उत्सुकता जाग्यो । सुभानको लागि लेखेको पत्र हेर्ने । के गरू के गरूको दोसाँधमा परें । एक गिलास पानी पिए । मनलाई स्थिर बनाउन सकिन् । आकांक्षासँग मनमनै सरी है भनेर पत्र उगारें ।

प्रिय हजुर,

म के भनेर सम्बोधन गरू, म आफै अस्पष्ट छु तर मैले प्रिय चाहिँ भनिहाले मन नदुखाउनु ल ।

जीवनमा प्रत्येक मानिससँग फरक-फरक किसिमको सम्बन्ध

बन्ने रहेछ ।

तपाईंको लागि म त फगत एक व्यक्ति हो । सायद मेरो उपस्थितिले हजुरलाई रत्तिभर फरक पर्दैन । तर मेरो लागि तपाईं एक असल मान्छे हो । म अहिले लेखिरहँदा पनि किन लेखिरहेछु जस्तो लाग्छ तर मन पर्ने मान्छेलाई यति लेख्दा के ठूलो कुरा भयो र है तर मन पर्ने भन्दैमा नआत्तिनु । म प्रेमपत्र लेख्दै छैन । तर हजुर असल लाग्छ । मलाई मन पर्छ । हजुरप्रति म कति अस्पष्ट छु हेर्नु न, तपाईंजस्तै नै । हजुर भन्दा नि मलाई हजुरको व्यक्तित्त्व पो मन परेको हो की । हजुरको उपस्थितिले, वेवास्ताले, न घृणा न प्रेमले आज मलाई म बनाएको छ । जीवनलाई हजुरकै जस्तो नजरले हेर्न सक्ने बनाएको छ । कृतज्ञ छु भन्नको लागि पत्र नै लेख्न बाध्य भए किनकि मसँग अरू कुनै माध्यम थिएन र छैन ।

मैले भने नि यो प्रेमपत्र होइन । तपाईं नआत्तिनु । म पहिले जस्तो रहिन् । यो परिवर्तन हजुरकै कारणबाट सम्भव भएको हो । म प्रेमले मात्रै हेरिरहन सक्दिन हजुरलाई तर म श्रद्धा र सम्मान गर्छु । सधैं यस्तै सरल, सौम्य र सुन्दर रहनु । जीवनमा राम्रो गर्नु । यति मात्रै भने ल ।

उही तपाईंकी (के लेखु) ♦♦

लघुकथा

प्रतिकार

✍ **गंगा खड्का**

"तपाईंहरूको संस्कार देखेर म त छक्क परिसकें । तपाईंकी छोरी चौबीसै घण्टा फोनमा व्यस्त हुन्छे । मलाई त लाग्छ, यसको कोहीसँग चक्कर चलेको छ ।" लोग्नेले बोल्यो ।

"आउनापाहुना आउँदा कसरी बोल्नुपर्छ भन्ने ढङ्ग नि छैन । न पकाइतुलाई गर्ने ढङ्ग छ ।" सासूले बोलिन् ।

"आफूभन्दा ठूलासँग कहिल्यै शिर झुकाउन जान्या छैन ।" ससुरा बोले । सबैको कुरा सुनेपछि माइती पनि उसैमाथि खनिए ।

यतिन्जेल मुखमा बिर्को लाएर बसेकी सबिताको धैर्यताको बाँध फुट्यो । उसले प्रतिकारको शैलीमा बोली, "देखिने सबै कुरा सत्य हुँदैनन् र सत्य कुरा प्रायः देखिँदा पनि देखिदैनन् ।"

रङ्गीन फोटो आविष्कार गर्ने वैज्ञानिक

✍ राजेशमान के.सी.

वैज्ञानिक जेम्स क्लर्क म्याक्सवेलको जन्म सन् १८३१ को नोभेम्बर १३ तारिखका दिन बेलायतस्थित स्कटल्याण्डको इडिनवर्गमा भएको थियो । उनको बाल्यावस्था सामान्य रूपमा नै बितेको थियो । विद्यालयस्तरको अध्ययनमा पनि उनी मध्यम वर्गमा नै पर्दथे । पढाईमा ध्यान नदिने र सन्दर्भ भन्दा बाहिरको प्रश्न गर्ने बानीले गर्दा उनी 'अर्ध पागल व्यक्ति' भनेर साथीहरूबाट आलोचित पनि हुने गर्दथे ।

सन् १८४१ देखि सन् १८४७ सम्म उनले इडिनवर्ग एकेडेमीमा अध्ययन गरे । विद्यालय स्तरीय अध्ययन पश्चात उनी क्याम्ब्रिज विश्वविद्यालयमा भर्ना भए । त्यहाँ उनले सन् १८५४ मा गणित विषयमा डिग्री हासिल गरे । त्यसपछि उनी स्कटल्याण्डकै मेरिश्चल कलेजमा प्राकृतिक दर्शनशास्त्र विषयको प्राध्यापन गर्न थाले । सन् १८५४ देखि सन् १८६० सम्म उनी प्राध्यापन कार्यमा संलग्न रहे र सोही अवधिमा उनले आफ्नो रूचीका अन्य विषयहरूमा पनि स्वाध्याय गर्ने मौका पाए । उनले स्वाध्ययन गरेका मुख्य विषयहरू थिए दर्शनशास्त्र, खगोलशास्त्र र रङ्ग थिए । यी तीन विषयहरूमा उनले प्रशस्त अनुसन्धानहरू समेत गर्ने मौका पाए । सन् १९६० पश्चात उनी बेलायतको लण्डनस्थित किङ्गस कलेजमा दर्शनशास्त्र र खगोलशास्त्र विषयको प्राध्यापक पदमा नियुक्त हुन पुगे ।

त्यस समयमा उनको खोजको मूल विषय रङ्ग के हो र हाम्रो आँखाले कसरी रङ्गहरू देख्न सक्छ भन्ने थियो । सोही विषयमा अध्ययन गर्दागर्दै उनले पहिलो रङ्गीन फोटो निर्माण गर्न सफल भए । त्यसो त थोमस भद्र र देहभोजले रङ्गहरूको बारेमा सो भन्दा पहिले पनि अध्ययन गरिसकेका थिए । तर त्यही खोजलाई पूर्णता दिँदै नयाँ तथ्यहरू फेला पार्ने काम भने म्याक्सवेलले नै गरे । म्याक्सवेलले

प्रकाशित गरेको शोधपत्रमा उल्लेख भए अनुसार मानिसको आँखामा तीनवटा प्राथमिक रङ्गहरू रातो, निलो र हरियोलाई चिन्न सक्ने रिसेप्टरहरू हुन्छन् । तिनै रिसेप्टरहरूले पठाएको संकेत अनुसार हामी विभिन्न रङ्गहरू देख्ने गर्दछौं । कसै कसैमा भने रङ्गहरू पहिचान गर्न सक्ने क्षमता हुँदैन । यो तिनै रिसेप्टरहरूको खराबीले गर्दा नै भएको हो । म्याक्सवेलले विभिन्न रङ्गहरूको संयोजन र वियोजनबाट बन्ने नयाँ रङ्गहरूबारे पनि आफ्नो शोधपत्रमा उल्लेख गरेका थिए ।

त्यसै गरी उनले सन् १८६३ मा प्रकाश र विद्युतीय चार्जको अध्ययन गरी On the elementary regulations of electric qualities नामक शोधपत्र प्रकाशन गरेका थिए । त्यसको लगत्तै उनले सन् १८६४ मा Dynamical Theory of Elecltromagnetic Field नामक अर्को शोधपत्र पनि प्रस्तुत गरे र यी दुवैलाई संयोजन गरेर सन् १८७३ मा Treatise on Electromagnetism Field नामक तेस्रो शोधपत्र पनि प्रकाशन गरे । म्याक्सवेलको यस शोधपत्रले प्रकाशलाई नयाँ तरङ्गको रूपमा परिभाषित गरेको छ । जसलाई विद्युत चुम्बकीय तरङ्ग भनिन्छ ।

विद्युत चुम्बकीय तरङ्गमा तरङ्गको विद्युतीय र चुम्बकीय गरी दुईवटा भागहरू हुन्छन् । ती दुवै भागहरू आपसमा र प्रवाहको दिशामा लम्ब हुन्छन् । विद्युत चुम्बकीय तरङ्गको गति शून्यमा प्रकाशको गति बराबर हुन्छ, जसलाई उनले गणितीय सूत्रमा प्रस्तुत गरेका छन् । उनले आफ्नो विद्युत चुम्बकीय क्षेत्रका खोजहरूलाई समेटेर ४ वटा समीकरणहरू निर्माण गरेका छन् । ती समीकरणहरूलाई Maxwell equations भनिन्छ र ती समीकरणहरू आज पनि अत्यन्त महत्वपूर्ण रहेका छन् ।

आफ्नो कार्यक्षेत्रमा बढ्दै जाने क्रममा उनी क्याम्ब्रीज विश्वविद्यालयमा प्राध्यापक पदमा आसिन हुन पुगे । त्यसपछि सन् १८७४ मा उनले एउटा प्रयोगशालाको निर्माण गरे जसको नाम Cauendish Laboratory थियो । उनी त्यसपछि सोही प्रयोगशालामा व्यस्त रहन थाले । तर पछि स्वास्थ्य प्रतिकूल भएका कारण सन् १८७९ मा उनले प्राध्यापक पदबाट राजीनामा दिए र सोही वर्ष नोभेम्बर ५ तारिखका दिन ४८ वर्षको उमेरमा उनको दुःखद् निधन भयो । तर आफ्नो जीवनको छोटो उमेरमा पनि वैज्ञानिक जगतमा उनले पुऱ्याएको योगदान भने अविस्मरणीय बनेर रहेको छ । ♦♦♦

कथा

छल

✍ गङ्गा कर्माचार्य पौडेल

"खुइइय लामो सास तान्दै त्रियासी वर्षका वृद्ध भोला शर्मा, "कस्तो शून्य भयो । बाटोमा मान्छे हिँडेको देखिँदैन । घरमा पनि कोही आउँदैनन् एक्लै दिन काट्नै गाह्रो भयो" भन्दै फतफताए ।

उनको फतफत सुनेर सम्झाउने प्रयास गर्दै पत्नी रमाले बूढाको कानैनेर मुख लगेर अलि उँचो स्वरमा भनिन् "लकडाउन छ । त्यसैले मान्छेहरू बाहिर ननिस्केर सबै जना घरभित्र बसेका हुन्"। "लकडाउन ? के को लकडाउन ?" भोलाले सोधे ।

"चिनबाट कोरोना आछ रे क्या । त्यसले भेट्यो भने मान्छे बाँच्दैन रे । त्यसकारण सरकारले लकडाउन गरेको । सरकारले तोकेको समयमा बाहेक अघिपछि सडकमा हिँडेको देखे पुलिसले समात्छ"।

पत्नीको कुरा सुनिसकेपछि भोलाले यसो केही सम्झेझैं गरी भने "ए ! चिनले लुगा फाटो, लसुन, प्याज, फलफूलसँगै कोरोना पनि पठाएछ । हो त्यै भएर मैले घरायसी प्रयोजनका जे कुराको लागि पनि विदेशीको भर पर्न हुँदैन भनेको । मेरो कुरा कसैले सुन्दैनन् । त्यस्ता लसुन प्याज त करेसाबारीमै फलाउन सकिन्छ । आफ्नो जग्गा जमिन बाँझै राखेर चीनसँग किनेर खाने हो ? प्रश्न गर्दे आफ्नो भनाइलाई निरन्तरता दिएर उनले भने-पहिला हामीले खाने अन्न आफ्नै जग्गा जमिनबाट उब्जाएर वर्षभरिलाई पुऱ्याइन्थ्यो । पुग नपुग छरछिमेकीसँग सरसापट गरी गर्जो टारिन्थ्यो । त्यै भएर कृषिमा आत्म निर्भर थियो हाम्रो देश । किनेर खाने त चलनै थिएन । लाउने लुगा पनि घरघरमा तान लाएर आफै बुन्थे । म आफ्नै हजुरआमाले बुनेको घरबुनाको भोटो लाएर हुर्केको मान्छे हुँ"।

पतिको कुराको समर्थन गर्दै रमाले पनि आफ्नो बाल्यकाल सम्झिदै भनिन् "हो त नि । म सानी छँदा एक वर्ष कार्तिक महिनामा असिना पऱ्यो । पाकेर भित्र्याउने बेला भएको धान सबै

खेतमै झारिदियो असिनाले । घरको अन्नले नपुग्ने देखेर बुबाले खच्चरवालासँग बटौलीबाट चामल झिकाउनु भयो । त्यो चामलको बोरा खच्चरको पिठ्युबाट झिकेर घर भित्र्याउदा कसैले देख्यो कि भनेर पल्याक्पुलुक् चारैतिर हेर्नुभयो । त्यसपछि छिटो छिटो बुइँगलमा लगेर लुकाउनु भयो । बुबाले किन त्यसो गर्नुभएको होला भनेर मलाई अचम्म लाग्यो । त्यसपछि सोधें बुबा ! चामल किन बुइँगलमा लगेको ?

बुबाले चोर औंला ठड्याएर मतिर हेर्दै भन्नु भयो "चुपचुप । हाम्रो घरमा बटौलीको चामल ल्याको छ भनेर कसैलाई नभन्नु है । लाज हुन्छ । इज्जत जान्छ ।"

"बुबाबाट शिक्षा पाएकी मैले पनि यो घरमा भित्रीय देखि मैले सकुन्जेल घर पछाडिको सानो जग्गामा पनि बाह्रै महिना हरियो तरकारी फलाएर घरमा खान पुऱ्याएकै थिएँ । उमेर ढल्किदै गर्दा रोगले शरीरमा डेरा जमाएपछि काम गर्न सकिएन । नत्र हरियो तरकारीको लागि कसैको मुख ताक्नु पर्ने थिएन । के गर्नु अहिलेका मान्छेहरू माटो छुन घिन मान्छन् । कुटो, कोदालो समाउन लाज मान्छन् । विदेशबाट ल्याएको आलु प्याज किनेर खाँदा गौरव ठान्छन् । जमाना उल्टो आएको हो कि ? मानिसको प्रवृत्ति, जुग जमाना उल्टो हुँदै गएको हो ? मैले त केही बुझ्न सकेकी छैन"। रमाले भनेको कुरा वृद्ध भोलाले केही सुने केही सुनेनन् र बुझेनन् पनि । किनभने उनलाई पाँच वर्षदेखि विस्मृति रोग (अल्जामर्स) ले गाँजेको छ । पुराना कुरा दोऱ्याइरन्छन् । नयाँ कुरा उत्तिखेरै बिर्सन्छन् । कान पनि कम सुन्छन् । त्यो कुरा रमालाई थाहा छ । तापनि आफ्नो कुरा उनलाई सुनाउन छोड्दिनन् । त्यसदिन पनि सुनाइन् । आखिर बूढाबूढी बाहेक त्यो घरमा बस्ने अरू कोही भए पो सुनाउनु । रमाले अझ के भन्न लागेकी थिइन् त्यहीबेला सुइइइय गरी जोडले प्रेसर कुकरको सिठ्ठी बज्यो । उनी झसङ्गै भइन् । त्यसपछि जुरूक्क उठेर भान्छामा गइन् । लौ दाल त पाकिसकेछ भन्दै उनले प्रेसरकुकरबाट दाल भिकेर सानो डिक्चीमा खनाइन् । पानीले पखालपुखुल पारेर फेरि त्यसैमा भात बसालिन् । भात, तरकारी पाकेपछि थालमा पस्केर बूढालाई खान दिइन् । आफूलाई मात्र पस्केको खाना देखेर भोलाले पत्नीलाई भने "तिमीलाई खै त ? सँगै बसेर खाउँ न" ।

"भई हाल्छ नि"भन्दै रमाले आफूलाई पनि थालमा भात पस्केर त्यसै माथि दाल खन्याइन् र एकछेउमा तरकारी राखिन् । भात मुछेर गाँस हाल्नै लाग्दा ढोकाबाट ममी ! ममी ! भन्दै बोलाएको आवाज आयो । त्यो आवाज

आफ्नै छोरा किशोरको भन्ने चिनेर उनले हात धोइन् र चिसै हातले ढोका खोलिन् । किशोरले पहिला आमाको गोडामा ढोग गऱ्यो र बुबा खै ? भन्दै भान्छामा गएर भात खाँदै गरेका बुबाको गोडामा ढोग गऱ्यो ।

रमाले छोरालाई भनिन् "तिमीले भात खाएका छैनौ होला ? ल बस भनेर बुबाले खाइसकेर हात चुठ्न गएको हुँदा खाली भएको कुर्चीतिर इसारा गरिन् ।

किशोर त्यही कुर्चिमा थ्याच्च बस्यो । त्यसपछि रमाले आफूले खान लाएको भात मुछेको थाहा नहोस् भनेर त्यै माथि तरकारीले छोपिन् र किशोरको अगाडि थाल राखिदिइन् । दुई दिनको भोको मान्छले भैं दायाँबायाँ नहेरी कपाकप खायो उसले । किनभने धेरै दिन पछि आमाको हातले बनाएको खाना खान पाएको थियो । मान्छे जति ठूलो भए पनि, जतिसुकै ठूलो ओहोदामा पुगेको भए पनि, दिनकै चौरासी व्यङ्जन खाए पनि सानोमा आमाले पकाएको खानाको स्वाद बिर्सेको हुँदैन । आमाको हातको खानामा जति स्वाद र सन्तुष्टि अरू कुनै खानामा पाइँदैन ।

पूरा तीन वर्ष पछि छोरा अचानक घरमा आएको देखेर भोला र रमा हर्ष विभोर भएका थिए । उसले पहिला आफूहरूमाथि गरेको हरकत विल्कुलै बिर्सिए बूढाबूढीले । यसै पनि विगत पाँच वर्षदेखि विस्मृति (अल्जाइमर) ले गाँजेका भोलालाई याद हुने कुरै भएन । रमाले भने बिर्सेकी छैनन् तापनि यतिखेर बितेका कुरा सम्झिन चाहिनन् । रमाले खुसी हुँदै छोरालाई भनिन् "ल वरण्डामा बसेर बुबा छोरा गफ गर्दै गर । म धन्दा सकेर आउछु है।"

रमाले बाउ छोराले खाएको जुठो थाल उठाउन थालिन् । दुई जनालाई मात्र अड्कलेर पकाएको हुनाले भाँडामा भात बाँकी थिएन । फेरि दोहऱ्याएर पकाउन पनि जाँगर लागेन रमालाई । यसै पनि छोरासँग कुरा गर्ने लालसाले छिटो छिटो जुठा भाँडा बटुलेर बाटामा राखिन् । छोरा बुबासँग गफमा मस्त थियो । भोलाले आफ्नो युवावस्थामा साइकल चढेरै १४ दिनमा दार्जिलिङ्ग पुगेर गीत गाएर आफ्नो पहिलो स्टेज सो गरेको कुरा सुनाए । त्यहाँबाट फर्कदै गर्दा भोजपुर, विराटनगरमा पनि गीत गाएर सबैको मन जितेको कुरा सुनाए । भोलाले घरि घरि एउटै कुरा दोहऱ्याइरन्थे । यही कुरा पहिला पनि धेरै पटक सुनिसकेको थियो उसले । अहिले पनि त्यही कुरा सुनाउँदा पनि बडो चाख मानेर सुनिरहेको थियो । बिचबिचमा ऊ बुबाको प्रशंसा गर्दै हौस्याउन पनि चुक्दैनथ्यो ।

छोराको बदलिएको स्वभाव देखेर रमालाई अचम्म लागिरहेको थियो ।

किनभने ऊ पहिला बुबाको कुरा सुन्नु त परै जावस् नजिक बस्न पनि रूचाउँदैनथ्यो । आदर गर्नु त परै जावस् जतिबेलै अपमान गर्थ्यो । ऊ हामी परिवारका सदस्य कसैलाई पनि मान्छे गन्दैनथ्यो उसको छुद्र, तुच्छ व्यवहार देखि दिक्क थियौं हामी । मलाई लाग्दथ्यो, यो सबै कमजोरी मेरै हो । मैले नै उसलाई असल संस्कार सिकाउन सकिनछु ।

किशोर साह्रै अहङ्कारी, घमण्डी हुँदै गएको थियो । विवाह पश्चात उसले श्रीमतीलाई राजकुमारी नै मान्दथ्यो । उसकी श्रीमती जति राम्री, जान्ने सुन्ने अरू कोही छैन भन्ने ठान्दथ्यो । लोग्नेको पुलपुल्याइले गर्दा त्यसकी श्रीमती भुइँमा न भाँडामा भएजस्तो लाग्थ्यो मलाई । उसको हामी प्रति सकारात्मक दृष्टि नभएको म बुझ्दथें । घरको काम केही नगर्दा पनि उसले श्रीमतीलाई एक वचन केही भन्दैनथ्यो । बरू ठिकै गरी भनेझैं चुप लागेर बस्थ्यो। बस्नको लागि उनीहरूको निम्ति माथिको दुई तला दिएर हामीलाई भुइँतलाको ससाना तीन कोठा राखेका थियौं । तैपनि सबै घर हामीले नै ओगटेको जस्तो गर्थे उनीहरू । त्यतीले नपुगेर यो घरमा नबस्ने, नयाँ घर बनाउने भने । ल त नयाँ घर बनाओ भनेर जग्गा बेचेर हामीले नै खर्च दिएका थियौ । त्यो नयाँ घरमा हामी एकरात पनि बस्न पाएका थिएनौं । हामी बूढाबूढी नआवस् भन्ने उनीहरूको चाहना भए जस्तो लाग्थ्यो मलाई" । यस्तै सोचिरहेकी थिइन् रमाले ।

साँझ परिसक्यो तर किशोर गएन । त्यसपछि रमाले साँझ तीनै जनालाई खाना बनाइन् । खाइसकेर पनि छोरा उसको घरमा नफर्के पछि रमाले सोधिन् "अँधेरो भयो । नमिताले पर्खिरहेकी होलिन् । घर जाऊ।"

"जान्न यहीं सुत्छु" किशोरले भनेपछि रमा थप आश्चर्यमा परिन् । किन नजाने ? घरमा सबै ठिक त छ ? अनि नमितालाई ...। वाक्य पूरा नगरी किशोरको मुखमा हेरिरहिन् रमाले ।

"ठिक छैन । म ऊसँग डिभोर्स गर्दैछु।"

"के रे डिभोर्स ? त्यस्तो माया गर्ने श्रीमतीलाई किन डिभोर्स गर्ने ? पहिला त ऊ बाहेक अरू कोही छैन जस्तो गर्थ्यौं" रमाले भनिन् । "मैले मात्र एकोहोरो माया गरेर के हुन्छ ? उसले मलाई माया गर्दिन । म दिनभरि अफिसमा काम गरेर आउँछु, समयमा खाना बनाउदिन । अझ रातभरि झगडा गरेर सुत्नै दिन्न । बिहान खाना नपाक्दा भोकै अफिस जानु पर्छ । छोरा पनि आमाकै सपोर्ट गर्छ । उनीहरूसँग म बस्न सक्तिन । हजुरले यहाँ बस्न दिए

बस्छु । नदिए भ्याली बाहिर जता हुन्छ जान्छु । फर्केर आउँदिन।"

छोराको कुराले रमाको मन् पग्लियो । वात्सल्य छल्केर आयो । त्यसैले भनिन्छ, छोरा कुपुत्र बन्न सक्छ तर आमा कहिल्यै कुमाता बन्न सक्तिनन् । उनी सकिनसकी भऱ्याङ उक्लिएर माथि गइन् । स्टोर जस्तो बनाइराखेको एउटा सानो कोठाको सामानको थुप्रो पन्छाएर ओछ्यान लाइन् किनभने नयाँघर बनाएर छोराको परिवार सरे पछि अरू सबै कोठाहरू भाडामा लगाइएको थियो ।

किशोर आएको भोलि पर्सी, निपर्सी गर्दै पूरै एक महिना बित्यो । ऊ नयाँ घरमा गएन । रमाले मनमनै भनिन् "शरणमा आएका प्राणी जोसुकै भए पनि रक्षा गर्नु पर्छ । जेजस्तो भए पनि यो त आफैले जन्माएको छोरा हो । ऊ आएपछि बुबा पनि खुसी हुनुहुन्छ । बसोस् अब उसको मन लागे सम्म"।

विस्तारै किशोरले बुबाआमाको मन जित्यो । त्यसपछि उसले एकदिन भन्यो "ममी ! मैले नमितासँग सम्बन्ध बिच्छेद गर्न अदालतमा निवेदन दर्ता गराएँ । उसले बसिरहेको नयाँ घर जग्गा मागेकी छ । त्यो जग्गा हजुरको नाममा छ । मलाई बरू केही चाहिदैन । त्यो घर जग्गा उसलाई दिनुहोस् "।

रमाले भनिन् "मलाई पो किन चाहिएको छ र ? बस्नलाई यो घर छँदैछ । त्यो तिमीहरूलाई नै दिएको हो । संरक्षणका लागि मात्रै मेरो नाममा राखेको । आमाको कुरा सुनेर किशोर ढुक्क भयो । त्यसपछि एकदिन मालपोत अड्डामा गएर आमाको नामको जग्गा घर स्वास्नी र छोराको नाममा पास गरायो । नयाँ घर जग्गा बुहारी र नातीको नाममा दिएकोमा रमालाई कुनै दुःख लागेन । किनभने त्यो जग्गा छोराकै लागि साँचेर राखेकी थिइन् उनले । बुबाको पेशा गायकी थियो । त्यसबाट परिवार पाल्न सक्ने आम्दानी हुदैनथ्यो । त्यसकारण छोरी र छोराको भरण पोषणका लागि पनि उनले जागिर खानु पऱ्यो । रमा पूर्ण स्वस्थ थिइनन् । दुर्बल स्वास्थ्यका बाबजुद पनि स्वावलम्बी थिइन् । घर, अफिसको काम आफै गर्थिन् । आफूले जति दुःख गरे पनि छोरा र छोरीको भविष्य सुखमय होस् भन्ने चाहन्थिन् उनी ।

किशोर पनि बुबाआमासँग बस्दा खुब खुसी भएको देखिन्थ्यो । उसले यसभन्दा पहिला कहिल्यै पनि नगरेको सेवा गरेको थियो । बुबा ममी हजुरहरूलाई के मन पर्छ ? के खाने ? कता घुम्न जाने भनेर सोधिरहन्थ्यो ऊ । लकडाउन खुलेपछि देवी देउताको मन्दिर दर्शन गराउने, रमाइला ठाउँहरू घुमाउन, सुपरमार्केटमा सपिङ्ग गराउन लाने गर्दथ्यो । छोराले आफू प्रति यति

धेरै माया गरेको देखेर वृद्धवृद्धा दङ्ग परेका थिए । उनीहरू आपसमा कुरा गर्दै भन्थे "हामी कति भाग्यमानी रहेछौं । अहिलेको जमानामा बाउआमालाई यस्तो हेरविचार गर्ने छोरा सबैको भइदिए समाज कति सुखी हुने थियो" ।

महिना दिन कटेपछि सरकारले लकडाउन हटायो । मानिसहरू फेरि आफ्नो दैनिकीमा फर्किए । सामाजिक, संघ संस्थाले पनि कार्यक्रमहरू गर्न थालिसकेका थिए । एकदिन रमालाई टोलकै एउटा कार्यक्रममा प्रमुख अतिथी बनिदिन अनुरोध गरी लेखिएको मेसेज आयो । छोरा घरमा भएकोले बुबालाई दिउँसो फलफूल, खाजाखान दिनु भनेर उनी कार्यक्रममा गइन् । दिनभरिको कार्यक्रम समापन पछि रमा घर फर्कंदा झमक्क साँझ परिसकेको थियो । उनी हतार हतार भान्छामा पसेर खाना पकाउन थालिन् । किशोरले ममी ! आज मलाई साथीको घरमा खान बोलाएको छ । मलाई खाना नबनाउनु । फर्किदा धेरै अबेर हुन सक्छ । हजुरहरूलाई ढोका खोल्न उठ्न पर्दा निद्रा डिस्टर्व हुन्छ । त्यसैले म उतै सुत्छु भनेर गयो ।

खाना तयार भएपछि रमाले श्रीमानलाई बोलाएर खान दिइन् । उनले हात धुने बेलामा बुढी औठामा कालो लागेको देखेर भनिन् "हजुरको हातमा कालो लागेको रैछ । के को कालो हो ?

"खै के को कालो लाग्यो थाहा छैन ।" भोलाले जवाफ दिए ।

रमाले फेरि सोधिन् दिउँसो कतै जानु भएको थियो ? म कहाँ गएँ र ? उल्टै प्रश्न गरे भोलाले । क्षणको कुरा क्षणमै बिर्सनु हुन्छ । यस्ता बूढालाई के सोध्नु भनेर रमा चुप लागिन् । भोलिपल्ट छोरालाई समेत खाना बनाइन् र सँगै खाने भनेर रमा पर्खेर बसिन् । खाजा खाने बेला भइसक्दा पनि ऊ आएन । त्यसपछि फोन गरिन् तर उसले म एउटा काममा व्यस्त छु । हजुर खानु मलाई नपर्खनु भनेर फोन राख्यो । पर्सिपल्ट पनि आएन । दिन बित्दै गयो छोरा फर्केर आएन । फोन पनि गरेन । रमाले फोन गर्दा पनि राम्ररी कुरा नगरी काट्न थाल्यो । भोलालाई त कोही आए, गए पनि मतलब थिएन । रमालाई भने छोराको माया र सम्झनाले सताउन थाल्यो । रमाले मनमनै भनिन् "ऊ नयाँ घरमा गए पछि हामीलाई भेट्न नि आउँदैनथ्यो । त्यसैले उसको खासै वास्ता पनि भएन । बिस्तारै बानी पर्दै गएको थियो । अहिले भने महिना दिन बढीसँगै बसेर यती धेरै माया गऱ्यो कि मलाई त लागेको थियो उसले अब छाडेर जादैन । ऊ हाम्रो बुढेसकालको सहारा बन्नेछ । छोराछोरी चाहिने भनेकै यस्तै बेलामा त हो नि । दिनपरदिन उसको

बुबा झन् वृद्ध हुँदै जानुको साथै अल्जाइमरले गर्दा धेरै बिर्सने हुनुभएको छ । म पनि अब धेरै गल्दै गएकी छु । पहिला जस्तो काम गर्न सक्दिन । संस्थाका गतिविधिमा पनि कमी आएको छ । पहिला आधा घण्टामा सकिने काम अहिले मलाई डेढ घण्टा लाग्छ । घरको सारा काम सकेर पनि समय निकालेर थुप्रै संघ संस्थामा सेवा पुऱ्याएकी थिएँ । अहिले त्यसरी कामै गर्न सकेको छैन । छोरो आयो राम्रै भयो । नत्र हामी बिमारी पर्दा हेर्ने कोही हुने थिएनन् । जे गर्छन् भगवानले राम्रै गर्छन् भनेको यही हो ।"

एकदिन छोराको यादले धेरै सतायो रमालाई । त्यसपछि ऊसको मोबाइलमा फोन लगाइन् । घण्टी गयो । अब छोरासँग कुरा गर्न पाइने भयो भनेर उनी खुसी भइन् । तर, उसले फोन काट्यो । रमाले २/४ पटक प्रयास गरिन् । अन्त्यमा स्वीचअफ गऱ्यो । धेरै व्यस्त भएर होला भनेर चित्त बुझाइन् । दिन बित्दै गयो । वर्ष दिन पछि दुई जना अपरिचित मान्छेहरू घरमा आएर भने, "यो घर हामीले किनिसकेका छौं । हप्ता दिन भित्र खाली गरिदिनु होला । अरूलाई भए भोलि नै खाली गर्न भन्थ्यौं । तपाईंहरू बूढाबूढी हुनुहुन्छ त्यसैले हप्ता दिनको समय दिएको बुझ्नुभयो ? त्यो सुनेर रमा खड्ग्रङ्गै भइन् र भनिन्" के नचाहिने कुरा गर्नु भएको हो बाबुहरूले ? कसले बेच्यो ? कसरी बेचियो घर ? हामीले त कसैसँग पैसा लिएकै छैन ।"

ती मान्छेहरूले भोलालाई देखाउँदै भने "ऊ उहाँ बुबाले । यो घर जग्गा उहाँकै नाममा रहेछ । अनि तपाईंको छोरा पनि सँगै हुनुहुन्थ्यो । उहाँले नै बुबाआमालाई एक वर्ष ननिकाल्नु भन्नु भयो । हामीले छ महिनापछि खाली हुनुपर्छ भनेका थियौ । बाँकी छ महिनाको भाडा उहाँले नै तिर्नुभयो । त्यसैले चुप लाग्यौ । अब सकेसम्म छिटो खाली गरिदिनुहोला भनेर उनीहरू गए । रमालाई भने जीउमा हजार भोल्टको करेन्ट लागे जस्तो भयो । टाउको माथि आकास झरेर थिचे जस्तो भयो । टेकेको जमिन भासिएजस्तो भयो । फनन्न रिंगटा लागेर आयो अनि दुई हातले चपक्क टाउको समातेर थुचुक्क भुइँमा बसेर भनिन्, हामी माथि आफ्नै छोराले छल गऱ्यो । हे ईश्वर ! अब हामी कहाँ गएर बस्ने होला ? भनेर क्वाँ क्वाँ डाँको छोडेर रोइन् ।

"अब नयाँ घरमा गएर बस्ने । म हजुरहरूलाई लिन अएकी । हिंड्नुस् जाऔं" पछाडिबाट आवाज आयो । रमाले फरक्क फर्केर हेरिन् । नमिता-बुहारी) ठिङ्ग उभिएर उनलाईनै हेरिरहेकी थिइन् ।

♦♦♦

पुरुष प्रधान समाजमा बढ्दो महिला नेतृत्व

✍ सुदर्शन अधिकारी

नेपाल सरकारले नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान मनाउने गरेको छ । अहिले देशभर सो अभियान विभिन्न कार्यक्रम गरी प्रभावकारी रूपमा चलिरहेको छ । हाम्रो समाज पुरूष प्रधान समाज जहाँ हरेक निर्णय पुरूषको पक्षमा हुने गरेको छ । समाज कतिसम्म विभेदकारी रहेको छ भन्ने बुझ्न एउटा दृष्टान्त हेरे पर्याप्त हुन्छ । यदि महिलाको निधन भएमा १३ दिन पनि बित्न नपाउँदै अर्को पत्नी ल्याउन हतार हुन्छ । तर पति बितेमा भने पत्नी जीवनभर विधवाको रूपमा बस्नुपर्ने अवस्था विद्यमान रहेको छ । त्यसैगरी महिला वर्गलाई अबला, कमजोर, असक्षम र कोमलजस्ता विभिन्न उपनाम पनि दिइने गरिएको छ ।

संविधानले महिलालाई पर्याप्त अधिकार प्रदान गरे पनि सामाजिक परिवेश तथा पुरातन सोचका कारण अझै पनि अनेकौ प्रकारका विभेदका शिकार बन्न बाध्य छन् । अन्धविश्वासको शिकार पनि महिला नै परेका छन् । बोक्सीका नाममा अमानवीय यातना भोग्न बाध्य बनाइएका छन् ।

खासगरी मधेस प्रदेशमा दाइजो प्रथाको नाममा महिला हिंसा विद्यमान रहेको छ । दाइजो नल्याएकोभनी श्रीमान तथा परिवार मिली एक महिलालाई जीवितै जलाउने, कुटपिट गर्ने र मानसिक यातना दिने गरिन्छ । महिला हिंसा विरूद्धको १६ दिने अभियान चलिरहँदा त्यस्ता यातना हटाउने तर्फ पनि विशेष कदम चाल्नु पर्ने देखिन्छ ।

शिक्षाको विकास र चेतनाको स्तरमा सुधार गरी समाज बदल्न हामीले थप प्रभावकारी कार्य गरी समाज समुन्नत र विकसित बनाउने मार्गमा अगाडि बढ्नुपर्छ । महिलाकै हक हित र अधिकारको सुनिश्चतताका लागि भनेर महिला आयोग, महिला तथा समाजकल्याण मन्त्रालय जस्ता संस्थाहरूको गठन पनि भएका छन् । नेपालको संविधान २०७२ को धारा

३८ मा महिलाको हकको व्यवस्था गरेको छ । जसमा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव बिना वंशीय हक हुनेछ भनेर उल्लेख गरिएको छ । साथै राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा सहभागी हुने हक हुनेछ भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गरिएको छ । यसरी कानूनले प्रष्ट बनाए तापनि समाजमा अझै महिलालाई हेर्ने दृष्टिकोण भने विभेदपूर्ण नै रहेको छ ।

नेपाली समाज पुरूष प्रधान भएकोले समाजका आर्थिक, समाजिक, सांस्कृतिक, प्रशासनिक सबै क्षेत्रमा पुरूषको बाहुल्यता रहेको देखिन्छ । पछिल्लो समयमा भने हरेक क्षेत्रमा महिलाको उपस्थिति बलियो हुँदै गएको देखिन्छ । सबै क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिताको अनिवार्य व्यवस्था गरे पछि भने सबैतिर महिलाको सक्रिय सहभागिता मात्र नभई महिलाहरू माथिल्लो तहमा समेत पुग्न सफल भएका छन् । महिलाको अझै पनि कानून बमोजिम प्रतिनिधित्व न त राजनीति क्षेत्रमा हुन सकेको छ न त अन्य क्षेत्रमा नै । नेपालको संविधान २०७२ ले स्पष्ट व्यवस्था गरेको संसदमा समेत सो प्रतिशत पुगेको छैन । मन्त्रिपरिषद्मा पनि कम्तिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्ने प्रावधान रहेको देखिन्छ । तर व्यवहारमा त्यसको प्रभावकारी कार्यान्वयन भएको छैन ।

समाजमा शिक्षाको पहुँच विस्तार तथा आम नागरिकमा चेतनाको विकास भएकोले प्रशासनिक क्षेत्रमा महिलाको सहभागिता सन्तोषजनक भएको देखिन्छ । यो ज्यादै सकारात्मक र उपलब्धिमूलक पनि हो । खासगरी २०६३ को अन्तरिम संविधानले व्यवस्था गरे बमोजिम नै पछिल्लो संविधान २०७२ ले पनि स्वीकार गर्दै आरक्षण तथा महिलाको दरबन्दीको व्यवस्था गरियो । जसको परिणाम आज महिलाको बलियो उपस्थिति प्रशासनिक क्षेत्रमा अब्बल देखिएको छ ।

निजामती किताबखानाबाट प्राप्त पछिल्लो विवरण अनुसार हाल चालिस वर्ष भन्दा कम उमेरका ३२ युवा निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीमा कार्यरत छन् । नेपालको सुस्त बढुवा प्रणालीभन्दा बाहिरबाट खुल्ला प्रतिस्पर्धाबाट निजामती सेवामा नीति निर्माणको तहमा पुग्न सफल भएका छन् । जसले निश्चय पनि हाम्रो सुस्त प्रशासनलाई चुस्त बनाउन सक्ने तहमा प्रत्यक्ष रूपमा सहभागी हुने भएकोले पनि आमनागरिकमा चासो र आशा

पलाएको छ ।

महिला सहसचिव जो नीति निर्माणको उच्च तहमा पुग्न सफल भएका छन् उनीहरूबाट प्रशासनिक क्षेत्रमा व्यापक सुधार हुनेमा आम नागरिक विश्वस्त देखिन्छन् । खास गरी युवा वर्गका प्रतिभावान नौ जना महिला उनीहरू सबै ४० वर्ष भन्दा कम उमेरका रहेका छन् । ती मध्ये छ जनाले त खुल्ला प्रतिस्पर्धाबाट ३५ वर्ष भन्दा कम उमेरमा नै यो सफलता हात पार्न सफल भएका हुन् । काठमाडौंकी सुलोचना श्रेष्ठले ३३ वर्षकै उमेरमा गत जेठमा सहसचिवमा नाम निकालेकी हुन् । २०७० सालमा शाखा अधिकृतबाट सेवा प्रवेश गरेकी उनी २०७५ असारमा उपसचिव बनेकी थिइन् । यसको चार वर्षपछि सहसचिवको परीक्षा पनि उत्तीर्ण गरिन् ।

चितवनकी जानुका पण्डितले २०७३ मा खुल्ला प्रतिस्पर्धाबाट सहसचिवमा नाम निकालेकी हुन् । त्यतिखेर उनी ३४ वर्षकी मात्र थिइन् । उनले २०६६ मा शाखा अधिकृतबाट निजामती सेवामा प्रवेश गरेकी हुन् । त्यसैगरी झापाकी रेखा दास ३५ वर्षमा सहसचिव बनिन् । उनी २०७४ मा अधिकृतबाट निजामती सेवामा प्रवेश गरेकी थिइन् । २०७८ कार्तिकमा सहचिवमा नाम निकालिन् । पर्वतकी सुशिला अर्यालले २०६६ मा शाखा अधिकृतबाट सेवामा प्रवेश गरेकी थिईन् । उनी २०७१ मा खुल्ला प्रतिस्पर्धाबाट उपसचिव भएकी थिइन् ।

संखुवासभा जिल्लाकी अनिता निरौला पनि ३६ वर्षकै उमेरमा सहसचिव बन्न सफल भइन् । उनले २०७७ मा खुल्ला प्रतिस्पर्धाबाट सहसचिवमा नाम निकाल्न सफल भएकी हुन् । उनी २०६३ मा शाखा अधिकृत भएकी र २०७० मा उपसचिव भएकी थिइन् । त्यसै गरी काठमाडौंकी अरूणा जोशी र झापाकी बबिता मिश्र पनि ४० वर्षभन्दा कम उमेरमा नै सहसचिव बन्न सफल भएका हुन् । २०५९ मा शाखा अधिकृतबाट सेवामा प्रवेश गरेकी जोशी २०७४ मा उपसचिव हुँदै २०७८ फागुनमा खुल्ला प्रतिस्पर्धाबाट सहसचिव बनेकी हुन् । त्यसबेला उनी ३७ वर्षकी थिइन् । त्यस्तै सहसचिवमा नाम निकाल्दा मिश्र ३९ वर्षकी थिइन् । २०६६ मा शाखा अधिकृतबाट सेवा प्रवेश गरेकी मिश्र २०७२ मा उपचिवको परीक्षामा पनि सफल भइन् । २०७८ असोजमा लोकसेवाको परीक्षा पास गरेर सहसचिवको नियुक्ति लिन सफल भएकी हुन् ।

आजको सर्वत्र निराशाजनक अवस्थामा देशको प्रशासनिक क्षेत्रको उच्च तहमा महिलाको बलियो

उपस्थितिले आम नागरिकमा आशाको सञ्चार गराएको देखिन्छ । यो सुखद् पक्ष पनि हो । नेपालको इतिहासमा पहिलो प्रमुख जिल्ला अधिकारी दुर्गा बन्जाडे हुन् । उनी जुम्ला जिल्लामा सन् २०१९ मार्च २ मा सो पदमा आसिन् भएकी थिईन् भने दलित महिलाबाट पहिलो प्रमुख जिल्ला अधिकारी हुने सौभाग्य भने सिता परियारले प्राप्त गरेकी हुन् । कास्की जिल्लाको भोर्लेमा जन्मेकी उनले समाजशास्त्रमा स्नातकोत्तर उत्तीर्ण गरेकी छिन् । उनलाई सामाजिक न्यायको क्षेत्रमा काम गर्न बढी रूची जाग्ने गरेको बताउछिन् ।

नेपाली समाजमा उच्च तहमा पुग्न सफल युवा एकजुट भएर सुस्त बनेको र झन्झटिलो तथा प्रक्रियामुखी प्रशासनलाई छिटो, छरितो र पारदर्शी बनाउनका लागि ज्यादा सचेत हुनु जरूरी देखिन्छ । पछिल्लो विवरण अनुसार निजामती सेवामा ८८,५७८ कर्मचारी कार्यरत रहेका छन् । ती मध्ये दलित समुदायबाट प्रतिनिधित्व गर्ने ०.२ प्रतिशत मात्र हुन्छ । त्यसैगरी प्रहरी क्षेत्रमा जम्मा कर्मचारीको ९.४५ प्रतिशत, सेनामा ८.१४ प्रतिशत मात्र रहेको देखिन्छ ।

यसैगरी नेपाल प्रहरीको सेवामा उच्च तहमा पुग्न सफल पहिलो महिला अवकास प्राप्त प्रहरी अतिरिक्त महानिरीक्षक पूजा सिंह हुन् । उनी प्रशासन तर्फबाट प्रतिनिधित्व गर्ने प्रथम प्रहरी अतिरिक्त महानिरीक्षक हुन् । यसै गरी प्राविधिक तर्फबाट भने डा. प्रहरी अतिरिक्त महानिरीक्षक आशा सिंह पहिलो महिला उच्च अधिकारी हुन् ।

सेनामा महिला प्रतिनिधित्व गर्नेहरूको संख्या ३,७५८ रहेको छ जस मध्ये ९०७ जना प्राविधिक क्षेत्रमा कार्यरत रहेका छन् । सामान्य प्रशासनको क्षेत्रमा भने १८३ जना प्रतिनिधित्व गरेको अवस्था छ । यी मध्ये २१४ जना जुनियर कमिसनमा, उच्च तहमा भने तीन जना मात्र कार्यरत छन् जो ब्रिगेडियर पदमा रहेका छन् । यसैगरी ७४ जना महिला मेजर पदमा कार्यरत छन् । यसरी देहाय बमोजिम विविध क्षेत्रमा महिलाको प्रतिनिधित्व वृद्धि हुँदै जानु हरेक दृष्टिले सकारात्मक रहेको छ । समाजमा रहेका मान्यता तथा संस्कृति अनि सोचका कारण अझै पनि पर्याप्त मात्रामा महिलाको प्रशासनिक क्षेत्रमा प्रतिनिधित्व हुन सकेको छैन ।

हामीले कतिपय कार्यालयमा जहाँ महिला प्रमुख छन् त्यस कार्यालयको कार्यक्षमता उच्च रहेको र पारदर्शीता, काममा चुस्तता जस्ता प्रशानिक सबलता प्रष्ट देखिन्छ जुन आम नागरिकले खोजेको महत्त्वपूर्ण पक्ष पनि हो । महिला प्रमुख भएका कार्यालयमा

भ्रष्टाचार कम हुने, मितव्ययीता अपनाउने सेवाग्राहीको काम छिटो छरितो रूपले सम्पादन गर्ने गरेको दृष्टान्त प्रशस्त पाइन्छन् । बैंक, विद्यालय, विश्वविद्यालय र सरकारी कार्यालय जहाँसुकै किन नहोस् महिला प्रमुख भएको संस्थामा प्रशासनिक सबलता उच्च मात्रामा रहेको पाइन्छ । शिक्षाको पहुँच बढेको, मानवमा सचेतना बढेको, संविधानले समेत सहजता थपिदिएको जस्ता कारणले सबै क्षेत्रमा महिलाको प्रतिनिधित्व बढेर गएको छ यो बडो सुखद् पक्ष हो ।♦

कविता

मृत्यु उत्सवः नियती . . .

✍ सानुराजा श्रेष्ठ 'अञ्जान'

भोले शङ्कर !
मृत्युपर्यन्त बुवालाई बिदा जब गरें मैले-
जिम्मेवारीको आकाशले किच्यो
र सारा आकाश थामेर अघि
बढ्नुको विकल्प रहेन ।

भोले शङ्कर !
मृत्युपर्यन्त आमालाई बिदा जब गरें मैले-
सम्पूर्ण धराको भारले थिच्यो
र मस्तिष्कले शून्यबोध गऱ्यो,
सिर्जनाको मुहानबाट अलग भएर
रित्तोरित्तो मनमुटु लिएर बाँच्नुको
अरू उपाय रहेन ।

भोले शङ्कर !
मृत्युपर्यन्त स्वास्नीलाई बिदा जब गरें मैले-
सम्पूर्णतामा शून्य पाएँ,
शून्यभित्र सम्पूर्णता पाएँ,
तिम्रो विराट ब्रम्हाण्डको
अनहद-नाद ध्वनिमात्र शेष रह्यो ।
यदाकदा-
पलङ्मा कोल्टे फर्कंदा
उनको झझल्को नआएको हैन
हल्का मिठो त्यो स्पर्श महसुस नभएको हैन
हल्का रेसमी न्यानो अङ्गालो
महसुस नभएको हैन ।

भोले शङ्कर !
यद्यपि-
विहान र साँझ थियौं हामी,
पर क्षितिजमा मिल्नुको 'नियति' हाम्रो हो ।
त्यसैले जीवनमा मृत्यु
उत्सव मनाइरहेछु म,
स्वघोषित मृत्यु उत्सव
ध्रुवसत्य मृत्यु उत्सव
जन्म लगत्तैदेखि-
मृत्युपर्यन्तसम्म मृत्यु उत्सव
मनाउने 'नियति' हाम्रो हो ।

नियात्रा

घुम्दै फिर्दै लोमान्थाङ

✍ **लीलाराज दाहाल**

लोमान्थाङमा जीपबाट ओर्लंदा दिनको झण्डै तीन बजिसकेको थियो । २०८० साल श्रावण ८ गते सोमबार बिहान नौ बजे हामीले जोमसोम छोडेका थियौं । थोत्रिने क्रममा रहेको बोलेरो जिपले जोमसोमबाट कागबेनी, छुसाङ, समर, घिलिङ, चराङ लगायतका साना ठूला बस्ती डुलाउँदै, उजाड हिमालका काखमा अवस्थित धुले ग्रामीण बाटोमा हल्लाउँदै हल्लाउँदै हामीलाई यहाँ ल्याइपुऱ्याएको थियो । गाडीको यात्रा भए पनि थकाइ लाग्नु स्वभाविक थियो । गोडा निदाए जस्ता लाटा भएका थिए । ओठमुख सुकेको थियो । भुइँमा झरेर यताउता हिँडेर गोडा तन्काएँ । हामीसँगै आएका सशस्त्र प्रहरीका सहयात्री साथीहरू जीपको छतबाट आफ्ना सरसामानहरू ओराल्दै थिए । एउटै जीपमा यात्रारत अन्य व्यक्तिहरू पनि आफ्ना पोकापन्तुरा काखी च्यापेर गन्तव्यतर्फ लम्किसकेका थिए । चारैतिरबाट हरियाली विहिन उजाड हिमाली पहाडहरूद्वारा घेरिएको लोमान्थाङलाई सिरसिरे बतासले स्पर्श गरिरहेको थियो । हामीले पनि आफ्ना झोलाहरू उचाल्यौं र बोलीचालीमा बसपार्क भनिने जीपपार्क छेउको चिया, खाजाको होटलको बाहिरी बरण्डाको एक छेउमा एकछिनका लागि झोला थन्क्याउने बन्दोबस्त मिलायौं । खगेन्द्र दाजु वरिपरिका पर्यावरणीय अवस्था नियाल्न र केही फोटाहरू खिच्न लालायित हुनुहुन्छ भन्ने उहाँको क्रियाकलापले बताइरहेको थियो । खगेन्द्र दाजु अर्थात् अहिलेको समयका नियात्रा, गजल र मुक्तक लेखनका स्थापित स्रष्टा खगेन्द्र गिरि "कोपिला" ।

जोमसोमदेखि कै सहयात्री एक जना बाले जोमसोमबाट हिँड्दा नै लोमान्थाङमा मेरो छोराको पनि होटल छ भन्नुभएको थियो । जिपबाट ओर्लंदा फेरि पनि जोड दिएर भन्नु भयो, "ऊ त्यहाँ परको कालो रङ्गको गेट मेरो छोराको होटलको गेट हो । तपाईंहरू त्यहाँ बस्नु भयो भने पनि सुविस्तै होला ।"

"जानु त भाइ, होटल हेरेर

आउनुस् । म यहाँ झोला रूँगेर बस्छु । "खगेन्द्र दाजु केही सोचे झैं गरेर बोल्नु हुन्छ ।

सहयात्री बाले लक्षित गरेर देखाएतिर म आज्ञाकारी बालक झैं अगाडि बढ्छु र सरासर गेट पार गरेर होटलभित्र प्रविष्ट हुन्छु । टासी देलेक नामको होटल बाहिरबाट हेर्दा आकर्षक नै देखिन्थ्यो । होटलका हंसमुख मालिक होटलको काउन्टर+भान्छा घरमा मोबाइल चलाउँदै फेसबुकको पोखरीमा आहाल बसिरहेका थिए । म नजिकै आइपुगेको चाल पाउनासाथ एक्कासी म तर्फ फर्केर अनुहारभरि खुसीको लहर सजाउँदै उनले सोधे, "कोठा चाहिएको हो ?"

"हो ।" मेरो ओठबाट निस्केको संक्षिप्त जवाफ भुइँमा खस्न नपाउँदै होटलका मालिक कोठाको साँचो हातमा झुण्ड्याउँदै अगाडि बढे र म उनलाई पछ्याउँदै गएँ । उनले भुइँ तलाको एक कोठाको ताल्चा खोल्दै कोठाको विशेषताहरू वर्णन गर्न थालिसकेका थिए । मैले माथिल्लो तलामा कोठा खाली भए माथिकै देखाउनुस् भनेपछि उनी माथिल्लो तलामा उक्लिए । एक तला माथिको कोठामा नजर पर्नासाथ मैले हुन्छ भनिदिएँ । कोठालाई नकार्नु पर्ने कुनै कारण थिएन । तपाईंको बाले मलाई यो होटलमा पठाउनु भएको, हामी जोमसोमदेखि सँगै आएका हौं भनेपछि होटलका मालिक अलि आत्मीय देखिए ।

होटलको कोठामा आफ्ना झोलाझाम्टा थन्क्याउने क्रममा मैले सोधें, "यत्तिको कोठा भए चल्दैन त दाजु ?"

"कतिबेला कोठा लिएर झोला राख्न र हात गोडा धोएर ताजा हुन पाइएला भन्ने सोचिरहेको थिएँ । कोठा नजिकै पाइयो । यही ठूलो कुरा हो ।" धेरैबेरपछि दाजुको प्रतिक्रिया आएको थियो ।

"अब तल गएर केही खाउँ र लोमान्थाङलाई स्पर्श गरौं केहीबेर ।" दाजुको उर्दीलाई शिरोधार्य गर्दै म पनि तल ओर्लिएँ र भान्छाघर भित्र पसें । मेरो शरीर भने केहीबेर आराम गर्न लालायित थियो ।

एक एक कचौरा थुक्पाको झोल पेटमा झारेपछि भने दाजुको अनुहार सेतो हिमालभन्दा उज्यालो देखिएको थियो । अब हामी पूर्णरूपमा तन्दुरूस्त भयौं र बाहिर निस्कियौं ।

आहा ! लोमान्थाङ ! कति रमणीय ठाउँ ! माथिल्लो मुस्ताङलाई मरूभूमि भन्ने गरेको सुनेको थिएँ । तर यहाँ त हरियो परियो पनि देखिँदैछ । नीलगिरि हिमाल र धवलागिरि हिमाललाई पार गरेर आइपुगेकाले यहाँको हावापानी सुख्खा महसुस भइरहेको थियो । हिमाल पारीको गाउँ भएकाले नीलगिरि र धवलागिरि जति अग्ला हिमाल यहाँ छैनन् ! होचा होचा उजाड पहाडहरू

नियाल्दै थियौं हामी । पहाडका छेउछाउ थोप्ला थोप्ला आकारका काँडेदार बुट्यानहरू देखिए । पहाडका कोखामा भित्रसम्म पुगेका ओडार जस्ता काला गुफाहरूको आकृति पनि देखिँदै थियो । अक्सिजन प्राप्त गर्न भनेर अचेल भोटेपिपलका बिरूवा रोपेर साना साना जङ्गल बनाउने चलन रहेछ यतातिर । बाटाको छेउमा कलकल गर्दै कुलो बगेको छ पूरै लोमान्थाङ्गलाई जीवन दिनका लागि । जमिनमा लगाइएका आलु, केराउ, फापर, उवा, र तोरीका रहर लाग्दा बोटहरूले यसलाई मरूभूमि हुनबाट जोगाएका छन् । साउनको दिनमा पहेँलपुर फुलेका तोरीका बोटहरूले यसलाई स्वर्गको टुक्राको झल्को दिइरहेका थिए । बालुवा र ढुङ्गाका नाङ्गा पहाडहरूको समथर खोँचमा तोरी फुल्नु चानचुने कुरा थिएन । ढुङ्गै ढुङ्गाले बनाएको पर्खालले आफ्नो जमिनलाई घेर्ने माथिल्लो मुस्ताङको चलनलाई यसले पनि निरन्तरता दिइरहेको थियो । चारैतिरबाट मरूभूमि पहाडहरूद्वारा घेरिएको लोमान्थाङ केही हतास जस्तो, केही उदास जस्तो देखिएको थियो । पर्यटकहरूले भरिभराउ हुँदा भने पक्कै मख्ख पर्दो हो भन्ने सोचेर हामी पनि केहीबेर मुस्कुरायौं ।

होटलबाट निस्कँदा नै यहाँका दर्शनीय ठाउँ, वस्तुहरू के-के छन् भनेर होटल मालिकलाई सोधेका थियौं । उनैले दिएको जानकारी अनुसार लोमान्थाङ दरबार, गुम्बा, घ्याङहरूको अवलोकन गर्न भनेर हामी चोकमा निस्कियौं । एकै प्रकारका घरहरू, एकै प्रकारका मानिसहरू यहाँका विशेषता रहेछन् ! एक संस्कृतिको डोरीले बाँधिएको यस्को भव्यतालाई आत्मसात गर्दै हामी लोमान्थाङ दरबारको छेउमा पुग्यौं ।

३,८४० मिटरको उचाइमा रहेको यो ठाउँ करिब १८० घर धुरीले शहर बन्ने धुनमा कार्य व्यापारको मार्गमा आधुनिकताको जामा पहिरिएर बसेको छ । धर्म, संस्कृतिमा भने तिब्बती परम्पराले यसलाई एक ढिक्का बनाएको रहेछ बौद्ध धर्मावलम्बीका रूपमा । यहाँका बासिन्दाहरूमा गुरूङ र बिष्टहरूकै आधिक्यता रहेछ । राजाका खलकले बिष्ट र अन्यले गुरूङ थर धारण गरेका यहाँका बासिन्दाहरूले पनि अहिले राजनीतिको बर्को ओढेर आफूलाई आफैंले शासन गर्ने परिपाटी अवलम्बन गरेका रहेछन् ।

घुम्दै फिर्दै हामी लोमान्थाङ दरबारको मुल ढोका अगाडिको खाली ठाउँमा पुग्यौं । स्थानीय बासिन्दाहरू यहाँ जम्मा भएर गफिँदै समय कटाउने रहेछन् । बुढापाका नजिकै पुगेर खगेन्द्र दाजुले लोमान्थाङको विगत र वर्तमान

खोतल्न थाल्नु भएको थियो । संस्कृति, धर्म, जात व्यवस्था, आर्थिक, सामाजिक र राजनीतिक पक्षको गहिरोसँग अध्ययन गर्ने मनसाय उहाँमा पहिल्यैदेखि देखिएको थियो ।

यहाँका युवराज (अहिले नभए पनि स्थानीयहरूले अझै युवराज मान्ने गरेका) को केही समय अगाडि विवाह भएको खबर सुनिएको थियो । त्यसको आधिकारिकता परीक्षण गर्ने उद्देश्यले दाजुले स्थानीय व्यवसायी सोनाम गुरूङलाई सोध्नुभयो, "तपाईं युवराजको विवाहमा जानु भयो ? कस्तो भयो ? आदि" ।

सात/आठ वर्ष जापान बसेर आएका युवा व्यवसायी सोनामले हामीलाई यहाँको धेरै कुरा जानकारी गराए । हिउँदमा पोखरा र काठमाडौं अनि गर्मी मौसममा लोमान्थाङ बस्ने, धेरैको दुवैतिर घर हुने गरेको उनले बताए । ख्याल ठट्टामै उनले भनिदिए, "काठमाडौंको बौद्धलाई लोमान्थाङ र लोमान्थाङलाई काठमाडौंको बौद्ध भने पनि हुन्छ ।"

लोमान्थाङ दरबार, स्थानीय तीनवटा ठूला गुम्बाहरू र नजिकै सेतो बग्ने कालीगण्डकीको कलकलले यसको इज्जत बढाएका छन् । हामीले चारैतिरबाट लोमान्थाङलाई अघाउञ्जेल नियाल्यौं र लामाहरूको स्थानीय विद्यालयमा पुगेर केहीबेर सुस्तायौं । त्यस विद्यालयको पढाइ पूरा गरी थप शिक्षाका लागि भारत जाने चलन रहेछ ।

यहाँका स्थानीय गुम्बाहरूको अवलोकन पश्चात गुम्बाको बाहिरपट्टि भेटिएका वडाध्यक्षसँग केहीबेर गफियौं । उनले आफू पहिले राष्ट्रिय प्रजातन्त्र पार्टीको कार्यकर्ता रहेको र अहिले सरकारी गठबन्धनका तर्फबाट निर्वाचित भएको बताएका थिए । पहिले निर्वाध रूपमा तिब्बत आउने जाने गरेकोमा अहिले चीन जान नपाउने व्यवस्था रहेकोमा आफूलाई बेखुसी लागेको बताए । अर्को जिज्ञासाको जवाफमा उनले भने, "यहाँको आम्दानीको मुख्य स्रोत पशुपालन र होटल व्यवसाय नै हो । भेडा, च्याङ्ग्रा, घोडा र याक यता पालिने पशुहरू हुन् ।"

विवाहित सबै महिलाहरूले बख्खु लगाउने रहेछन् भने पुरूषहरूले चाहिं खाम्से लगाउने चलन भए पनि पुरूषहरूमा त्यसको अनिवार्यता देखिएन । गाउँका महिला, पुरूषहरू घ्याङ; गुम्बामा गएर पूजा पाठ गर्ने चलन रहेछ भने गाउँमा छोर्तेन, म्हानेहरू बनाउने र हिँड्दाखेरि म्हानेलाई दाहिने पारेर हिँड्ने संस्कार विकसित गरेका रहेछन् । आफ्नो घर र गाउँको सुरक्षाका लागि घरको मूल ढोकामा याक र भेडाको टाउको झुण्ड्याउने प्रचलन रहेछ । युवा-

युवतीहरूका लागि त लोमान्थाङ पनि युरोप भइसकेको रहेछ । यस हिमाली शहरलाई शासन गर्न लोमान्थाङ गाउँपालिका, शान्ति सुरक्षाका लागि प्रहरीको सानो टोली र त्यहाँको अर्थतन्त्र चलायमान बनाउन प्रभु बैंक र उपचार पद्धतिका लागि स्थानीय लोमान्थाङ अस्पताल सक्रिय रहेछन् ।

लोमान्थाङका यावत पुरातात्त्विक कुराहरूलाई हेरेर मन अघाएकै थिएन । अन्धकारले आफ्नो शासन स्थापना गरिसकेको थियो । बाटोछेउमा बलेका बत्तीहरूले भन्दै थिए, "यति रातिसम्म कहाँ डुलेर बसेको ? बेलैमा बासस्थान फर्कनु पर्दैन ?"

साँझपछिको बालक रात युवा हुँदै गइरहेको थियो । हामी होटलमा आइपुग्यौं । हाम्रो उपस्थितिले खुसी देखिएका होटल मालिक भन्दै थिए, "हामी त सरहरू हराउनु भयो कि भन्ने सोच्दै थियौं ।"

हाम्रो भोजन पनि तयार भइसकेको थियो ! अब खाएरै कोठामा जाने सल्लाह भयो । भान्छाघरमा पस्यौं । दुईजना खाना खाँदै थिए । परिचयका लागि नाम सोध्यौं । सञ्जय र अजय रहेछ नाउँ । काठको काम गर्दा रहेछन् यहाँ । पहिले त घर वीरगंज भनेर बताएका थिए । थप खोतल्दै जाँदा थाहा भयो, उनीहरू (भारत) मोतिहारीका रहेछन् ।

खाना खाँदै गर्दा होटलका मालिकको नाम पनि थाहा पायौं । होटलका मालिक छेवाङ गुरूङ र उनकी पत्नी कार्चुङ बिष्ट फरासिला र हँसिला जोडी रहेछन् । छेवाङ दम्पतीको आतिथ्यताले दङ्गदास पर्नु भएका खगेन्द्र दाजु खाना खानुभन्दा बढी गफ गरिरहनु भएको थियो । घरी काठका मिस्री भाइहरूलाई जिस्क्याउने, सोधखोज गर्ने गरिरहनु भएको थियो ।

खाना खाएपछि पनि निकैबेर गफको सिलसिला चल्यो । एकैछिनमा हामी सबै एकै परिवारका सदस्य जस्ता भइसकेका थियौं ।

करिब नौ बजेतिर कोठामा उक्लियौं । दिनभरिका गतिविधिको समीक्षा गर्यौं । घरमा रहेका आफ्ना परिवारजनसँग हाइ हेल्लो गर्यौं । फोटाहरू फेसबुकमा राख्ने नित्यकर्म गर्न त बाँकी नै थियो । त्यो पनि पुरा गर्यौं ।

केही सम्झे जस्तो गरेर खगेन्द्र दाजुले भन्नु भो, "भाइ । अब सुतौं । भोलि बिहान छ बजेतिर हिंड्नु पर्छ । भोलिको गन्तव्य कोरला ।"

म अटेरी बालक झैं फेसबुकको पिडमा झुण्डिरहेको थिएँ । खगेन्द्र दाजु रातको चकमन्नतालाई चिर्दै घुर्न थालिसक्नु भएको थियो । त्यसपछि त म पनि निद्रादेवीलाई पक्रन जोडबल गर्न थालें । ♦♦♦

लैङ्गिक हिंसा विरुद्धको अभियानमा नेपाल प्रहरीको भूमिका

✍ प्र.व.ना.नि.सरस्वती बुढाथोकी

लिङ्गका आधारमा हुने हिंसा (लैङ्गिक हिंसा) विश्वका धेरै समाजमा प्राचिनकाल देखि नै समस्याको रूपमा देखिदै आएको छ। लिङ्गका आधारमा हुने हिंसा भन्ने बित्तिकै महिला हिंसा भन्ने बुझ्ने प्रचलन सामान्य जनजीवनमा भए पनि महिला वा पुरूष वा तेस्रो लिङ्गी भएकै आधारमा पेशा, अध्ययन, कार्यस्थल, परिवार तथा समाजमा वा कुनै पनि ठाउँमा घृणा गर्नु, कुटपिट गर्नु, यौनजन्य दुराचार, डरत्रास, धम्कि दिनु, पारिश्रमिक नदिनु वा कम दिनु, अश्लील शब्द बोल्नु, अश्लील फोटो देखाउनु आदि सबै लैङ्गिक हिंसा हो । हाम्रो लगायत विश्वका धेरै समाजहरूमा पुरूष भन्दा महिलाहरू विभिन्न प्रकारका हिंसाबाट बढी पीडित भएका कारण लैङ्गिकताको आधारमा हुने हिंसामा महिलामाथि हुने हिंसाबारेको छलफल धेरै हुने गरेको छ ।

सन् १९८० को दशकदेखि नै विभिन्न मुलुकले महिला माथि हुने हिंसा विरूद्धको दिवस मनाउदै आएको भए पनि सन् १९९९ मा संयुक्त राष्ट्र संघले अनुमोदन गरेपछि महिला माथि हुने हिंसा विरूद्धको विभिन्न अभियान सुरू भएको पाइन्छ । संयुक्त राष्ट्र संघको महासभाले प्रत्येक वर्ष नोभेम्बर २५ तारिखलाई महिला हिंसा निर्मूलसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको रूपमा विश्वभर मनाउने निर्णय गरेबमोजिम नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान सञ्चालन हुने गरेको छ ।

नेपालमा पनि यो दिवस सन् १९९७ देखि विभिन्न कार्यक्रमको आयोजना गरी मनाउन थालिए तापनि वि.सं. २०७५ कार्तिक २९ गतेको मन्त्रीपरिषद्को बैंठकले हरेक वर्ष नोभेम्बर २५ तारिखलाई महिला हिंसा विरूद्धको १६ दिने अभियान दिवसका रूपमा मनाउने घोषणा गरेको थियो ।

यस वर्ष नेपालमा "लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितताः महिला र

बालबालिकामा लगानीको ऐक्यबद्धता" भने राष्ट्रिय नाराका साथ २०८० मंसिर १० गतेदेखि ऐ. २५ गतेसम्म (नोभेम्बर २५ देखि डिसेम्बर १०) देशैभर लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान सम्पन्न भयो । लैङ्गिकताका आधारमा हुने सबै प्रकारको हिंसा र अपराधलाई अन्त्य गर्ने, महिला माथि हुने हिंसा विरूद्ध व्यापक जनचेतना जगाउने र समस्याको पहिचान गरी समाधानका लागि राज्यलाई कानूनी आधार तय गर्न सहकार्य गर्ने, लैङ्गिक हिंसा विरूद्ध पुरूषको सहकार्यलाई अभिवृद्धि गर्ने, महिला र पुरूष बिच रहेको असमानता हटाई बालिका, किशोरी, वयस्क तथा वृद्धा महिलाहरू लगायत सबै लिङ्गका मानिसहरू बिना भेदभाव सम्मानित जीवनयापन गर्न सक्षम तुल्याउने र लैङ्गिक हिंसाका विविध आयाममा रणनितिक छलफल गर्ने १६ दिने अभियानका मुख्य उद्देश्यहरू हुन् ।

लैङ्गिक हिंसा विरूद्धको अभियानमा सरकारी तथा गैरसरकारी संघ संस्थाहरूले विभिन्न गोष्ठी, छलफल तथा विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ । त्यसै अन्तर्गत यस वर्ष पनि नेपाल प्रहरीले ७७ वटै जिल्लामा छुट्टाछुट्टै विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गऱ्यो । जस अन्तर्गत महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रहरूका प्रमुख, महिला प्रहरी कर्मचारीहरू, लैङ्गिक हिंसा नियन्त्रण सञ्जालमा आबद्ध विभिन्न संघ संस्थाका पदाधिकारी तथा प्रतिनिधिहरूको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम, विभिन्न अनुशिक्षण तालिमहरू, बढी भिडभाड हुने सार्वजनिक यातायातमा महिला तथा यात्रुमाथि हुन सक्ने यौनजन्य दुर्व्यवहार सम्बन्धी पर्चा वितरण, स्थानीय दिदीबहिनी तथा कलेज स्कुलका विद्यार्थीहरूलाई सचेतना कार्यक्रम, बालविवाह, बहुविवाह, छुवाछुत सम्बन्धी जनचेतनामूलक अडियो, भिडियो प्रर्दशन, पर्चा वितरण, साइबर अपराध, दाइजो प्रथा र जेष्ठ नागरिक विरूद्ध हुने हिंसा सम्बन्धी जनचेतनामूलक च्याली आदि कार्यक्रम सञ्चालन भयो ।

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयको लैङ्गिक हिंसा विरूद्धको १६ दिने कार्यक्रमको तथ्याङ्क हेर्दा नेपाल प्रहरीको उपत्यका प्रहरी कार्यालय, रानीपोखरीले १७०, कोशी प्रदेश प्रहरी कार्यालयले ७७२, मधेस प्रहरी कार्यालयले ४७५, बागमती प्रदेश प्रहरी कार्यालयले ५१६, गण्डकी प्रदेश प्रहरी कार्यालयले १३५२, लुम्बिनी प्रदेश प्रहरी कार्यालयले ६५५, कर्णाली प्रदेश प्रहरी कार्यालय २०९ र सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयले १६३ वटा कार्यक्रमहरू

सञ्चालन गरी यस वर्षको लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान सफलतापूर्वक सम्पन्न गरेको छ ।

त्यसै गरी हालै नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयले आ.व. २०७९/०८० को श्रावणदेखि आषाढ मसान्तसम्मको लैङ्गिक हिंसाको वार्षिक तथ्य पत्र (fact sheet) पनि सार्वजनिक गरेको छ । जसमा प्रदेशगत र जिल्लागत मुद्दा दर्ता संख्या, नाता सम्बन्धको आधारमा अभियुक्तको विश्लेषण, महिनागत, उमेरगत, शैक्षिक योग्यताको आधारमा पीडित र पीडकको संख्या, पेशाको आधारमा, घटनास्थलको आधारमा र हिंसाको तरिकाको आधारमा तथ्याङ्कहरू रहेको छ ।

यस तथ्यपत्र अनुसार आ.व. २०७९/८० मा देशभरमा जबरजस्ती करणी मुद्दामा मुद्दा दर्ता संख्या २३८७, जबरजस्ती करणी उद्योगमा ५१८, बालयौन दुरूपयोग/दुर्व्यवहारमा ३४३, अप्राकृतिक मैथुन ३५, अपहरण तथा जबरजस्ती करणीमा ५९, जबरजस्ती करणी गरी कर्तव्य ज्यानमा ५, मानवबेचविखन तथा जबरजस्ती करणीमा १०, बहुविवाहमा ७२३, बालविवाहमा ५२, घरेलु हिंसामा १६५१९ (मुद्दा दर्ता संख्या र उजुरी दुवै रहेको), बोक्सीको आरोपमा ४३, मानव बेचविखनमा १२४, अवैध गर्भपतनमा ३२, जातीय छुवाछुतमा २७ र तेजाब प्रहारमा ३ मुद्दा दर्ता भएका छन् ।

यौनजन्य हिंसामा नाता सम्बन्धको आधारमा अभियुक्तको विश्लेषण गर्दा चिनजानका अभियुक्त ८८.२% र अपरिचित अभियुक्त ११.८% रहेका छन् । उमेरगत तथ्याङ्कलाई हेर्दा ११-१६ वर्षका बालिका सबै भन्दा बढी पीडित र १९-२५ वर्षका पुरूष सबै भन्दा बढी अपराधमा संलग्न रहेका छन् । त्यसैगरी घटनास्थलको आधारमा तथ्याङ्क हेर्दा सबै भन्दा बढी घटना घर कोठामा हुने गरेको र सबै भन्दा कम सवारी साधनमा भएको देखिन्छ ।

यस तथ्यपत्र अनुसार यौनजन्य हिंसामा सबैभन्दा बढी डर धाक देखाई १८२९, ललाई फकाई १४९२ र सबै भन्दा कम नशालु पदार्थ सेवन गराई ३६ वटा घटना घटाएको देखिन्छ ।

समग्र लैङ्गिक हिंसा अपराधमा ८०% हिस्सा ओगट्ने घरेलु हिंसाका घटनाहरू मधेश प्रदेशमा सबैभन्दा बढी र कर्णाली प्रदेशमा सबै भन्दा कम दर्ता भएको देखिन्छ । अधिकांश लैङ्गिक हिंसाका घटनाहरूमा तुलनात्मक रूपमा कम शैक्षिक योग्यता भएका वर्ग बढी पीडित र पीडक भएको देखिन्छ । यौनजन्य हिंसाका घटनाहरू सबैभन्दा बढी कोशी प्रदेशमा र जिल्लाहरू काठमाडौं र मोरङमा बढी दर्ता भएको देखिन्छ । यौनजन्य

हिंसाका घटनाहरू असार, श्रावण र भाद्र महिनामा बढी र असोज, कार्तिक र मंसिर महिनामा कम दर्ता भएको देखिन्छ । मानव बेचबिखनको घटना लुम्बिनी प्रदेशमा सबैभन्दा बढी र कर्णाली तथा गण्डकी प्रदेशमा सबै भन्दा कम दर्ता भएको देखिन्छ । समग्र मानव बेचबिखनको घटनाबाट ५२.२% महिला र ३६. ५% बालिका पीडित रहेको देखिन्छ ।

नेपालले मानव अधिकारको विश्वव्यापी घोषणा १९४८, राजनितिक तथा नागरिक एवं आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध १९६६ र महिला विरूद्ध हुने सबै भेदभाव अन्त्य गर्ने महासन्धी १९७९ स्वीकार गरेको छ । सो अनुरूप नेपालको संविधानको धारा ३८ मा महिलाको मौलिक अक अन्तर्गत महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, पीडितलाई क्षतिपूर्ति पाउने हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक, सकारात्मक विभेदका आधारमा विशेष अवसर पाउने हक र दम्पत्तिको समान हकको प्रत्याभूति गरेको छ । तर पनि हाम्रो समाजमा अझै धेरै व्यक्तिहरू जो विकट ग्रामिण भेगमा बस्छन्, उनीहरूलाई आफ्नो हक र अधिकार सम्बन्धी बनेको कानूनको जानकारी छैन । कतिपय कानून बने तापनि व्यवहारिक रूपमा कार्यान्वयनमा आएको छैन । हाल लैङ्गिक हिंसा विरूद्धको अभियानमा सरकारी तथा गैरसरकारी संघ संस्थाहरूले आ-आफ्नो तर्फबाट जुन कार्यहरू गरिरहेका छन् ती कार्यक्रम तथा छलफललाई केन्द्रबाट विकट ग्रामिण भेगमा लान सके अझ प्रभावकारी हुन सक्छ ।♦♦♦

भजन

मरेर जाने जिन्दगी

✍ **दिपकराज विश्वकर्मा**

झरेर जाने फूल जस्तै मरेर जाने जिन्दगी
एकै मुठी सासै पनि रैछ कसैको बन्धकी
के तिम्रो भन्नु के मेरो भन्नु छिन मै बिलाई जाने
जीवन कर्कलाको पानी...

मरेको कोही फर्केको छैन नि आज सम्म त
अमूल्य रैछ हरेक क्षण घमण्ड मेरो किन त
अस्ताई जाने घाम जस्तै मरेर जाने जिन्दगी
एकै मुठी सासै...

बाढेरै खाउँ एकै छाक हाँसेरै बाचुँ हर क्षण
के छ र ठूलो तेरो र मेरो मनै हो वर पर नि मन
आज पो यहाँ छु भोलि त मरेर जाने जिन्दगी
एकै मुठी सासै...

आत्मकथा

भाइटीकाको सम्झना

✍ प्र.स.नि. अम्बिका के.सी.

दुःख सुखको संयोग नै जीवन हो भन्छन् । चाडबाडको उल्लासमा पनि यस्ता संयोगले आँसु खसाली दिन्छ हामी धेरैको । जो व्यथा बनेर बल्झाउन आइदिन्छ यस्तै अवसरहरूमा पनि । दाजुभाइ बिनाको तिहार साँच्चै खल्लो हुँदो रहेछ । चारैतिर तिहारको चहल पहल थियो । बजार चोक सबैतिर किनमेल गर्नेको भिडभाड देखिन्थ्यो । सबैका अनुहारमा खुसियाली छाएको थियो । मखमली र सयपत्री ढकमक्क फुलेका थिए । तर मेरो मनमा भने अँध्यारो छाएको थियो । मन बहकिएको थियो । तिहारको रमझमले कत्ति पनि छुन सकेको थिएन । छाओस् पनि कसरी ? न मखमली र सयपत्रीको माला गास्नु नै थियो न भाइमसला नै किन्नु थियो । कुनै हतारो पनि थिएन कुनै चटारो पनि थिएन ।

आज ११ वर्ष बितिसकेछ भाइटीका नमनाएको पनि । प्रत्येक सालको भाइटीका भित्तामा झुण्डाएको दाइको फोटो हेरेर बित्छ । मनको बह कहाँ पोखु कसलाई भनु । मनमा लागेको घाउ कहिल्यै निको नहुने रहेछ । जति घाउ पुरानो हुँदै जान्छ त्यति बल्झिदो रहेछ । आफ्नो व्यथा लुकाएर आमाबाबाले सम्झाउन खोज्नु हुन्छ । साथीभाइले सम्झाउन खोज्छन् तर पनि मेरो मन किन मान्दैन । सम्झनाले किन सताएको हो यसरी । यो तिहार पनि कहिल्यै नआए हुन्थ्यो जस्तो लाग्छ ।

भर्खर हो जस्तो लाग्छ आजको दिन, दाइले फोन गर्नु भएको । बैनी मेरो डिउटी मिल्यो नि, टिका लाएर फर्किने गरी म आउँछु । माला उनेर राखीराख । यस पटक मेरी प्यारी बैनीको हात र यो दाइको निधार खाली नहुने भयो । हुन पनि बल्ल ५ वर्षमा साइत जुर्दै थियो दाजुलाई टीका लगाउने । दाइले त्यति भनेपछि मन फुरूङ्ग भएको थियो । कम्ती खुसी भएकी थिइन एकछिन त । तर फेरि सोचे

राष्ट्र सेवक कर्मचारी कति बेला कहाँ के आइपर्छ के थाहा ? दाई घर नआए सम्म ढुक्क चाहिँ भइन । हुन त यसरी आश्वासन कहिल्यै दिनुभएको थिएन, नआउने भए आउदिन नै भन्नु हुन्थ्यो । दिपावलीको झिलीमिली र देउसीभैलोको रमाइलोले मन हर्षित भएको थियो ।

एकरातको पर्खाइ पनि एक वर्ष जस्तै भयो मलाई । भाले बासेर बल्ल बल्ल बिहानीको संकेत गर्यो । सबेरै उठें, घर आँगन सबै तिर सरसफाइ गरेर नुहाइ धुवाइ गरी टीकाको सामान ठिक पार्न थालें। त्यति बेलासम्म पनि दाइ आउनु भएको थिएन । टीकाको साइत टर्न थालिसकेको थियो । वरपर सबैका घरआँगनमा दिदीभाइ दाजु बैनीका मुहारमा खुसियाली छाएको थियो ।

पल्लो घरको बिमल दाइ निधारमा सप्तरङ्गी टीका गलामा मखमली र सयपत्रीको माला लगाएर आफ्नो कर्तव्यमा निस्किन लागेका थिए । दाइ पनि प्रहरी सेवामै भएकोले डिउटी भेट्नलाई हतारो गर्दै थिए । दिदीबहिनी चाहिँ गुनासो पोख्दै थिए । बल्ल बल्ल एक वर्षमा एकपटक आउने चाडमा पनि सँगै बसेर रमाइलो गर्न नपाउने कस्तो जागिर हो तेरो भनेर । बिमल दाइ भने साथीलाई टीका लगाउन पालो दिनुपर्छ भन्दै हाँस्दै हाँस्दै हात हल्लाउँदै निस्किनु भयो घरबाट ।

दाइको बाटो कुर्दाकुर्दै दिन ढल्यो । घडीले साँझको पाँच बजाइसकेको थियो । थालीको टीका सुकिसकेको थियो । मेरो मनमा भने चिसो पस्दै थियो, किन हो कुन्नी हातखुट्टा थर्रर काप्न थालेका थिए । भोकले हो की भन्ठाने । टीका नलगाई के खानु भनेर केही नखाई बसेकी थिएँ । यत्तिकैमा मोबाइलमा किर्रर फोनको घण्टी बज्यो । पक्कै पनि दाइको फोन हुनु पर्छ भनेर फोन भएकै ठाउँमा हानिएँ, फोन रिसिभ गरें ।

हेलो दाइ... के भनेकी थिएँ उताबाट जवाफ आयो, माफ गर बैनी म हेमको साथी बोल्दैछु, तुरून्तै पोखरा आउनु पर्ने भयो । हेम टीका लगाउन घर आउँदै थियो, गाडी दुर्घटनामा परेर उसले ज्यान गुमायो । त्यसपछि के भयो मलाई थाहा नै छैन, ब्युँझिदा अस्पतालको इमर्जेन्सी बेडमा थिएँ। त्यसपछि मेरा लागि कहिल्यै मखमली र सयपत्री फुलेको छैन । ♦♦

के दिन के रात,
प्रहरी सधैं जनताको साथ

नियात्रा

लोमन्थाङ वि सं २१३१

समयलाई उछिनेर बदलिएको छ लोमन्थाङ । संसार लोमन्थाङको पछि पछि हिँडिरहेछ ।

✍ **डा. दामोदर पुडासैनी 'किशोर'**

दामोदर कुण्ड गुफाभित्र सञ्चालित दस तारे होटलको एक सय सोह्रौं तल्लामा हामी दुई जना आज साँझ मात्र आइपुग्यौं । जापानको कान्साई नजिक समुद्री लहरहरूमा नाङ्गो शरीर तैरेर लञ्च खाँदै सनबाथ लिइरहेका बेला एक्कासी उनलाई आफ्नै देशको गुफामा डिनर खाने रहर चलेछ । हामीले आफ्नै देशको *'स्काई साइक्लोन'* नामको विशेष विमान मगायौं । त्यो लोमन्थाङबाट तीन मिनेटमा कान्साई एयरपोर्ट पुग्यो र अर्को तिन मिनेटमा लोमन्थाङ पुऱ्यायो । लोमन्थाङमा हामीले २०७१ साल असारमा भ्रमण गरेका थियौं । आज ६० वर्षपछि अर्थात् वि.सं. २१३१ साल पुस (सन् २०७४ जनवरी) महिनामा फेरि भ्रमण गर्न पाउँदा बेग्लै अनुभूति भइरहेछ । त्यतिखेर मेरो उमेर बाउन्न वर्ष थियो । अहिले एक सय बार वर्षको भएँ । हामी दुवैले दस वर्षअघि *'एजिओड २००'* नामको ट्याबलेट एक एक चक्की खाएका थियौं । त्यो चक्कीले मान्छे कम्तीमा दुई सय वर्ष निरोगी रूपमा बाँच्न सक्दोरहेछ र मान्छे सधैं तरूनो नै भइरहने रहेछ । *'एजिओड-४००'* खायो भने चार सय वर्षसम्म बाँच्न सकिने प्रमाणित भइसकेको छ । अहिले हामी दुवैले सुरूको डोज मात्र लिएका छौं । हामीलाई तरूनो उमेरको अनुभूति भइरहेछ ।

साठी वर्षको अवधिमा लोमन्थाङमा बिछट्ट परिवर्तन भइसकेछ । मान्छेले चाह्यो भने संसारलाई नै फेरिदिन सक्छ भन्ने उदाहरण लोमन्थाङ भएको छ । हिजो साँझ हामी *अल्ट्रासोनिक कारमा* चढेर बेनीको कालीगण्डकी किनारदेखि तिब्बत छिर्ने कोरला नाकासम्म सात पटक घुमफिर गऱ्यौं । अल्ट्रासोनिक कार केवलकार जस्तै रहेछ तर त्यो केवलको सट्टा सौर्य शक्तिबाट चल्ने रहेछ । दुई जनादेखि

पन्ध्र हजार मान्छेसम्म अट्न सक्ने क्षमता भएका रहेछन् ती कारहरू । त्यस्ता कारहरू आकाशमा उड्दा हावामा रहेको शक्तिलाई खानामा परिणत गर्ने यन्त्रले आवश्यकताअनुसार खाना प्रदान गर्ने रहेछन् । हामीले साँझभरका लागि एउटा कार लियौं र कहिले एक कुना, कहिले अर्को कुना, कहिले एक चुचुरा र कहिले अर्को चुचुरा रमाउँदै चाहारिरह्यौं । मैले अहिले संसारका एक सय चालिसभन्दा बढी मुलुक घुमें । बाफ रे बाफ ! तर यो लोमन्थाङ जत्तिको सुन्दर र यहाँ जत्तिको रमाइलो अन्यत्र कतै भेटिनँ । मेरी उनीले पनि यसै भनिन् यसपाली घुम्दा । मुख रहे मुलुक देख्न पाइन्छ भनेको सही त हो नि ।

कास्कीको नाउडाँडादेखि पर्वत, बाग्लुङ, म्याग्दी र मुस्ताङलाई समेटेर दस वर्षअघि नै *'स्पेसल इन्टरटेन्मेन्ट सेन्टर'*[1] बनाएको रहेछ सरकारले । त्यस क्षेत्रमा आउने विश्वभरका पर्यटक, वैज्ञानिक, अन्वेषक, कलाकार, साहित्यकार, व्यापारी, होटल, यातायात व्यवसायी जस्ता व्यक्ति क्षेत्रबाट उठाएको राजश्व गत डिसेम्बर महिनामा मात्र सन्तानब्बे अरब सतासी करोड सतसट्ठी लाख नेपाली रूपैयाँ भएको कुरा उच्च हिमाली विकास मन्त्रालयको वेभसाइटमा अङ्कित गरेको पाइयो । प्रचलित विनिमय दरअनुसार त्यो रकम एकाउन्न खरब तिस अरब छयालिस करोड एकतीस लाख सतसट्ठी हजार अमेरिकी डलर हुने रहेछ । यस्तै केन्द्रहरू सगरमाथा वरिपरि र पश्चिमको अपी हिमाल वरिपरि चलाइएको रहेछ । पर्यटन क्षेत्रबाट आर्जन गरेको सम्पत्तिले देशका हरेक गाउँ र हरेक सहर विकासको चरम अवस्थामा पुगिसकेका रहेछन् । नेपालले प्रदान गरेको ऋण र अनुदान सहयोगले साइबेरिया उजाड क्षेत्र, थार र गोभी मरूभूमि, इथियोपिया चांद र बोलिभियाजस्ता देशहरूको प्रति व्यक्ति आम्दानी पनि झन्डै नेपालीको सरदर आय एक करोड पन्चानब्बे लाख नेपाली रूपैयाँ बराबर पुग्न थालिसकेको व्यहोरा हिजो साँझ *वर्ल्ड रिचेस्ट बैंक,* लोमन्थाङले जनाएको पाइयो ।

हिजो साँझ लोमन्थाङ घुमेको कुरा भन्दै थिएँ, कुरै अन्तै मोडिएकामा क्षमा माग्छु । माछापुच्छ्रे धवलागिरि, अन्नपूर्ण र दामोदर हिमाललाई *'म्युजिक एण्ड लाइट* अब *हिमाली पानोरमा'* नामको दृश्यावलीसँग जोडिएको रहेछ । साँझसँगै एकैसाथ एक हिमाली क्षेत्र रातो, अर्को पहेँलो, अर्को निलो, अर्को बैजनी, अर्को सुन्तले रङ्गमा धपक्क धपक्क बल्ने र त्यो क्रमशः सबैतिर सर्दै जाने रहेछ । विद्युतीय इन्द्रेणी रङ्ग हिमालभर

१. विशेष मनोरञ्जन केन्द्र

र पहाडभर छरिँदा त्यहाँको संसार नै गजब र आश्चर्यपूर्ण देखिँदो रहेछ । अझ त्यो रङ्ग परिवर्तन सँगसँगै संसार गुञ्जाउने सङ्गीत बज्दा मान्छेले आफ्ना सारा दुःख पीडा भुल्दो रहेछ र डाँडाकाँडा, पहाड, भिर, गुफा, नदी, बस्ती, बाटो जहाँ भए पनि झुल्न र नाच्न थाल्दो रहेछ ।

रातको पर्वाह छैन, रङ्गीन ज्योतिले जगमग र धपक्क उज्यालो बलेको छ त्यो हिमाली प्रदेशमा ।

सन् २००५ मा इजिप्ट भ्रमण गर्दा *'पिरामिडः साउन्ड एन्ड लाइट'* नामको कार्यक्रम हेरेको थिएँ । अँध्यारो थियो । गिजाका विशाल पिरामिडहरू अघिल्तिर मरूभूमिमाथि कुर्सीहरू बिछ्याइएका थिए । त्यही बसेर संसारभरका पर्यटकहरू रमाएका थियौं । विशाल पिरामिडहरू लहरै छन् । झमक्क अँध्यारो छ । तीन ओटै पिरामिडहरू क्षणमै निलो, क्षणमै रातो, क्षणमै पहेँलो, क्षणमै मिश्रित रङ्गको देखाइन्छ विद्युतीय रङ्गहरूले । अघिल्तिर रहेको राजा केफरसको मूर्तिलाई पनि त्यसै गरी देखाइन्छ । ती पिरामिडहरू र राजा केफरसले आकाशबाटै तत्कालीन इतिहास बताउँछन् । आवाज र उज्यालाको सम्मिश्रणले परिवेश आश्चर्यपूर्ण र मोहक बनिरहन्छ । प्रकाशका रङ्गीन पहाड जस्ता देखिने पिरामिडहरू दिउँसो देखिनेभन्दा फरक लाग्ने रहेछन् ।

लोमन्थाङ र मुस्ताङ क्षेत्रको *म्युजिक एन्ड लाइट* अब हिमाली पानोरमाले त पिरामिड क्षेत्रभन्दा हजारौं गुणा बढी क्षेत्र ओगटेको रहेछ । हामीले हिमाल भनेपछि सधैं सेतै देखिराखेको तर त्यहाँ त हिमालहरू नै निला, हरिया, पहेँला, राता देख्न पाइयो । कालीगण्डकी नदीले रातमा क्षण क्षणमै इन्द्रेणी रङ्गमा रङ्ग परिवर्तन गरिरहेछ । क्षण क्षणमा *डिस्को लाइटमा* डिस्को नाचे झैं गर्छन् हिमाल र पहाडहरू । डाँडाकाँडा र हिमालहरूमा हावा बहँदा पनि फैलिन्छ नयाँ विद्युतीय रङको सौन्दर्य । अल्ट्रासोनिक कार चढेर झकिझकाउ संसार हेर्दै घरी कोरला नाकाअघिल्तिर, घरी मुक्तिनाथ वरिपरि, घरी छुक्साङ, घरी ढाङ्मर, घरी समर, घरी दामोदर हिमालको काखमा, घरी धवलागिरिको चुचुरामा, घरी नीलगिरिको नाकमा, घरी अन्नपूर्णको उचाइमा ओर्लदै, रमाउँदै फेरि त्यही क्रम दोहोऱ्याउँदा मन कस्तो पुलकित भयो, त्यसको बयान नै नगरौं ।

गुरूत्वाकर्षणीय र अत्याधुनिक प्रविधिबाट चराङ गाउँभन्दा माथि आकाशमा एक हजार घरहरू भएको एउटा सहर बसाइएको रहेछ । त्यही सहरको मध्यभागमा एउटा विशाल चौर

पनि बनाइएको रहेछ । छेउछाउमा सयौं ठुलाठुला होटलहरू रहेछन् । त्यो चौरमा अमृत गुरूङ, धीरज राई, कुन्ती मोक्तान, कोमल वली, दीपक लिम्बू, भक्तराज आचार्य, शिव परियारजस्ता गायक गायिकाहरूका गीत सुनिए । दीपकराज गिरी, दीपाश्री निरौला, मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्यहरूले हास्यव्यङ्ग्य प्रस्तुत गरे । कति हल्का शरीर बनाएर नाच्न जानेका नारायणदेवी र सरला श्रेष्ठले । त्यो प्रत्यक्ष मनोरञ्जन कार्यक्रममा तिस लाख मान्छेले भाग लिए नाचे, गाए, झुमे । हामी पनि के कम ? रातभरि नाच्यौं, गायौं । *'जोमसोमे बजारमा बार बजे सरर, ए हजुर, घर हाम्रो पोखरा'* भन्ने गीतमा गायक अमृत गुरूङसँग नाच्दा भने झन्डै खुट्टा मर्केको मेरो । ती अधिकांश कलाकारहरू सय वर्ष नाघिसकेका छन् यतिखेर तर तिनको रूप, यौवन र स्फूर्ति हेर्दा भने पहिले पहिले हामी बिस वर्षे तरूनो उमेर भन्थ्यौं नि हो त्यस्तै छ ।

म्युजिक एन्ड लाइट अब हिमाली पानोरमा रातभरि आकाशमा उड्ने, जमिनमा गुड्ने क्रम जारी छ । कतै धमाका पड्किइरहेछन्, ठाउँ ठाउँमा खाने पिउने क्रम जारी छ । नेपाली मनोरञ्जन कार्यक्रम हेर्न हलिउडका कलाकार टम क्रुज, सिमोन वेकर, गेराड बटलर, सान्ड्रा बुलक, मेगोन फक्स, निकोल किडम्यानहरू त्यहीं उपस्थित थिए । उता बलिउडका गायक गायिका सोनु निगम, शान, मोहित चौहान, अदनान सामी, सुजाता मोहन, उषा उत्थुप, अनुराधा पडुवाल, अलका याग्निकहरू 'हिमाली सङ्गीत' विषयमा विद्यावारिधि गर्न त्यही पुगेका रहेछन् । हलिउड र वलिउडका कलाकारहरूले भने पनि, 'हिमाली, सङ्गीत, हिमाली गीत, नाच र संस्कृति त जति सिके पनि नौलो हुनेरहेछ, जति बुझे पनि अझ बुझ्न बाँकी हुने रहेछ ।'

नाचगान र खानपिनमा रमाइरहेका बेला हाम्रै अघिल्तिर आगाको मुस्लो जस्तो एउटा ज्योतिपुञ्ज रोकियो । *स्टार कार* नामको त्यो बाहनमा तिन जना मात्र बस्न मिल्ने रहेछ तर त्यसको गति यति बेजोड रहेछ कि दस मिनेटमा यो सारा संसार एक फन्का मार्न सक्दो रहेछ । त्यो *स्टार कार* नेदरल्यान्ड्सको हेगबाट केहीबेर अघिमात्र उडेको रहेछ । त्यहाँबाट ओर्लिए हलिउडका कलाकार केथेराइन हेइग्ले र एडवार्ड नर्टन । उनीहरूलाई हामीले सन् २०१२ मा हलिउडमै भेटेका थियौं र एक रात रातभर लसभेगसको रात्रीकालीन मनोरञ्जनात्मक बजारमा नाच्दै जीवनका दुःख बिर्सेका थियौं । 'संसार कति सुखी, सम्पन्न र रमाइलो भइसकेछ भन्ने लोमन्थाङ आइपुगेपछि पो थाहा पायौं हामीले'– केथेराइनले भनिन् पनि । उनीहरूले चैलेभन्दा पारिपट्टीको

एउटा गुफा एक महिनाको लागि बुक गरिसकेका रहेछन् । 'चार हजार मिटर माथिको चैलेको त्यो गुफा हेगबाट चस्माको सहाराले हेर्दा मलाई असाध्यै मन पऱ्यो । युरोपको सबैभन्दा अग्लो मध्येको मँ ब्लँ हिमाल त पाँच हजार मिटरको छैन । यहाँको यति उचाइको गुफामा महिना बिताउन पाउनु खुसीको कुरा हो' भन्दै थिए नर्टनले ।

धेरै वर्षपछि साथीहरू भेटिएको खुसी थियो । एडवार्ड र केथेराइन राम्रो अभिनेता अभिनेत्री मात्र होइन कुशल नर्तक नर्तकी पनि हुन् भन्ने हामीलाई थाहा थियो । उनीहरू दुई जना र हामी दुई जना पनि त्यो विश्वको सर्वोच्च कन्सर्ट स्थल चराङमा पसिना निस्कुन्जेल नाच्यौं । तामाङ सेलो, टप्पा नाच, देउडा नाच्दा पश्चिमी नाच नाच्दाभन्दा बेग्लै आनन्द आएको बताए ती दुवैले । हामी दुईले अन्नपूर्ण हिमालको चुचुराभित्र रहेको दसतारे होटल *'अन्डरग्राउन्ड अन्नपूर्ण'* मा रात्रीकालीन खाना खाने प्रस्ताव राख्यौं । उनीहरूले सहर्ष स्वीकार गरे । पहिले भए चराडबाट अन्नपूर्ण हिमालको चुचुरामा पुग्न कम्तीमा पन्ध्र दिन पैदल हिंड्नुपर्थ्यो, त्यो पनि अक्सिजन र खाना बोकेर' । अहिले त सेकेन्डमै सुइँकियो त्यहाँ । होटल व्यवस्थापन पूरै रोबोटबाट सञ्चालन भएको रहेछ । हामीले भिटामिन, मिनरल, कार्बोहाइड्रेडका केही गोलीहरू फरक फरक स्वादमा खायौं । केथेराइन र एडवार्डको एउटा ठुलो इच्छा मुस्ताङ ह्विस्कीको स्वाद लिनु थियो । एक हजार वर्ष पुरानो मुस्ताङे रक्सीमा मुस्ताङ क्षेत्रकै दामोदर हिमाल, अन्नपूर्ण हिमाल र धवलागिरि हिमालमा जमेको बिस हजार वर्षभन्दा पुरानो हिउँका टुक्रा *'गोल्डन आइस'* राखेर पिउनुलाई संसारभरकै पियक्कडहरूको प्रमुख प्राप्ति मानिएको छ । प्रति पेग दुई लाख नेपाली रूपियाँ पर्ने मुस्ताङ ह्विस्की हामी सबैले लियौं ।

म्युजिक एन्ड लाइट अब पानोरमाले रङ्गीन र गुञ्जायमान भइरहेथ्यो अन्नपूर्ण हिमाल । हामी चुचुरामुनिको भूमिगत होटलबाट बाहिरिएर रातमै पिउन थाल्यौं लोमन्थाङको सौन्दर्यलाई । त्यहीं भेटिइन् वैज्ञानिक मार्गरिट जे गिलर । एक जमानामा ब्रह्माण्डको सौन्दर्यपूर्ण नक्सा निर्माण गर्न सफल वैज्ञानिक भनेर उनी निकै प्रख्यात थिइन् । अचेल भने उनकै नेतृत्वमा मुस्ताङ क्षेत्रमा रहेको युरेनियम र नुन निकाल्ने काम भइरहेको रहेछ । विश्व बजारमा माग रहेको नुन र युरेनियमको आधा भाग त्यहीं 'युरेनियम एन्ड साल्ट सेन्टर मुस्ताङले पूर्ति गर्ने जानकारी दिइन् गिलरले । त्यो खनिज खोज्ने कामको विशिष्ट वैज्ञानिक र

उच्च तहका पदाधिकारीहरू मध्ये अधिकांश नेपालीहरू नै रहेका र कामदारहरू भने युरोप, अमेरिका र अस्ट्रेलियातिरका रहेको जानकारी पनि पाइयो गिलरबाट । पचास साठी वर्ष अघिसम्म यी हिमाललाई ढुङ्गाको थुप्रो मात्र देखेका रहेछन् मान्छेहरूले । यी त उच्चस्तरको युरेनियम र विशेष खालको नुनका भण्डार नै हुन् । नेपालले यही नुन र युरेनियमको माध्यमबाट संसारको मुहार फेरिदिएको यथार्थता बके गिलरसँगै भेटिएका अर्का वैज्ञानिक एलेन एस्फेक्टले दिए । *'जान्नेलाई श्रीखण्ड, नजान्नेलाई खुर्पाको बिँड'* भनेको यही त हो नि भनिदिएँ मैले एलेनलाई ।

मस्तीसँग बित्यो रात लोमन्थाङमा । निद्रा नपुगे पनि शरीरलाई खराब असर नपर्ने औषधी एन्टी इन्सोम्निया एक पटक सुघ्यौं शरीर र मन दुवै चङ्गा भए । हामी दुवै भोक न भकारी शोक न सुर्ताको स्थितिमा रमाइरह्यौं ।

घामसँगै समृद्धिको चरमतामा देखियो लोमेन्थाङ । साठी वर्षअघि लोमेन्थाङ मरूभूमि थियो, हिमाल थियो, नदी थियो र जडीबुटीको भण्डार थियो । अहिले ती सबैले रूप फेरेर संसारकै नमुना, सुन्दर र सफा सहरमा दरिएको छ । मान्छेले गर्‍यो भने के हुँदोरहेनछ र भन्ने उदाहरण बनेको रहेछ लोमन्थाङ ।

'मलाई त अलि अलि भोक लाग्यो, हजुरलाई लागेको छैन ?' उनको प्रश्नले मैले भोक सम्झिएँ । नाडीमा बाँधेको *'इन्साइक्लोपिडिया फरएभर'* नामको यन्त्र हेरेँ । मेरो शरीरमा कार्बोहाइड्रेड, प्रोटिन, तेल, भिटामिनको स्तर न्यून हुन आँटेको सङ्केत गर्‍यो त्यसले । हामी चराङनजिकै गेलिङ भञ्ज्याङ र न्योला भञ्ज्याङ बिचमा रहेको विशाल उपत्यकामा प्रवेश गर्‍यौं । त्यहाँ लोमेन्थाङ विश्व विद्यालय खुलेको पनि छयालिस वर्ष भइसकेछ । दुई सय उनान्चालिस विषय पढाइने त्यो विश्व विद्यालय विश्वको सर्वाधिक विषय पढाई हुने अत्यधिक सुविधा सम्पन्न र सबैभन्दा महङ्गो शुल्क तिर्नुपर्ने शैक्षिक प्रतिष्ठान रहेछ । एकै साथ पाँच लाख विद्यार्थीहरू त्यो विश्व विद्यालयमा अध्ययन गर्न सक्ने रहेछन् । अरू अनुसन्धान र खोज गर्नेहरू त कति कति । हामी त्यहीं विश्व विद्यालयको क्याफ्टेरियामा पस्यौं । मल्टिभिटामिन, कार्बोहाइड्रेड र प्रोटिनका केही सप्लिमेन्टहरू खायौं । मलाई त हामीले बाल्यकालमा खाने गरेको मःमः र चाउचाउ खान मनललाग्यो । त्यो पनि एक एक प्लेट खाएर जिब्रो पड्काइयो ।

बाहिरतिर हिमपत्रले सेताम्य छ संसार । हामी लोमेन्थाङ विश्व विद्यालय परिसरभित्रको हरित गृह बगैँचामा छौं ।

चार पाँच दिनमा घुमेर पनि नसकिने रहेछ त्यो बगैंचा ।

पातहरू फरफराइरहेछन् मन्द हावामा । चराचुरूङ्गी र जनावरहरूको आवाजले सुमधुर तरङ्ग फैलिरहेछ वायुमा । फूल, पात, हाँगा र लहराका रङ्ग र आकारले रोमाञ्चक बनाइरहेछ शरीरलाई । उनी र म गाढा रातो गुलाफको बगैंचाभित्र छिर्‍यौं । त्यहाँ शान्त र सुनसान थियो । कुनै जोडी त्यस्ता साना बगैंचाभित्र पसेपछि बाहिरै साङ्केतिक बत्ती बाल्न मिल्नेरहेछ, बाल्यौं । त्यहाँ हरिया चौरहरू थिए । मिठो सुवास थियो । हामी चौरमै लडीबुडी खेल्दै रमायौं । चुम्बनको अमिट आनन्दका बेला हाम्रै अघिल्तिरको धूपीको हाँगाबाट चुच्चो जुधाउँदै चिरबिराए एक जोडी हरिया सुगा । हामी उनीहरूसँग केही लजायौं र पर्‍यौं ।

दिनको दुई बजेको छ । हामी न्योला भञ्ज्याङ पार गरेर ताङमार उपत्यकामा प्रवेश गरेका छौं । हामीले साठी वर्षअघि ताङमार भ्रमण गर्दा त्यो उपत्यका केवल हिमनदीले बगाएर ल्याएको हिमोटको थुप्रो थियो । उपत्यका पूरै पहेंला, राता र निला ढुङ्गाहरूको भिडले भरिएको थियो । ढुङ्गाको त्यो मोडदार आकृति र रङ्गीन स्वरूपले *'ताङ्मार'* पूरै रक्तिम सौन्दर्यपुञ्ज देखिन्थ्यो । स्थानीय भाषामा *'ताङ्मार'* भनेको *'राता ढुङ्गाहरू'* अर्थ दिने भएकाले त्यो सार्थक थियो । वरिपरि हिमाली डाँडाहरू मात्र थिए । अहिले त ताङमार पूरै अर्कै भइसकेछ । परपरबाट पानी जहाजहरू आइरहेको दृश्य मनमोहक थियो । हिन्द महासागरको एक भङ्गालो भूमिगत रूपमा ताङमारसम्म पुऱ्याइएको रहेछ । त्यो विश्वको एउटा आश्चर्यपूर्ण घटना थियो । हामी केहीबेर बन्दरगाहमा घुम्यौं । सामानहरू ओसारपसार गर्ने र यात्रुहरूको आवतजावतको अलि भिड हुँदोरहेछ ताङ्मार बन्दरगाहमा ।

'हुईंई... हुँईंई...' एउटा लामो सिठी बज्यो उत्तरपट्टी भित्ताबाट । हामीले आश्चर्य मान्दै त्यता हेर्‍यौं । तेत्तिस मिनेट अघि तासकन्दबाट गुडेको रेल ताङमार स्टेसनमा रोकिएको रहेछ । त्यही रेलबाट रसियाका भूतपूर्व राष्ट्रपति भ्लादिमिर पुटिन पनि ओर्लिए । 'अबको जिन्दगी लोमन्थाङमै बिताउन एउटा गुफा किनिसकेको जानकारी दिए उनले । अमेरिकाका भूतपूर्व राष्ट्रपति बाराक ओबामा, बेलायतका भूतपूर्व रानी एलिजावेथ, साहित्यकार गाब्रियल गार्सिया मार्खेजहरूले पनि लोमेन्थाङमा एक एक वटा गुफाहरू किनिसकेका र अबको जिन्दगी त्यतै बिताउने भएकाले आफू पनि यतै बसाइँ सर्न पाएकामा खुसी व्यक्त गरे पुटिनले । उनको आग्रहमा हामीले एउटा सामूहिक तस्बिर खिच्यौं । त्यहीं

भेटिए लोमेन्थाङका पुराना मित्र आङ्गेल र कर्चुङ बहिनी । उनीहरूको आग्रहमा केशोरजोडमा चिया पिइयो ।

'टासिदेले ।[२] हाम्रो पछिल्तिरबाट आवाज आयो । 'म पेम्पा साङ्मो ।' साठी वर्षअघिको सम्झना गराइन् बहिनीले । त्यतिखेर उनी लोमेन्थाङ गुम्बाकी आनी थिइन् । कपाल खौरेकी थिइन् । गेरूवस्त्रमा बेरिएकी थिइन् । अहिले त पूरै अर्कै भइछन् उनी । कालो कर्ली कपाल हावामा लहरिरहेको थियो उनको । छोटो मिड्डी र स्लिपलेस छोटो सर्टमात्र थियो उनको शरीरमा ।

'अब धर्म के भयो ?' मैले छोटकरी सोधें । 'धर्म अब मान्छेबाहेक केही रहेन । धर्मको नाममा प्रकृति विरूद्ध चल्ने अब सबै हराए । धर्म केवल मान्छेको विवेक, ज्ञान, अनुशासन, समृद्धि र वैज्ञानिक कर्म भएको छ । अब धर्मको नाममा छलछाम र प्राकृतिक नियम विरूद्ध केही छैन । धर्म भनेकै मानववाद भएको छ । प्रकृति सापेक्ष रहेर मानवको कीर्ति बढाउने कर्म नै धर्म हो अब । स्वर्ग, नर्क, मोक्ष, पाप, धर्म, पुनर्जन्मका बहानाहरू सबै मरिसके बहिनीले भनिन् । लोमन्थाङ आकासे सहरमा पूरै परिवर्तन भएको देखियो ।

पहिलो पटक लोमन्थाङ पुग्दा पेम्पा साङ्मो र म थोरै समयमा धेरै रमाएर गफिएका थियौं कर्चुङ बहिनीको मिस्टिक होटलमा ।

'छेराङ दुरू सुक ।[३] साठी वर्षअघि मिस्टिक होटलमा बोलेका वाक्य फेरि दोहोऱ्याइन् पेम्पाले ।

'डे स मिजिकी किद[४] मैले पनि साठी वर्षअघिकै उत्तर दोहोऱ्याएको थिएँ ।

'ङा थेराङ्ला घाउ हे ।[५] उनले मेरो कानै छेउमा बोलेको सुमधुर आवाजमा भने मैले केही जवाफ दिइनँ । लजाउँदै हेरिरहें मेरी मायालु लोमन्थाङलाई । आखिर माया नै त रहेछ मान्छे हुनुको अर्थ । संसार जति बदलिए पनि संवेगमै त बाँच्दोरहेछ मान्छे ।

मेरी लोमन्थाङ संसारकै सर्वोत्कृष्ट सौन्दर्य बोकेर एकटकले हेरिरहिछिन् मेरा हाउभाउलाई । उकालो उक्लिइरहेको बेला उनलाई पो भनिदिएँ मैले-*'ङा थेराङ्ला घाउ हे ।'*

नयाँ समयले फक्राएको नौलो फूल ढकमक्क फक्रेको छ लोमन्थाङमा । फेरिइसक्यो अब जीवनको परिभाषा ।♦

---

२. नमस्कार
३. तपाईं यहीं बस्नुस् ।
४. यो ठाउँ रमाइलो छ ।
५. म तपाईंलाई माया गर्छु ।

ॐ कै चर्चा

✍ अच्युतप्रसाद पौडेल 'चिन्तन'

वेलायती प्रधानमन्त्री ऋषि शुनकले जि २० सम्मेलनमा भाग लिँदै गर्दा भारतको अक्षरधाम पुगेर पूर्वीय शैलीमा धार्मिक अनुष्ठान सम्पन्न गरे । यसै अक्टोबर ५ मा संसारकै उच्चतम देश अमेरिकाको न्यूजर्सीमा विश्वकै दोस्रो ठूलो हिन्दु मन्दिरको साताव्यापी उद्घाटन समारोह सम्पन्न भएको छ । सन् २०११ देखि निर्माण शुरू भएको सो मन्दिर १२ वर्षपछि अहिले भव्यताका साथ समुद्घाटन हुने र यसमा अमेरिकी कंग्रेस, सिनेटर, वाइडेन प्रशासनका उच्च अधिकारी, राज्यका गभर्नरहरू र अमेरिकाका उच्च अधिकारीहरूले समारोहमा भाग लिने पहिले नै तय भएको थियो । सृष्टिको उषाकालदेखि देखा परेको ॐ र हिन्दु धर्म दर्शनमा यसलाई आफ्नो अभिन्न अंगका रूपमा मानिआएको विषयमा चर्चा गर्ने यो लेखको आशय रहेको छ ।

प्रलयका अन्त्य (एकार्णव) मा संसारमा कोही थिएन । चराचर जगत् सम्पूर्ण नष्ट हुँदा केवल अन्धकार रात्री मात्र थियो । आकाशमा सूर्य थिएनन्, न चन्द्रमा पनि । ग्रह, नक्षत्र, तारा केही थिएनन् । केवल एक तत्त्व आकाशमात्र थियो । शून्यतामा बचेको आकाशमा पनि तेज तत्त्वको छनक पनि थिएन । शब्द, गन्ध, रस, रूप कसैको उपस्थिति थिएन । 'तत्सत् ब्रह्म' वेदले बताएको 'सत्' शेषमात्र बाँकी थियो । भावाभावको जगत् नहुँदा योगीहरूले भन्ने 'सत्', 'ब्रह्म' हृदयाकाशभन्दा केही थिएन । वाणीको कुनै सत्ता नहुँदा स्वरको अभावमा ह्रस्व, दीर्घ एवं गुरूचिन्तन, गुरूतत्त्व केही थिएन । थियो केवल भगवदीय सत्ता- सत्य, ज्ञानस्वरूप, अनन्त, अद्वितीय, अप्रमेय, आधाररहित, परमानन्दमय, परमज्योतिस्वरूप, निर्गुण, निराकार, योगीगम्य, भावगम्य, सर्वव्यापी, सबका कारण, निर्विकल्प, निरारम्भ, मायाशून्य, उपद्रवले रहित, विकासले शून्य र चिन्मयमात्र !

एकार्णवमा रहेका परमज्योति

सम्पन्न परमसत्तास्वरूप परमेश्वरलाई जीव र जगत्को रचना गर्न मन लाग्यो । ब्रह्माण्डको सृष्टि, स्थिति र प्रलय (गड) को कल्पना गर्दै आवश्यक भौतिक पदार्थहरूको संयोगदेखि सिर्जनाको मूल स्रोत प्रणववाच्य ॐ को उदय भयो । प्रणवमन्त्र ॐ को एकअक्षरमा तीन अक्षर अ, ऊ, म रहेको छ । ॐ को अकारले जगत्को बीजस्वरूप ब्रह्माको बोध भयो । यसको 'ऊ' कारले कारणस्वरूप श्रीहरिको र 'म' कारले नीललोहित शिवको बोध भयो । अ कार सृष्टिकर्ता हो, ऊ कार मोह हो र म कार चाहिँ अनुग्रह हो । बीजका स्वामी 'म' कार, बीज 'अ' कार र 'ऊ' कार योनि हुने भयो । अ, ऊ, म को माथिको चन्द्राकार शक्तिस्वरूपा 'ई' कार भयो । 'पूं' र प्रकृतिको योग संसारको रचना सुरू भयो ।

महेश्वर 'बिजी', 'बीज' र 'योनि' पनि हो यसलाई 'नाद' भनिन लाग्यो । 'बिजी' भगवान् महेश्वरको लिङ्गबाट अकार रूप 'बीज' प्रकट भयो । 'अ' कार रूप 'बीज' 'ऊ' कार रूप 'योनि'मा प्रस्फुट भयो । यो 'बीज' अब सुवर्णमय अण्डको रूपमा देखिन थाल्यो । दिव्य वर्षौंतक यो अण्ड जलमा रहँदा दिव्य एक हजार वर्ष पूरा भयो । अण्डा दुई टुक्रा भएर फुट्यो । जलमा रहेको त्यो अण्ड अजन्मा ब्रह्माजीको उत्पत्ति स्थान भयो । माथिल्लो भाग सुवर्णमय अण्डामा कपाल थियो त्यो देवलोक भयो । कपालयुक्त तल्लो भाग पृथ्वी भयो । त्यही अण्डबाट सारा सृष्टि, स्थिति र पालना एवं संहार हुने भयो । अ, ऊ, म तीन अक्षर मिलेर चन्द्राकारसहित पूर्ण अक्षर ॐ भयो । ॐ बाट प्रणव गायत्री मन्त्रहरू र वेदहरू बिस्तारै प्रकट भए ।

हाम्रो पूर्वीय धर्म ग्रन्थले हामीले अहिले देखेको भन्दा अरू ब्रह्माण्ड धेरै छन् भनेको छ । भर्खरै अमेरिकी अन्तरिक्ष अध्ययन संस्था नासाले पानी सहितको अर्को ग्रह पत्ता लगाएको छ । हालै पृथ्वीबाट १२० प्रकाश वर्ष टाढा रहेको के टू १८ नामको बाह्य ग्रह पत्ता लागेको यो ग्रहमा पानी भएकाले त्यहाँ जीवन हुन सक्छ भन्ने तथ्य पनि बाहिर आएको छ । नासाको जेम्स वेभ् टेलिस्कोपले सो ग्रहको खोजी गरेको छ । यो ग्रह हाम्रो पृथ्वीभन्दा ८:६ गुणा बढी ठूलो भनेको छ । यहाँ मिथेन र कार्बडाइअक्साइडको प्रभाव भएको अणुको उपस्थिति पत्ता लागेको छ । पहिले जगत्को रचना क्रममा परमेश्वरबाट दायाँबायाँ अङ्गबाट क्रमशः स्वायम्भू मनु पुरूष र शतरूपा स्त्री पैदा भइन् । मनुका सन्तान हामी मानव हौं, दनुका सन्तान दानवहरू भए । संसार अग्लो, होचो नमिलेको देखियो । खण्डखण्ड सबै मिलाएर पूर्णता दिने क्रममा

परमेश्वरले पछि पृथुअवतार लिए ।

पृथुअवतार लिएर जमिनका खण्डहरू मिलाइएको कारणले धर्तीलाई पृथ्वी भनिन थालियो । सबैतिर समथर भने गराउन सकिएन अहिले पनि धर्तीमा अग्लाइ, होचाइ फरकफरक छन् । त्यसबेला अहिले जस्तो राजनैतिक देशविभाजन, फरक नाम, फरकपरिवेश थिएन, संसार एउटै थियो । त्यस धर्तीमा अध्यात्मविज्ञानले एकछत्र विजय पाएको थियो । हाल भौतिक विज्ञानले अन्धाधुन्द प्रतिस्पर्धी विजय प्राप्त गरेको छ । हाल सात अरब मानिसले बसोबास गर्ने यस पृथ्वीका अतिरिक्त अर्को ब्रह्माण्ड, अर्को परिवेश पनि छ कि भनेर भौतिक विज्ञानले खोजी गर्न लागेको छ । वैदिक विज्ञानले हामीले नदेखेका धेरै अरू ब्रह्माण्ड छन् भनेको छ ।

पूर्वीयदर्शनको विशिष्ट भगवान्को वाणी चार वेदमध्ये अथर्ववेदले भौतिक विज्ञानको खोजी र सङ्केत गरेको हो । अथर्ववेदको स्थापत्यवेद र त्यसको वास्तुपद्धति पञ्चतत्वका विषयवस्तुको अध्ययन र व्यवस्थापन हो । हर मानवले प्रत्येक श्वासप्रश्वासमा दैनिक २१ हजार ६ सय पटक ॐ को उच्चारण गर्दै 'हंस' नामक अजपा गायत्रीमन्त्र जपिरहेको हुन्छ । हिजोआज गुप्त जप्नु पर्ने गायत्री मन्त्र खुल्ला रूपमा सङ्गीतबद्ध हुन थालेको छ, गुप्त राख्नु पर्ने विषय खुल्ला गरेपछि त्यसले आफ्नो काम गर्दैन । व्यक्ति स्वयंलाई अजपा गायत्रीको मन्त्र जपिरहेको भान आफैंलाई हुँदैन त्यसैले यो निस्प्रयोजन भएको छ खासगरी युवापुस्तामा । मानिस जन्मदा कोहं (क्वाहाँ) गर्छ भने मर्दा सोहं (स्वाहाँ, स्याँ, स्याँ) गर्छ । यसको अर्थ म को हुँ भनेको हो र अब सकिएँ भनेको हो ।

ऋग्वेदमा भनिएको छ ॐ कार स्वरूप ब्रह्म नै परमेश्वरको चरणस्पर्श गर्ने एकमात्र गतिलो साधन हो । यो ज्ञान र भक्तिको सङ्गम हो । सर्वस्वीकृत, सर्वसामर्थ्य, ब्रह्मस्वरूप ॐ सगुण र साकार, निर्गुण र निराकार दुवैको केन्द्र हो । ॐ सम्मानसूचक, माङ्गलिक, शुभशकुन भएको र यसको उच्चारणले शरीर पूरै कम्पन भई ऊर्जाशील हुने भएकाले तपस्वी, साधक, योगी, ज्ञानी, ध्यानी सबैले ॐ को उच्चारण गर्ने गर्छन् । सङ्गीत, व्यायाम, धर्मशाला, कार्यशाला सबैका लागि ॐ साधनाको केन्द्र भएकाले वास्तुविद्हरूको मुख्य विषय पनि ॐ नै बनेको हो । स्वामीविवेकानन्द भन्नुहुन्थ्यो सम्पूर्ण नामको जननी ॐ नै हो । सूक्ष्मअणुबाट प्रोटोन शक्तिको उदय भएको हो । यसलाई सकारात्मक ऊर्जा भनिन्छ । सूक्ष्मअणु प्रोटोनको वैकल्पिक

ऊर्जास्रोत इलेक्ट्रोन पैदा भयो, जसलाई ब्रह्माण्डको नकारात्मक ऊर्जा भनिन्छ ।

प्लस् र माइनस् प्रोटोनको वरिपरि घुम्ने इलेक्ट्रोनका बीचमा न्युट्रोनशक्ति पैदा भयो, जसलाई तटस्थ ऊर्जाको रूपमा लिइन्छ । अध्यात्मवेत्ताहरूले यही न्युट्रोनलाई निराकार ब्रह्म भने । प्रोट्रोन, इलेक्ट्रोन र न्युट्रोनलाई क्रमशः अ, उ, म भनिन्छ । वैज्ञानिकहरूले ईश्वर, ब्रह्म ॐ लाई आधार मानी आधुनिक प्रविधिको विकास गरेका हुन् । विज्ञानले आकाश, सूर्य बनाएको होइन, खोजी गरेको मात्र हो । यहाँसम्म कि ॐ लाई युरेनियमको प्रतीक मानिएको छ । प्रोटोनशक्तिको केन्द्रमा हुने कम्पनले उत्पन्न हुने ध्वनि नै ॐ भएकाले ॐ संसारको र संसारका जीवको आत्मा पनि हो । आत्मा र आत्माको स्रोत परमात्मा अनन्त हुनुको रहस्य पनि यसैबाट संसारको सिर्जना र यसैमा संसार समाहित हुनाले हो । ॐ पूर्ण र यसबाट निकालिएको सबै पूर्ण नै हुने हुँदा प्रोटोन, इलेक्ट्रोन र न्युट्रोनभित्र पनि अतिसूक्ष्म प्रोटोन, इलेक्ट्रोन र न्युट्रोन हुन्छ भनी विज्ञानले पुष्टि गरेको छ । स्थिर रहेको ॐ ब्रह्मबाट सृष्टिको आरम्भ हुन्छ भने कम्पनबाट चाहिं सूक्ष्मअणुहरू पैदा हुन्छन् । अणु र परमाणुबाट नै संसार चक्र चलिरहेको छ । ॐ को बिस्तार रूप अ, उ, म मध्ये अ-ले माथितिरको चुम्बकको सूचना गर्छ, म- ले तलतिरको अर्थात् 'अ' उत्तरीध्रुव हो 'म' दक्षिणी ध्रुव हो त्यस्तै 'अ' ले माटो र जलको प्रतिनिधित्व गर्छ भने 'उ' ले अग्नि र वायुको अर्थात् प्राणतत्त्वको सङ्केत गर्छ । 'म' ले चाहिं जीवतत्त्व र आकाशतत्त्वको सङ्केत गर्छ । 'अ' उच्चारणले शरीर र स्थान शुद्धि गराउँछ ।

'उ' चाहिं वायु अर्थात् प्राणतत्त्व भएकाले यसको उच्चारणले शरीरभित्रको मन र चित्तशुद्धि हुन्छ । ॐ कार परिवारमा हिन्दु, बुद्ध, शिख र जैन रहे पनि ॐ साह्रा ब्रह्माण्डमय जगत्को बीजरूप भएकाले एक ब्रह्मबीजबाट अनन्त सिर्जना हुने भएकोले इस्लामधर्मीहरूले ॐ लाई अमिन भन्ने गर्दछन्, ईसाईहरूले ॐ लाई अमेन भन्छन्, बुद्धिष्टहरूले ॐ लाई 'मणिपद्मे हुँ' र, जैनमार्गीहरूले 'पद्म बीजअक्षर', शिखहरूले 'एक शतनाम' भन्ने गर्छन् । ॐ शब्द नाद भएकाले चराहरूको आवाजदेखि नदी तरङ्ग, झर्ना स्वर र समस्त वायुमण्डलीय ऊर्जास्रोत भएकाले पृथ्वीवासीदेखि अन्तरिक्षसम्मका लागि ॐ सबैको साझा विषय हो । आकाश सबैको चौतारी भएकाले यसलाई वेदले *'ॐ खं ब्रह्म'* भनेको छ । ♦♦♦

निबन्ध

समृद्धिको आशा

✍ प्रियंका सिलवाल

'युवा हाम्रो भविश्यको आशा हो'

फिलिपिन्सका राष्ट्रवादी अभियन्ता जोसे प्रोटासियो रिजालको भनाइ । सो भनाइबाट मुलुकको सम्पूर्ण समृद्धि र प्रगतिमा युवा वर्गको भूमिका तथा महत्त्वलाई दर्शाइरहेको छ । युवाको मनोभावना, अवधारणा, जीवनशैली, संस्कृति जस्ता कुराहरूमा समाज र मुलुकलाई परिवर्तन गर्नमा अग्रिणी भूमिका हुन्छ । युवा मन र उर्जा प्रत्येक व्यक्तिको जीवनको त्यस्तो महत्त्वपूर्ण समय हो जुन उनीहरूको छनौटहरूले उनीहरूको भविष्यलाई अग्रसर गर्दछ ।

युवाहरूलाई निश्चित उमेर समूहमा बाध्नु भन्दा पनि त्यो अधिक तरल र उर्जाशील समय तथा क्षमताशील वर्ग हो । सामान्य सरल शब्दहरूमा भन्दा बाल्यअवस्था र वृद्ध-वृद्धा अवस्थाका बिचको उर्जाशील समय नै युवावर्गको शक्तिशाली तथा परिवर्तनको लागि महत्वपूर्ण समय हो ।

इतिहासकारहरूद्वारा आधुनिक अमेरिकी उदारवादको प्रतिमाको रूपमा हेरिने रोबर्ट प्रान्टिस क्यानेडीले युवावर्गलाई राष्ट्रको भविष्य मान्दथे । उनका अनुसार- 'यस संसारले युवावस्थाका गुणहरूको माग गर्दछ, जीवनको समय होइन, मानसिक अवस्था, इच्छाको प्रलोभन, कल्पनाको गुण, डरपोकपनमा साहसको प्रबलता, सहासिलो जीवनको लागि साहसिक चाहनाको उच्च महत्वकांक्षा ।'

विश्वको जनसंख्याको एक चौथाइ हिस्सा ओगटेका युवावर्गको संकल्प, दृढता, आकांक्षा र उपलब्धिहरूले विश्वलाई उत्तम दिशा अवश्य नै दिन्छ । हरेक समाज र मुलुकको आफ्नै लक्ष्य हुन्छ र त्यस लक्ष्यलाई उचित बाटोमा धकाल्ने काम युवावर्गको हो ।

कुनै पनि देशको विकासको मूल्याङ्कन त्यहाँको सम्पत्तिले मात्र नभएर आफ्नै मानिसहरूद्वारा गरिन्छन् । देशका युवावर्गले त्यस मुलुकको भविष्यलाई मूर्तरूप दिन्छन् । वास्तवमा भन्नुपर्दा युवाहरू भोलिका अग्रदूत मात्र नभएर आजका आशिषहरू पनि छन् ।

उनीहरूसँग भएको उत्साह, साहस, र सम्भावनालाई विनियोजित र सही तरिकाले प्रयोग गरेको खण्डमा विकासको शिखर चुम्दै सामाजिक र मानवीय शान्तिको मार्गमा डोहोऱ्याउन सकिन्छ ।

युवावर्गको जीवन्त उर्जा, ज्ञान र सीपले राष्ट्रलाई प्रगति र समृद्धिमा पुऱ्याउन सक्छ । युवा समाज र राष्ट्रका योद्धा हुन् । उनीहरू समाजमा व्यक्तित्व, समानता, बेरोजगारी, शोषण र गरिबी जस्ता समस्याहरूका लागि लडिरहेका छन्, लडनुपर्दछ । जुन आजको विश्व समाज र नेपाल जस्ता गरिब समाजले सामना गरिरहेको छ ।

युवावर्गले राष्ट्रको नवीकरण र क्रान्तिकारीकरणमा ठूलो भूमिका खेलेका हुन्छन् । समाजको नेतृत्व, नवीनता, कौशल र विकास परियोजना कायम गर्ने जिम्मा युवाकै हो । संयुक्त कार्यमा सँगै आएका युवाहरूले मानव इतिहासमा सामाजिक रूपान्तरणको प्रमुख इन्जिनको हिसाबमा सेवा गरेका छन् । महत्वपूर्ण क्षणहरूमा युवावर्गले बारम्बार दमन, अधिनता र अन्यायपूर्ण राजनीतिक, सामाजिक तथा सांस्कृतिक प्रणालीलाई हटाउन अग्रिणी भूमिका खेल्दै आएका छन् । वर्तमान समयमा युवा नेतृत्वमा सामूहिक र सामाजिक कार्यहरूको विश्वव्यापी चुनौतीहरूको मुकाविला गर्न निर्णायक बन्ने गरेका छन् । मानव इतिहासदेखि सामाजिक र मानवीय वातावरण सुधार र परिवर्तन गर्नको लागि युवा नै अग्रिम मोर्चामा लड्नु परेको मानव इतिहासका विभिन्न कालखण्डका घटनाबाट देख्न सकिन्छ ।

युवावर्गले समाजका हरेक गतिविधिहरूलाई सुधार र परिवर्तनको लागि अग्रिणी भूमिका खेल्दै आएका छन् । युद्ध, राजनीति, निर्माण सबै क्षेत्रमा उनीहरूको अग्रिणी योगदान र प्रभाव परेको छ । युवाहरूको संघर्ष, त्याग, भोग, उत्प्रेरणा, दृढ संकल्प र उच्च मनोवलले राष्ट्रलाई सुदृढ र सम्पन्न गर्न सक्दछ ।

प्रगतिशील, वैज्ञानिक र चेतनशील विचार बोकेका युवाहरूले विश्वमा जति पनि ठूला र व्यापक महत्वका सामाजिक परिवर्तन गर्न सकेका छन् ।

विश्व इतिहासमा हेर्ने हो भने त्यस्ता धेरै उदाहरण देख्न सकिन्छ । अमेरिकी कम्प्युटर कम्पनी माइक्रोसोफ्टका संस्थापक विल गेट्स पनि एउटा महत्त्वपूर्ण उदाहरण हुन् । उनको नवीन सोच, उच्च मनोवल, विज्ञानवादी विचार र दृढ संकल्पको कारण आज विश्वमा विज्ञान, कम्प्युटर र आधुनिक प्रविधिले चमत्कार गरिरहेको छ । उनको प्रविधिको प्रयोग र विकास गर्ने संकल्प, सोच र निरन्तरको लगनका कारण अमेरिकालाई समृद्ध र सम्पन्न बनाउन पनि उनको अग्रिणी भूमिका रह्यो भने त्यसको

बजार र व्यापार विस्तारले विश्वका मुलुक र समाजमा पनि अनेकौं सम्भावनाका ढोका खोल्ने कामको थालनी गर्न सकेको छ ।

मानव सभ्यता र संस्कृतिको उत्तराधिकारी र नवीनताका वर्तमान शताब्दिमा युवावर्गले ठूलो भूमिका खेल्न सक्दछन् । मुलुकको सामाजिक र सांस्कृतिक सम्पत्तिलाई सुरक्षा र संरक्षण गर्न युवाको भूमिका महत्त्वपूर्ण हुन्छ । विश्वका अनेक कालखण्ड र समयमा सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक परिर्वतनका क्षेत्रमा अनेकौं विचारक र युवाहरूले ठूलो भूमिका खेलेका छन् । पाकिस्तानी युवा-महिला अभियन्ता जसले नोबेल पुरस्कार पाएकी थिइन । मलाला युशुफजइ जसले मुश्लिम कट्टरता, अन्ध विश्वास र गैरसामाजिक सोचका विरूद्ध महिला शिक्षा तथा जागरणको ज्योति फैल्याउन पाकिस्तानको स्वात राज्यमा भूमिका खेलिन । त्यसको असर पाकिस्तानमा मात्र होइन विश्वमा त्यसले नयाँ उज्यालो र सकारात्मक सम्भावनाको किरण फिजाउन भूमिका खेल्यो । विश्वका सबै खालका पछौटे समाजको सुधार परिवर्तन गर्नमा त्यो सहयोगी र उदाहरणीय बन्यो ।

विश्वको नक्सामा मझौला भूगोल र क्षमताको मुलुक नेपालको प्राकृतिक, भौगोलिक, सांस्कृतिक तथा सामाजिक दृष्टिले अनेकौं सम्भावनाका ढोका खुल्ला रहेका देखिन्छन् । यस प्राकृतिक सम्पदा, विविधिता तथा मौसम आदिको दृष्टिले नेपाल सम्पन्न र प्रचुर सम्भावना भएको मुलुक हो । लोकतान्त्रिक गणतन्त्र र सार्वभौम मुलुक नेपालले अथाह सम्भावना बोकेको छ । शुक्ल पक्षको जुन जस्तो स्वतन्त्र र स्वाधीन इतिहास भएको नेपालमा प्रकृतिले सर्वश्व दिएको छ । यस्ता अथाह प्राकृतिक, जैविक र भौगोलिक स्रोत, साधन तथा सम्भावना हुँदाहुँदै पनि मुलुकले समृद्धिको मार्ग पहिल्याउन अझै सकेको छैन् । नेपालको समृद्धिमा विश्वमा शक्ति सम्पन्न अमेरिका र युरोपजस्ता मुलुकहरू तथा छिमेकी मुलुक चीन र भारतका प्रणाली, व्यवस्था, अवस्था र समृद्धिका सूत्रहरूको ज्ञान लिने हो तर खाली हिन भावना बोकेर तुलना गर्ने होइन । प्रत्येक मुलुकका आफ्नै क्षमता, आवश्यकता, अवस्था र हित आदि हुने भएकोले नेपालले पनि आफ्नै साधन, क्षमता र स्रोतबाट मूल्याङ्कन गरी समृद्धिको यात्रा तय गर्नु पर्दछ ।

आजका युवावर्गका प्रमुख समस्या र चुनौती युवा बेरोजगारी हो, सिर्जनात्मक सोचको कमी हो र देशप्रेमी भावनामा न्यूनता हो । त्यसको लागि हामी आफै सक्दछौं भन्ने भावना र धारणा जाग्नु र जगाउनु आजको मूल सवाल र चुनौती पनि हो । आफ्नो र

समाजको समृद्धिको लागि आफ्नै मुलुकका सम्भावनाहरूको व्यापक खोजी गरी उद्यम र कर्म मार्गमा लाग्ने हो भने मुलुकको समृद्धिको यात्रा तय हुन सक्ने कुरामा विश्वास गर्न सकिन्छ ।

स्वामी विवेकानन्दले भनेका थिए कुनै पनि विकास त्यो देशको युवा शक्तिले निर्धारण गर्दछ । अतः स्वामीले भने जस्तै नेपालको समृद्धिमा नेपाली युवाको अग्रिणी भूमिका छ । फिलिपिन्सका राष्ट्रवादी अभियन्ता जोसे प्रोटासियो रिजालको भनाई 'युवा हाम्रो भविष्यको आशा हो' भन्ने कुरालाई हामीले भुल्नु हुन्न । राष्ट्रिय समृद्धिको यात्रामा युवावर्गको दायित्व निर्वाह हुने र नहुने कुराले मुलुक र समाजको भविष्य गाँसिएको छ । समृद्धिको आशा र भरोसाको केन्द्रमा फेरि पनि युवावर्ग नै रहेका छन् । ♦♦

कविता

मान्छेको महिमा

✍ **डा. बमबहादुर थापा 'जिताली'**

आगो-पानी सँगालेका सम्झना छन् मनैभरि
वायु-आकाश, माटामा उम्रन्छन् फूल नौ थरी
मान्छेभित्र सुसाएको गण्डकी हुन्छ सुन्दर
कल्पनामा सुहाएको कविताझैं मनोहर ।

आगोमा फूलको कान्ति पानीमा ज्योति देख्छु म
मोतीको ज्योतिझैं नौलो गीतमा गति भेट्छु म
मुरली-तानमा हुन्छ संसारै सपनामय
भावनाका तरेलीमा मान्छेको शक्ति सञ्चय ।

पञ्चतइभ्व मिली मान्छे सृष्टिमा श्रेष्ठ बन्दछ
मान्छेजस्तै बनी मान्छे, मान्छे नै देव बन्दछ
सारङ्गीमा सजाएको गीतझैं लहराउँछ
भावनाले समेटेको लयमा ऊ हराउँछ ।

ऋतुराज बनी मान्छे फूलको सृष्टि गर्दछ
कविराज बनी आफैं फूलमा दृष्टि छर्दछ
वासन्ती-बासना चल्दा मौरीझैं-भुन्भुनाउँछ
र वीर रसमा खेल्दा हुरीझैं हुन्हुनाउँछ ।

शान्तिका बोटमा मान्छे चढेको स्वप्न देख्तछु
पानीका दहमा आफ्नै सक्कली रूप देख्तछु
कतै हर्ष, कतै त्रास, कतै छन् चिर सम्झना
मान्छे मुसुक्क हाँसेका देखिन्छन् भावव्यञ्जना ।

नवै रस मिसाएर वासन्ती रस-रागमा
रचूँ गीत भने नौलो सृष्टि हुन्छ परागमा
वसन्त-बैंस हो मान्छे स्रष्टा-द्रष्टा दुवै कला
मान्छेका महिमा बोल्छन् जहाँ छन् कोइली-गला ।

लघुकथा

आजकलको विवाह

✍ **उर्मिला पन्त पाण्डेय**

हर्के साउकी बुहारीको कोरोनाको कारण निधन भयो । सानो काखको बालो स्याहार्न र छोरालाई अर्की विवाह गर्न कन्या खोज्दा खोज्दा दोश्रो विवाह गर्न बेहुली पाउन पनि साह्रै गाह्रो परेकोमा बल्ल बल्ल गाउँको मुखियाका तीन छोरीहरू मध्ये जेठी छोरी दिन राजी भए साउको घरमा !

दोश्रो विवाह हो टामटुम पार्रौं भन्ने हर्के साउको दाउ थियो तर मुखियाकी छोरीको त पहिलो विवाह नै हो नि भनेर आखिर भ्याईं भ्याईं बाजा बजाएर नै जन्त लगे र विवाहको सबै रितीरिवाज पूरा गरियो र खुसीसाथ बिदाइको समय पनि आयो । दुलही अन्माउने समयमा बाजा बजिरहेको थियो बेहुलाका दाजुभाइ, साथीहरू सबै जन्तालुहरू आगनमा नाचगान गर्दै थिए ।

पहिलाको जमानामा त बेहुला बेहुली नाच्दैनथे तर आजकल त सबै नाच्ने गर्छन् । त्यसै अवसरमा बेहुला पनि मच्ची मच्ची रेडियोमा सुनेको र टिभीको गीत जस्तै गरी ,

"कहिले गोरी मन पऱ्यो,
कहिले काली मन पऱ्यो,
ससुराली टेकेपछि साली मन पऱ्यो !
ए ससुरा बा,
मलाई साली मन पऱ्यो !" भन्दै उफ्रन थाल्दा सबैले "वाह...! वाह..!!" गर्दै हौस्याए र बेहुलाको बाबु हर्के साउले पनि हो मा हो गर्दै "मर्दीकि त दशवटी हुन्छन्" आदि ईत्यादि बात मारेको घुम्टोमा सजिएकी दुलहीले सुनि रहेकी थिइन् तर उनलाई नरमाइलो लागिरहेको थियो ।

बेहुलाको घर पुगेपछि पनि त्यसै गरी आगनमा नाचगान सुरू भयो अचानक घुम्टो खोलेर बेहुलीले पनि एक्कासी,

"कहिले रबर मन पऱ्यो,
कहिले खबर मन पऱ्यो,
घरको दैलो टेकेपछि
देवर मन पऱ्यो ! ए ससुरा बा !
मलाई देवर मन पऱ्यो ....!!!" ♦

इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३८ साल अङ्क, २ को **विशेषांक पुलिस प्रकाशनमा** प्रकाशित **प्र.नि.नारायण चन्द ठकुरीद्वारा लिखित 'अपराध अनुसन्धानमा केरकारको महत्त्व र केही आवश्यक जानकारी'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।

– ***सम्पादक***

देशमा शान्ति सुरक्षा, अमन चयन कायम राखी स्वस्थ समाजको स्थापना गर्ने उद्देश्यले संविधान खडा गरी आर्काको हकको हनन नगरी आफ्नो अधिकार प्रयोग गर्न सकुन् भन्ने उद्देश्यले राज्यमा कानूनको व्यवस्था गरिएको हुन्छ । कानूनले राम्रो, सुखी समाज श्रृजना गर्ने लक्ष्य राखेको हुन्छ । त्यस लक्ष्यलाई पूरा गर्न र कानूनको पालना गराइ समाजको सुरक्षाको लागि एउटा संगठनात्मक प्रहरी संस्था खडा गरेको हुन्छ । जस्ले कानूनको विपरीत कार्य गर्न नदिने तथा ती कानूनको पालना गराउने काम गर्दछ । परन्तु आर्थिक प्रलोभन, इर्ष्या, शंका, घृणा, अतृप्त ईच्छा पूर्तिको कामना आदि विविध कारणहरूबाट मानिस प्रचलित कानूनको उल्लंघन गरी अपराध कार्य गर्दछन् । यसवेला अपराध अनुसन्धानको दायित्व प्रहरी माथि पर्न आउँछ ।

अपराध अनुसन्धान गर्दा अपनाइने मुख्य तीन प्रणाली (१) वैज्ञानिक उपकरणको प्रयोग (Instrumentation) (२) केरकार (Interrogation) र (३) जानकारी (Information) मध्य केरकारको पनि प्रमुख भूमिका हुन्छ । अपराध अनुसन्धानको सिलसिलामा कहिले कहीं अनुसन्धानकर्ताले घटना-स्थलबाट कुनै पनि सबूद प्रमाणहरू फेला नपार्न पनि सक्छ । त्यस अवस्थामा उसले विभिन्न व्यक्तिहरूसँग सोधपूछ र केरकार गर्नु पर्ने आवश्यकता पर्छ ।

केरकार भनेको के हो ?

साधरण र छोटो शब्दमा भन्ने हो भने केरकार भनेको प्रश्न सोधी उत्तर लिने कार्य हो । यसमा केरकारकर्ता र व्यक्तिको बीच वैचारिक द्वन्द्वता पनि पर्न आउँछ । साधरणतया हामीले सोधपूछ र केरकारलाई एउटै दृष्टिकोणबाट हेर्छौं तर यसमा केही विभिन्नता पाइन्छ । सोधपूछ भन्दा हाम्रो पूर्व धारणा के रहन्छ भने सोधपूछ गरिने व्यक्तिले सोधिएको कुराको सजिलैसँग जबाफ दिन्छ । उसले केही पनि प्रतिरोध गर्दैन ।

रमेशः- म त विद्यालय जान्न आमा।
आमाः- किन बाबु पढ्न मन लाग्दैन ?
रमेशः- हैन आमा, सरलाई केही आउदैन। सबै प्रश्नको उत्तर मसँग सोध्नु हुन्छ त्यसैले।

♦ ♦ ♦

सरको बोली र गालीले वाक्क भएको हरिले आफ्नो बुबालाई भनेछ-

हरिः- बुबा मलाई त सरले जहिले पनि गधा-गधा भन्नुहुन्छ ।
बुबाः- (सामान्य पारामा) हेर छोरा, मलाई पनि पहिला स्कुलमा सरले गधा नै भन्नुहुन्थ्यो ।
हरिः- (झसङ्ग हुँदै) हँ ! मेरो बुबा नै गधा हुनुहुँदो रहेछ र पो मलाई पनि सरले गधा भन्नु हुँदो रहेछ ।

♦ ♦ ♦

एक जना ग्राहक एउटा हेटलमा पसि सोधेछ-

ग्राहकः- साहुजी, चिया पाइन्छ ?
साहुः- तातो दिउँकी चिसो ?
ग्राहकः- तातो कति र चिसो कति पर्छ ?
साहुः- तातो १० रूपैयाँ गिलास र चिसोको २० रूपैयाँ पर्छ ।
ग्राहकः- त्यसो भए तातो नै दिनुस न त । एक कप चिया लिएर ग्राहकले छिटो छिटो मुख पोल्दै खाएको देखेर-
साहुः- किन आत्तिनु भएको ? आरामसँग पिउनोस न ।
ग्राहकः- (मनमनै) कति बाठो साहु रहेछ चिया चिसो भए २० रूपैयाँ ठटाउला भनेर होला ।

संकलनः- प्र.स.नि.शरणजंग भण्डारी

नेपाल प्रहरी सम्बन्धी केही जानकारीहरू

➲वि.सं. २०५८ सालमा केन्द्रीय प्रहरी विशेष कार्यदलको स्थापना भएको थियो ।
➲वि.सं. २०५९ सालमा नेपाल प्रहरी मानव अधिकार उल्लङ्घन अनुगमन इकाईको स्थापना भएको थियो ।
➲ वि.सं. २०८० सालमा नेपाल प्रहरी केनाईन कार्यालय, महाराजगंजमा महिला प्रहरी ब्यारेक भवनको उद्घाटन भएको थियो ।
➲ वि.सं. २०८० सालमा इन्टरपोलको ९१औं महासभामा इन्टरपोलद्वारा आयोजित Interpol 100 Global Video contest for Young police leaders प्रतियोगितामा नेपाल सर्वोत्कृष्ट भएको थियो ।

संकलनःप्र.व.ना.नि.संगीता कार्की

सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू

पुनरावेदक/प्रतिवादी लालबहादुर भुजेल विरूद्ध शकुन्तला कार्कीको जाहेरीले वादी नेपाल सरकार, मुद्दाः कर्तव्य ज्यान (ने.का.प.२०७९, अंक १, निर्णय नं.१०८१०) "मृत्युकालीन घोषणा मानिसले आफू मर्नुअघि होस छँदै व्यक्त गरेको कथन (statement) हो । यस्तो कथन (statement) लिपिबद्ध हुन पनि सक्छ र नहुन पनि सक्छ तर निजले भनेको बेहोरा सुन्ने व्यक्तिले अदालतमा साक्षीका रूपमा उपस्थित भएमा प्रमाणका रूपमा लिन मिल्ने हुन्छ । यो hearsay is not an evidence भन्ने प्रमाण कानूनको अपवादको रूपमा महत्त्वपूर्ण प्रमाणमा ग्रहण गर्नुपर्ने आधार भनेको roman maxim "Nemo moriturus praesumitur mentire" हो जसको अर्थ a man will not meet his maker with a lie in his mouth हो, यसै कारणले नै मृत्युकालीन घोषणालाई प्रमाणका रूपमा लिइनुपर्छ भन्ने विधायिकाको मनसाय देखिने । कुनै पनि घटनाको प्रत्यक्षदर्शी भनेको नै पीडित व्यक्ति स्वयम् हुने हुनाले निजले व्यक्त गरेको कुरालाई सुन्ने, लेख्ने व्यक्तिले अदालतसमक्ष आई बकपत्र गरेमा र उक्त मृत्युकालीन घोषणा अरू प्रमाणहरूले समर्थन (corroborate) गरेमा उक्त कथन (statement) लाई निर्णायिक प्रमाणका रूपमा लिइनुपर्ने ।

पुनरावेदक/प्रतिवादी सपुर धामी विरूद्ध खड्क शाहीको जाहेरीले नेपाल सरकार, मुद्दा कर्तव्य ज्यान (ने.का.प.२०७९, अंक १, निर्णय नं.१०८१२) "पोलिग्राफ परीक्षण प्रतिवेदन कुनै भरपर्दो प्रमाण होइन, पोलिग्राफ परीक्षण पद्धतिलाई वैज्ञानिक रूपमा भरपर्दो र विश्वसनीय तुल्याउने कानूनी आधारहरू तयार भएको अवस्था पनि देखिँदैन, यस प्रकारको परीक्षणलाई न्यायिक मान्यता प्रदान गर्दा व्यक्तिका केही मौलिक हक अधिकारमा आघात पर्न सक्ने सम्भावनासमेत रहेको देखिन्छ, यस प्रकारको परीक्षणले अभियोग प्रमाणित वा खण्डित गर्न कुनै खास तार्किक आधारसमेत प्रदान गर्ने देखिँदैन, पोलिग्राफ परीक्षणबाट अनुसन्धानकर्ताको कार्यमा केही सहजीकरण प्राप्त हुन सक्ने भए पनि यसले मुद्दाको सिलसिलामा आरोपित कसुर ठहर गर्न उपयोगी हुने सम्बद्ध प्रमाणको स्थान ग्रहण गर्न नसक्ने । तसर्थ पोलिग्राफ परीक्षण प्रतिवेदनलाई कुनै कसुरको अभियोग दाबी ठहर गर्ने प्रयोजनका लागि प्रमाणमा ग्रहण गर्न नमिल्ने ।

संकलनःप्र.नि.सुरेश कुमार हायु